# लेखापरीक्षण प्रतिवेदन

## विराटनगर महानगरपालिका, मोरङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# विराटनगर महानगरपालिका, मोरङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/82

श्रीमान् नगरप्रमुखज्यू,

विराटनगर महानगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, मोरङ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/82

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्रीमान नगरप्रमुखज्यू,

विराटनगर महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

मोरङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस महानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. महानगरपालिकाको आय तथा व्ययतर्फ रू. ४ अर्ब ६३ करोड ३५ लाख ८१ हजार लेखापरीक्षण गरि रु. ११ करोड २६ लाख ३३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ३ करोड ९२ लाख ०४ हजार सम्परीक्षण भई रू. ६८ लाख १० प्रतिकृयाबाट थप भएपश्चात असुल गर्नुपर्ने रु. ४७ लाख १२ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५ करोड ३३ लाख ३१ हजार र नियमित गर्नुपर्ने रु. २ करोड २१ लाख ९६ हजार गरी जम्मा रु. ८ करोड २ लाख ३९ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ३१ करोड ५२ लाख ८८ हजार मध्ये रु. १ करोड ६८ लाख ४३ हजार सम्परीक्षण भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. ३७ करोड ८६ लाख ८४ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत महानगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ११२ | ३३३ | ११,२६,३३,६०७ | ० | ८८ | ३,९२,०४,५८४ | ६८,१०,२४६ | ११२ | २४५ | ८,०२,३९,२६९ | ४७,१२,६१६ | २,२१,९५,९६४ | ५,३३,३०,६८९ | ० | ० | ७,५५,२६,६५३ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ | ३१,५२,८८,४८५ | ० | १,६८,४३,२०४ | २९,८४,४५,२७७ | ० | ८,०२,३९,२६९ | ३७,८६,८४,५४६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | १२६ | स्वीकृत नर्म्सको प्रयोग - | १,३६,२०० |
| २ | २०८१/८२ | १११ | स्वास्थ्य सामग्रीको अभिलेख - | ६,१५,५०० |
| ३ | २०८१/८२ | ७६ | सामुदायिक सिकाइ केन्द्रः | ८,८१,६८६ |
| ४ | २०८१/८२ | ११६ | सामाजिक सुरक्षा | २,८१,६३४ |
| ५ | २०८१/८२ | ६२ | संयोजक र प्रतिवेदन भत्ता – | ७,५०० |
| ६ | २०८१/८२ | १०८ | शिक्षा तर्फ | १७,१२,३५० |
| ७ | २०८१/८२ | १०२ | विद्युतीय सामग्री जडान- | १,३१,९०,६२६ |
| ८ | २०८१/८२ | ७१ | विद्यालय जिन्सी दाखिला | १८,१६,००० |
| ९ | २०८१/८२ | १३४ | वडा नं ३ | ९,९७४ |

| | | | | |
|---|---|---|---|---|
| १० | २०८१/८२ | ५६ | वडा कार्यालयहरुबाट राजश्व संकलन- | १४,५५,३२१ |
| ११ | २०८१/८२ | १०५ | लागत साझेदारी रकम - | ४,९०,२८८ |
| १२ | २०८१/८२ | ५७.४ | राजश्व तर्फ- | १४,९०,९२२ |
| १३ | २०८१/८२ | ७४ | भिडियो डकुमेन्ट्री निर्माण – | १६,९५,४८८ |
| १४ | २०८१/८२ | ५८ | बैठक भत्ता - | १६,३२० |
| १५ | २०८१/८२ | ५ | बैङ्क हिसाब विवरण - | ९,१८,८१५ |
| १६ | २०८१/८२ | ७५ | बढी भुक्तानी - | ३,२०० |
| १७ | २०८१/८२ | ६७ | फोहोरपानी प्रशोधन तथा ढल व्यवस्थापन केन्द्र संचालन तथा व्यवस्थापन - | २२,४१,०८९ |
| १८ | २०८१/८२ | ११८ | प्रमाण, कागज बेगर पेश्की फछ्यौट - | १०,००,००० |
| १९ | २०८१/८२ | ११४ | निजी स्वास्थ्य संस्थाको अनुगमन – | ४७,१७४ |
| २० | २०८१/८२ | ६८ | दोहोरो भुक्तानी - | ३५,००० |
| २१ | २०८१/८२ | ९३ | तराई मधेश समृद्धि कार्यक्रम- | ३५,४७,६२१ |
| २२ | २०८१/८२ | ८४.२ | कागजात संलग्न नहेको- | ६,२६,१५१ |
| २३ | २०८१/८२ | ७९ | कर्मचारीको व्यक्तिगत विवरण डिजिटाइजेसन - | १,२९,८८८ |
| २४ | २०८१/८२ | ६० | करकट्टी - | २१,४११ |
| २५ | २०८१/८२ | ९८ | उपभोक्ता समितिको रकम व्यक्तिलाई भुक्तानी- | ६८,१०,२४६ |
| २६ | २०८१/८२ | १४५ | आन्तरिक लेखापरीक्षणबाट कायम भएका बेरुजु- | २४,१८० |
| २७ | २०८०/८१ | ७७ | स्वीकृत दरभन्दा बढी दरले भुक्तानी | ४,२५,४५१ |
| २८ | २०८०/८१ | १०६ | सामाजिक सुरक्षातर्फ | ६३,५५० |
| २९ | २०८०/८१ | ६६ | शिक्षातर्फ | ७,०९,००० |
| ३० | २०८०/८१ | ११५ | वडा नं.८ | २,६७० |
| ३१ | २०८०/८१ | ११२ | वडा नं.५ | ८,४१५ |
| ३२ | २०८०/८१ | १११ | वडा नं.४ | ९,६६२ |
| ३३ | २०८०/८१ | ११० | वडा नं.३ | ८,७७८ |
| ३४ | २०८०/८१ | १२४ | वडा नं.१६ | ३,२०४ |
| ३५ | २०८०/८१ | १२१ | वडा नं.१३ | ७,३९,३३५ |
| ३६ | २०८०/८१ | १२० | वडा नं.१२ | ९,५१० |
| ३७ | २०८०/८१ | ११८ | वडा नं.११ | ३,४३,८२५ |

| | | | | |
|---|---|---|---|---|
| ३८ | २०८०/८१ | ४८ | बैठक भत्ता भुक्तानी | ४,२५० |
| ३९ | २०८०/८१ | १०० | बिमा रकम बढी भुक्तानी | ७,२१४ |
| ४० | २०८०/८१ | ५१ | बिद्युत महशुलमा हर्जना भुक्तानी | ४९,६५८ |
| ४१ | २०८०/८१ | ९६ | प्रोग्राम अपडेट | ५,७५,००० |
| ४२ | २०८०/८१ | ८४ | प्रमाण वेगर खर्च | ३,१०,००० |
| ४३ | २०८०/८१ | १०१ | ठेक्का नं.BMC/MOR/NCB/W-65/2079/080 | ९५,९५९ |
| ४४ | २०८०/८१ | ७९ | ठेक्का नं. BMC।MOR।NCB।W-15।2079।080 | २०,२६९ |
| ४५ | २०८०/८१ | ८२.३ | ठेक्का नं. BMC।MOR।NCB।W-06।2076।077 | २,००,००० |
| ४६ | २०८०/८१ | ७६ | घटी कर कट्टा | ६,६३१ |
| ४७ | २०८०/८१ | ७३ | किशुनजी मार्ग ढल तथा नाला निर्माण | १,२५,०५९ |
| ४८ | २०७९/८० | ७९ | सेनिटरी प्याडः | ५,०२,७४८ |
| ४९ | २०७९/८० | ९९.२ | सुशिल कोईराला फाउण्डेसन | ९,९९,२६८ |
| ५० | २०७९/८० | ७४ | मूल्य अभिवृद्धि कर भुक्तानीः | ३४,५१३ |
| ५१ | २०७९/८० | २२ | पेश्की बाँकी विवरणः | ५,८५,५८८ |
| ५२ | २०७९/८० | ६२ | नन् फाइलर | २,३०,०८९ |
| ५३ | २०७९/८० | ८६ | छात्रवृत्ती भुक्तानीः | ३४,४०० |
| ५४ | २०७९/८० | १०८.४ | कार्यालय मर्मत तथा रिनोभेसन | ३६,९९८ |
| ५५ | २०७९/८० | ८५ | करार शिक्षकलाई थप सुविधाः | २४,६१५ |
| ५६ | २०७९/८० | ११४ | आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा देखिएको वेरुजुका व्यहोराहरुः | ८२,७४८ |
| ५७ | २०७९/८० | ५३ | अवकाश भुक्तानीमा कर कट्टी | २४,७७१ |
| ५८ | २०७८/७९ | ७४ | सिपमुलक तालिम | १,४३,०२० |
| ५९ | २०७८/७९ | ७० | शिक्षण सिकाई सामाग्रि अनुदान | २,९६,०३५ |
| ६० | २०७८/७९ | ८३ | मनोरञ्जन कर | ४,१५,००० |
| ६१ | २०७८/७९ | ११५ | भेरिएसन स्वीकृत परिमाण भन्दा बढी परिमाणको भुक्तानी | १०,७९,५१५ |
| ६२ | २०७८/७९ | ११६ | फर्माको काममा बढी भुक्तानि | २,३९,१५२ |
| ६३ | २०७८/७९ | ३५ | पेश्की बाँकी | १०,००० |
| ६४ | २०७८/७९ | ५७ | पारिश्रमिक कर | २९,९९४ |
| ६५ | २०७८/७९ | ४६ | परामर्श सेवा | १४,४६,९६० |

| | | | | |
|---|---|---|---|---|
| ६६ | २०७८/७९ | १०२ | पदाधिकारी अनुगमन भत्ता | २१,४७५ |
| ६७ | २०७८/७९ | ३३ | धरौटी फिर्ता | ७,५२,८१७ |
| ६८ | २०७८/७९ | ९२ | जिन्सी दाखिला | ४,९४,९४० |
| ६९ | २०७८/७९ | १०३ | कर्मचारी बैठक भत्ता | १०,२०० |
| ७० | २०७८/७९ | ४० | आन्तरिक लेखापरीक्षण तर्फ | १३,३४,५४९ |
| ७१ | २०७७/७८ | १७२ | संस्थाको कर विजक पेश नभएको | ३८,३१२ |
| ७२ | २०७७/७८ | १९७ | सम्परीक्षणबाट कायम बेरुजु | १,०४,३९३ |
| ७३ | २०७७/७८ | ५४ | वैठक भत्ता | ७,६५० |
| ७४ | २०७७/७८ | ५३ | विषयगत समितीको वैठक भत्ता | १३,९४० |
| ७५ | २०७७/७८ | १५० | विराटनगर महानगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन | ४,०६,२३० |
| ७६ | २०७७/७८ | ४८ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १०,००० |
| ७७ | २०७७/७८ | १९५ | वातावरणविदलाई भुक्तानी | ६०,००० |
| ७८ | २०७७/७८ | १५२ | वढि भुक्तानी | ४०,८३८ |
| ७९ | २०७७/७८ | ५५ | योजना अनुगमन भत्ता | १,४६,२०० |
| ८० | २०७७/७८ | २४ | पेश्की बाँकी | १,८९,३१३ |
| ८१ | २०७७/७८ | ८१ | नन्फाइलर | २,१३,१९१ |
| ८२ | २०७७/७८ | १७६ | नगरपालिका सेवा शुल्क | २३,८६३ |
| ८३ | २०७७/७८ | ९७ | ज्येष्ठ नागरिक भवन वडा नं ११ | २,१६,९८८ |
| ८४ | २०७७/७८ | ५६ | छात्रवृत्ति | १७,६०० |
| ८५ | २०७७/७८ | १५८ | खर्चको पुष्टयाइ | २३,४६,४०६ |
| ८६ | २०७७/७८ | | आन्तरीक लेखापरीक्षण | ७,६४,१०२ |
| ८७ | २०७७/७८ | १७५ | अग्रिम कर | ७,३४३ |
| जम्मा | | | | ५,६३,५७,७८८ |

# विराटनगर महानगरपालिका, मोरङ

# ( ८०११३२०१३०० )

# बिराटनगर महानगरपालिका , मोरङ

# परिचय

१

**(क) महानगरपालिकाको परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले विराटनगर महानगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु महानगरपालिकाको उद्देश्य रहेको छ । विराटनगर महानगरपालिका अन्तर्गत १९ वडा, १०० सभा सदस्य, ७६.९९ वर्ग किलोमिटर क्षेत्रफल तथा २,१४,६६३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।१७ देखि २०८२।११।४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ ।साथै मिति २०८२।७।२७ गतेको जिल्ला प्रहरी कार्यालय मोरङ्गको च.न.६७२१ को मुचुल्का अनुसार मिति २०८२ भाद्र २४ गतेको आगजनीका कारण पालिका परिसर एवं भुईतल्लामा रहेका सम्पती तथा जिन्सी र राजश्व तथा ठेक्कासँग सम्बन्धित मुचुल्कामा उल्लिखित कागजातहरु जलेको कारण लेखापरीक्षणमा पेश हुन सकेन । साथै वडा नं. ४,५,६,७,११ र १२ नम्वरको वडा कार्यालयसमेत मिति २०८२ भाद्र २४ गतेको आगजनी तथा तोडफोड भई श्रेस्ता तथा अन्य जिन्सी सामाग्रीहरु नष्ट भएको मुचुल्का पेश भएकोले स्थलगत लेखापरीक्षण हुन सकेन । पालिकाको आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको

रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** महानगरपालिकाको आय र व्ययतर्फ गरी जम्मा रु.४ अर्व ६३ करोड ३५ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७६७५६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | राजश्व असुली (वडा नं २) | ७६७५६ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिबेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६.(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले वर्षभरि गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम एवं अन्तरसरकारी अख्तियारी मार्फत् खर्च भएका कारोवार सुत्रमा लेखाङ्कन गरेको देखिदैन । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) देहायअनुसार रहेको छ:-

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गतवर्षको जिम्मेवारी** | **२३८४४७३७७.९८** | १ | **चालु खर्च** | **१४४५७९८७५०.८९** |
| | क) स्थानीय संचित कोष खाता | १२२९९४४९५.५८ | | विराटनगर महानगर कार्यपालिका | ७५८९४०१४२.०१ |
| | ख) धरौटी खाता | ६२९९७४२६.८२ | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ६७६०४२३६८.८८ |
| | ग) विविध खर्च खाता | ५८३३६६.७६ | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | १०८१६२४०. |
| | घ) विविध कोष खाता | ३५५९९११४.८९ | २ | **पुँजीगतखर्च** | **७६०६५३९०३.८** |
| | ङ) प्रकोप व्यावस्थापन कोष | १०११७८२८.४३ | | विराटनगर महानगर कार्यपालिका | ६५८९०८८३२.८ |
| | च) विभाज्य कोष खाता | ५६८८९३३.६ | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ६९५३६७९९. |
| | छ) आन्तरिक राजश्व खाता | ४६६२११.९ | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ३२२०८२७२. |
| २ | **राजश्व आय** | **११६६९९४८३७.८७** | ३ | **वित्तीयव्यवस्थापन खर्च** | **५०१३२४७०.९२** |
| | क) आन्तरिकराजस्व | ६१२२४७५८८.९ | | ऋण सहयोगको व्याज फिर्ता | ५०१३२४७०.९२ |
| | ख) राजस्व बाँडफाँडबाट प्राप्त (संघीय प्रदेश र स्थानीय) | ५५४७४७२४८.९७ | ४ | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **७४६९१३०९२.५** |
| ३ | **संघसरकारबाट हस्तान्तरण** | **१०४५२६७३२७.८८** | | क. सामाजिक सुरक्षा तथा संरक्षण | ६९२९५७१४७. |
| | क. वित्तीय समानीकरण अनुदान | २९९६८८१६०. | | ख.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५२२२०००५.५ |
| | ख. ससर्तअनुदान चालु | ६५१०४२३६८.८८ | | ग. गरिवसँग विश्वेश्वर कार्यक्रम | १२८७७४१. |
| | ग. ससर्त अनुदान पुँजीगत | ४८७७९९४५. | | घ. सामाजिकविकास कार्यक्रम | ४४८१९९. |
| | घ. विशेषअनुदान चालु | २५०००००० | ५ | कार्यसञ्चालनकोष | १६३१२४१८.६६ |
| | ड. विशेष अनुदान पुँजीगत | १६२३३०००. | | क) विविध खर्च खाता | ४१६३५०२. |
| | च. सम पुरकअनुदान | ४५२३८५४. | | ख) विविध कोष खाता | ११७३४८००.६६ |
| ४ | **प्रदेशसरकारबाट हस्तान्तरण** | **६७९५३५१२.** | | ग) प्रकोप व्यावस्थापन कोष | ४१४११६. |
| | क. वित्तीयसमानीकरण अनुदान | २४९२९०००. | ६ | **धरौटीफिर्ता** | **२२१००४०२.८४** |
| | ख. ससर्तअनुदान चालु | १०८१६२४०. | ७ | **विभाज्य कोषको बाँडफाँड** | **१६३०२३१७.९९** |
| | ग. ससर्त अनुदान पुँजीगत | १९७४५५८३. | ८ | **मौज्दात रकम (स्रेस्ता अनुसार)** | **२७०५८४९६७.७८** |
| | घ. सम पुरकअनुदान | १२४६२६८९. | | क) स्थानीय संचित कोष खाता | १४९९०२०५१.७२ |
| ५ | **अन्य** | **३२७७००४.** | | ख) धरौटी खाता | ६८८९०६११.५३ |
| | क) सडकबोर्ड नेपाल | २२५२०२६. | | ग) विविध खर्च खाता | १०७२३८८.५९ |
| | ख)युएनएफपिए आइपास | १०२४९७८. | | घ) विविध कोष खाता | ४०५४९९९१.६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | अन्तरसरकारी वित्तीय हस्तान्तरण | ७४६९१३०९२.५ | | ङ) प्रकोप व्यावस्थापन कोष | ९७०३७१२.४३ |
| | क. सामाजिक सुरक्षा तथा संरक्षण | ६९२९५७१४७. | | च) आन्तरिक राजश्व खाता | ४६६२११.९ |
| | ख.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५२२२०००५.५ | | | |
| | ग. घरेलुतथा साना उद्योग प्रर्वद्धन केन्द्र | १२८७७४१. | | | |
| | घ.विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर) | ४४८१९९. | | | |
| ७ | विभिन्नकोषतर्फको आय | ५९९४५१७३.१५ | | | |
| | क) विविधखर्च खाता | ४६५२५२३.८३ | | | |
| | ख) विविधकोष खाता | १६६८५६७७.३८ | | | |
| | ग) प्रकोपव्यावस्थापन कोष | | | | |
| | घ) धरौटी आय | २७९९३५८७.५५ | | | |
| | ङ) विभाज्य कोष | १०६१३३८४.३९ | | | |
| | जम्माः | ३३२८७९८३२५.३८ | | जम्माः | ३३२८७९८३२५.३८ |

३ **सुत्र प्रणालीमा प्रविष्ट नभएका कोषहरु -**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।१०।८ को परिपत्र अनुसार स्थानीय तहले आफ्नो सम्पुर्ण विनियोजन, खर्च, राजस्व, धरौटी तथा कार्य सञ्चालन कोषहरुको लेखाङ्कन तथा प्रतिवेदन गर्न सुत्र प्रणाली अनिवार्य रुपमा लागू गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले देहाय अनुसारका कोषहरु सुत्र प्रणालीमा आवद्ध गरी लेखाङ्कन तथा प्रतिवेदन गरेको देखिएन । पालिकाले आफ्नो सम्पूर्ण कोषहरुको कारोवारलाई सुत्र प्रणालीमा प्रविष्ट गरी आम्दानी तथा खर्चको लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्दछ ।

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत आ.व.कोमौज्दात** | **२१३६९८.६४** | १ | **खर्च तथाभुक्तानी** | **0.00** |
| | इटहरी | २०००.०० | | | |
| | शतवार्षिकोत्सव | २०४९०९.४३ | २ | **मौज्दात** | **२१३७१०.९८** |
| | तारणी प्र.कोइराला संचारग्राम | ६७८९.२१ | | इटहरी | २०००.०० |
| २ | **यस वर्षकोप्राप्ती** | **१२.३४** | | शतवार्षिकोत्सव | २०४९०९.४३ |
| | तारणी प्र.कोइराला संचारग्राम | १२.३४ | | तारणी प्र.कोइराला संचारग्राम | ६८०१.५५ |
| | **जम्मा** | **२१३७१०.९८** | | **जम्मा** | **२१३७१०.९८** |

४ **त्रैमासिक पुँजीगत खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । महानगरले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.सं | बजेट शीर्षक उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथोत्रैमासिक |
| १ | विराटनगर महानगर कार्यपालिका | ६५८९०८८३२.८ | ८०७३६९४५ | ७६२४३१६१.०६ | १५३२८४४७७.११ | ३४८६४४२४९ |
| २ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ६९५३६७९९ | ८०००००० | ३५१२०६१ | १२०३१२४० | ४५९९३४९८ |
| ३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ३२२०८२७२ | ० | ३७९०६४ | ३३५५८३४ | २८४७३३७४ |
| जम्मा | | ७६०६५३९०३.८ | ८८७३६९४५ | ८०१३४२८६.०६ | १६८६७१५५१.११ | ४२३११११२१ |
| प्रतिशत | | १०० | ११.६७ | १०.५३ | २२.१७ | ५५.६२ |

उपयुक्त तालिका बमोजिम पालिकाले पुँजीगततर्फ रू.७६०६५३९०३.८ खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.८८७३६९४५ (११.६७ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.८०१३४२८६.०६(१०.५३ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.१६८६७१५५१.११(२२.१७ प्रतिशत) र चौथो त्रैमासिकमा रू.४२३११११२१.६३ (५५.६२ प्रतिशत) खर्च गरेको देखिएको छ । त्यस्तै आषाढ महिनामा मात्र रू.२४९६७३४१५.३६ अर्थात ३२.८२ प्रतिशत खर्च देखिनुले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

५ **बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कनगर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७०) को टिप्पणी ६.३ तयार गरी हिसाब भिडान गर्नुपर्दछ।पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार रू. २७०५८४९६७.७८ र बैङ्क अनुसार मौज्दात रू. २७६५३५२७१.७८ देखियो।जसमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको देखिन्छ ।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाँकी रु | बैंक अनुसार बाँकी रु | फरक |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ४६६२११.९० | ४२१७५८६.६९ | ३७५१३७४.७९ |
| ग १.२, बाँडफाँटबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० | ० |
| ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ० |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ० |
| ग २.६, वित्तीय खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ० |
| ग २.७, विविध खर्च खाता | १०७२३८८.५९ | १०७२३८८.५९ | ० |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ६८८९०६११.५३ | ७१८३६९७६.८४ | २९४६३६५.३१ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १४९९०२०५१.७२ | १४९०९८६८९.९४ | -८०३३६१.७८ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ३९६३११७६.६१ | ३९६४३३४१.६१ | १२१६५ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ९१८८१५.०० | | -९१८८१५ |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ०.०० | ९६२५७५.६८ | ९६२५७५.६८ |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ९७०३७१२.४३ | ९७०३७१२.४३ | ० |
| जम्मा | २७०५८४९६७.७८ | २७६५३५२७१.७८ | |

खातागत मौज्दात परीक्षण गर्दा स्थानीय तह सञ्चित कोष खाताको श्रेस्ताभन्दा बैंक मौज्दात रु. ८०३३६१.७८ घटी देखिएकोमा महानगरपालिकाले स्थानीय तह सञ्चित कोष खातामा बैंक मौज्जाद कम देखिनुको कारणमा मिति २०८२ श्रावण २ गते खातामा जम्मा भई बैंक दाखिला हुन बाँकी रकम रु.९२३५५८ दाखिला भएकोले अगिल्लो आ.ब. २०८१/८२ मा श्रेस्ता भन्दा बैंक कम देखिएको जनाएको छ ।जुन सुत्र प्रणालीबाट हेर्दा समेत सोहि देखिन्छ ।साथै महानगरको चालु खर्च खाता हि.न.३०१६ को मौज्दात वापतको रकम रु.१०५३२.८०सञ्चित कोषमा ट्रान्सफर भई आम्दानी बाधेकोमा सो रकम वास्तविक नभएकोले सञ्चित कोषमा उक्त रकम हिसाव मिलान गर्नुपर्दछ । हिसाव मिलान गर्नुपर्ने भनी विगत वर्षको लेखापरीक्षणको क्रममा समेत औल्याएकोमा हालसम्म हिसाव मिलान गरेको नदेखिएकोले हिसाव मिलान गर्नेतर्फ पालिका जिम्वेवार बन्नुपर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **९१८,८१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

## ६ क्षेत्रगत बजेट र खर्चको स्थिति-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

| क्र.सं. | क्षेत्र/ उप क्षेत्र | **विनियोजन** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६०८९३०००.०० | ३४७२२९५१.०० | १.५४ |
| २ | सामाजिक विकास | ११३३५८२०००.०० | ९०५७१७३५२.१९ | ४०.१४ |
| ३ | पूर्वाधार विकास | १४६७३९२३००.०० | ६७५७७९३४१.३० | २९.९५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७६४६५०००.०० | ४१०५२६८८.२० | १.८२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७६४७५३७००.०० | ५९९३८२७९२.९२ | २६.५६ |
| कुल जम्मा | | ३५०३०८६०००.०० | २२५६६५५१२५.६१ | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४०.१४ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी १.५४ प्रतिशत खर्च रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी स्वीकृत बजेट शिर्षकमा पर्ने गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

७ **अनुदान फिर्ता** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय/प्रदेश ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरि खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको पाइयो।

| क्र.सं. | निकाय | अनुदान | प्राप्त रकम रु | खर्च भएको रु | बाँकी रु | फिर्ता गरेको रु |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | सशर्त अनुदान चालु | ७१९३६६०००.०० | ६५१०४२३६८.८८ | ६८३२३६३१.१२ | ६८३२३६३१.१२ |
| | | सशर्त अनुदान पुँजीगत | ८७६६९०००.०० | ४८७७९९४५.०० | ३८८८९०५५.०० | ३८८८९०५५.०० |
| | | विषेश अनुदान चालु | २६९५००००.०० | २५०००००.०० | १९५००००.०० | १९५००००.०० |
| | | विषेश अनुदान पुँजीगत | ३२००००००.०० | १६२३३०००.०० | १५७६७०००.०० | १५७६७०००.०० |
| | | समपुरक अनुदान पुँजीगत | ४६०००००.०० | ४५२३८५४.०० | ७६१४६.०० | ७६१४६.०० |
| २ | प्रदेश सरकार | सशर्त अनुदान चालु | ११५४३०००.०० | १०८१६२४०.०० | ७२६७६०.०० | ७२६७६०.०० |
| | | सशर्त अनुदान पुँजीगत | ३०८६५०००.०० | १९७४५५८३.०० | १११९४१७.०० | १११९४१७.०० |
| | | समपुरक अनुदान पुँजीगत | २००००००००.०० | १२४६२६८९.०० | ७५३७३११.०० | ७५३७३११.०० |
| जम्मा रु | | | ९३२९९३०००.०० | ७८८६०३६७९.८८ | १४४३८९३२०.१२ | १४४३८९३२०.१२ |

८ **कोषहरुको प्राप्ति, भुक्तानी र बाँकीको विवरण-**

पालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को टिप्पणी ५ कोषहरुको प्राप्ती, भुक्तानी र बाँकीको विवरणमा चालु आ.ब. मा आम्दानी रू. ४९,३३,१७,८८.७६ र भुक्तानी रू. ३,८४,१२,८२१.४० रहि मौज्दात रू. १,०९,१८,९६७.३६ रहेकोमा प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदनमा मौज्दात रू. ५२,३०,०३३.६६ मात्र उल्लेख गरेको पाईएकाले रू. ५६,८८,९३३.७ कम मौज्दात रहेको देखिन्छ। पालिकाले टिप्पणी ५ र एकीकृत वार्षिक प्रतिवेदनमा देखिएको फरक रकमका सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ।

९ **नगर विकास कोष ऋण -**

नगर विकास कोष नेपालको पूर्ण सरकारी स्वामित्व भएको सार्वजनिक संस्था हो । एसियाली विकास बैंकलगायतका विकास साझेदारसँग नेपाल सरकारले ऋण लिएर नेपाल सरकारले नगर विकास कोषलाई ऋण प्रवाह गर्दछ । नगर विकास कोषले निम्न ब्याजदर लिई विराटनगर महानगरपालिकासँग सम्झौता गरेर बस टर्मिनल, फोहोरमैला प्रसोधन केन्द्र व्यवस्थापन र बिरेन्द्र सभागृहको पुनर्निमार्णको लागि ऋण लिएको देखियो ।पालिकाले आ.ब.२०८०/८१ सम्म कुल रु.४९९१८८०७८.४१ मध्ये तिर्न बाँकी ऋण रु.३४९४८४६४१.२ रहेकोमा आ.ब.२०८१/०८२ मा व्याज भुक्तानी रु. ५०१३२४७१.१ गरी रु. ३२०६६६१४५.४८ तिर्न बाँकी ऋण रहेको देखिन्छ ।

| सि.न. | आयोजनाको नाम | व्याज दर | ऋण रकम | आ.व.२०८०/८१ मा ऋण बाँकी | आ.व.२०८१/०८२ माव्याज भुक्तानी | आ.व.२०८१/०८२ मा ऋण बाँकी |
|---|---|---|---|---|---|---|
| १ | बस टर्मिनल | ९.५ | ७१७९०४६३.९५ | ४७३७०९१३.७९ | ८५४०७८७.५९ | ४३२३९०३५.७७ |
| २ | फोहोरमैला प्रसोधन केन्द्र | ५ | ३५०१४२०४४.४६ | २३२१४६९९२.१६ | ३२९२०६४६.५९ | २१०५८३०५६.९१ |
| ३ | बिरेन्द्र सभागृहको पुनर्निर्माण | ८ | ७७२५५५७० | ६९९६६७३५.२५ | ८६७१०३६.९२ | ६६८४४०५२.८ |
| **जम्मा** | | | **४९९१८८०७८.४१** | **३४९४८४६४१.२** | **५०१३२४७१.१** | **३२०६६६१४५.४८** |

१० **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको लगायतको अवस्था देखिएकोले सार्वजनिक स्रोतको प्रभावकारी रुपमा उपयोग गर्न नसकेको अवस्था छ । पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायबमोजिम रहेका छन्:

**<u>बजेट व्यवस्थापन तर्फ</u>**

- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,
- दिगो बिकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दीर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरेको नदेखिएको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,
- पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको नदेखिएको,
- वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको नदेखिएको,
- शहरीकरण भईरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

**<u>खरिद व्यवस्थापनतर्फ</u>**

- उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन नगरेको,
- कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरेको,

- पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वयन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,
- स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको नदेखिएको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीयस्तरमा उपलव्ध हुने निर्माण सामाग्री ढुङ्गा, वालुवा, गिट्टी, माटोलगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,
- विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरेका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) अनुसार उपभोक्ता समितिवाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पूर्णरुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फाराममा प्रत्येक योजनामा कैफियत देखिए र सोको सुधारका लागि गरिएका प्रयास पुष्ट्याइँ हुने अवस्था उल्लेख नगरेको,

**<u>शिक्षातर्फ</u>**

- स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,
- कार्यक्रम कार्यान्वयन पुस्तिका IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्णरूपमा नभएको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको नदेखिएको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, निशुल्क छात्रवृत्ति, वर्गीकरण, लेखापरीक्षणको अबस्थासमेतको अभिलेख व्यवस्थित गरी राखेको र अनुगमन मुल्याँङ्कन गरी अद्याबधिक अभिलेख तयार गरी राखेको नदेखिएको,

**<u>विविधतर्फ</u>**

- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेकोले अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दोहोरो पर्न गएको छ सोको यकिन गर्न सक्ने अवस्था नरहेको,

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यबस्थापन गरेको अद्याबधिक अभिलेख नराखेको,
- विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र कार्यक्रमसहितको यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको,
- यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार असुल फस्र्यौट तथा सम्परीक्षण कार्य नगरेको,
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,
- पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,
- वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।
- बेरुजु लगतका लागि तयार गरिएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,
- सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,
- आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक कागजपत्रसहित म.ले.प. फाराम नं २०२ को ढाँचामा सम्बन्धित शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्रका आधारमा भुक्तानी गर्नुपर्नेमा सबै भुक्तानीमा सो वेहोरा पालना गरेको पाइएन,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्नेमा भुक्तानीका सबै भौचरमा सो वेहोरा पालना गरेको पाइएन,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नुपर्दछ ।

११ **आन्तरिक लेखापरीक्षण** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले यस आर्थिक वर्ष २०८१/८२ को आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको देखियो । प्राप्त प्रतिवेदनमा उल्लिखित बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै असुल फस्र्यौट गरेको प्रमाण लेखापरीक्षणको क्रममा पेश गरेकोले यस सम्बन्धमा थप विश्लेषण गरिएको छैन ।

१२ **ठेक्का अभिलेख** -

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध

हुन्छ । कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन ।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

१३ **वार्षिक खरिद योजना/गुरूयोजना** -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. २ अर्ब २५ करोड २१ लाख ३१ हजार पुँजीगत खर्च गरेको छ । अतः पालिकाले नियमावली बमोजिम खरिद गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी खरिद कार्य गर्नुपर्दछ ।

१४ **आवधिक योजना** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४. बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१५ **बजेट तथा कार्यक्रम तर्जुमा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यबस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१६ **बजेट पेश, पारित र अख्तियारी** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।०३। १०मा रु. ३४९९८८६०००को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।१० मा पारित भएको छ। ऐनमा निर्धारित अवधि भित्र खर्च गर्ने अख्तियारी दिई आर्थिक वर्ष भित्र सबै काम सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

१७ **बजेट सीमा निर्धारण समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, स्रोत साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षे त्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

१८ **नीति, कार्यक्रम तथा बजेट** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वियन तालिका र अनुगमन मूल्याँकन योजनासमेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक बर्ष २०८१। ८२ को बार्षिक नीति तथा कार्यक्रममा समावेस भएका तर सो नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐन (बजेट) मा समाबेश नभएको र बजेटमा समाबेश भएका सबै योजना/कार्यक्रम कार्यान्वियन भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वियन गरिनुपर्दछ ।

१९ **बजेट समिक्षा नभएको** -

अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३०(३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्था छ ।पालिकाले बजेटको समिक्षा गरेको देखिएन । विनियोजित बजेट अनुसार योजना र कार्यक्रमहरू कति सम्पन्न भए र ती कति प्रभावकारी रहे भन्ने कुराको लेखाजोखा गर्न बजेट समिक्षा गर्नुपर्नेमा सो गरेको नदेखिएकोले ऐनको मर्म बमोजिम बजेटको समिक्षा गर्नुपर्दछ ।

२० **आयोजना बैंक** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउँदा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगारी बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्ने व्यवस्था छ ।पालिकाले आयोजना बैंक बनाई कार्यान्वियनमा ल्याएको पाइएन । स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वियन गरी आयोजना छनौट र व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२१ **दिगो विकास लक्ष्य र सोको स्थानीयकरण** -

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धी विश्व आयोग ब्रुटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य नामक अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ । यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजना समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ । पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्तितर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ । दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालिन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

२२ **समग्र ठेक्काको अबस्था** -

स्वीकृत कार्यक्रमअनुसार सार्वजनिक खरिद ऐन तथा नियमावलीलगायत अन्य प्रचलित कानुनबमोजिम निर्माण, बस्तु तथा सेवा खरिदका लागि ठेक्कापट्टाको सम्झौता गरी काम गराउने र म.ले.प.फा.नं ५०७ मा अभिलेख राखी सम्झौताबमोजिमको काम सम्पन्न गराउनु पर्दछ । कार्यालय/आयोजनाबाट प्राप्त ठेक्का सम्बन्धी विबरण अनुसार यस आर्थिक बर्षमा मिति २०८२ भाद्र २४ गतेको आगलागी तथा तोडफोडबाट योजना शाखा जलेको भनी मुचुल्का पेश भएको र विवरण नरहेको भन्ने पालिकाले जनाएको छ ।

२३ **खरिद कारवाही अभिलेख** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरू संलग्न राख्नु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरूमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम अभिलेख तयार गर्नु पर्दछ ।

२४ **सेवा प्रवाहको स्थिति** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११. (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सोको अद्यावधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

| **सि.नं** | **विवरण** | **जम्मा** |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास | ९८३ |
| | **पञ्जीकरणतर्फ** | |
| **२** | जन्मदर्ता | ३११४ |
| ३ | मृत्युदर्ता | १२९२ |
| ४ | बसाईसराई दर्ता | १६४१ |
| ५ | विवाह दर्ता | १८७७ |
| ६ | सम्बन्धविच्छेद दर्ता | २०१ |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| ७ | कालोपत्रे सडक निर्माण | |
| **८** | कालोपत्रे सडक मर्मत | मिति २०८२ भाद्र २४ गतेको आगजनी तथा तोडफोडबाट फाइल जलेर नष्ट भएकोले विवरण यकिन हुन नसकेको । |
| ९ | ग्राभेल सडक निर्माण | |
| १० | ग्राभेल सडक मर्मत | |

२५ **तालिम कार्यक्रम सञ्चालन** -

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउने सम्बन्धी व्यवस्थानुसारका प्रकृया पुरा गरी सम्बन्धित पक्षहरूलाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । महानगरपालिकाले विभिन्न मितिमा वडा कार्यालय र महानगरबाट तालिम कार्यक्रमहरू सञ्चालन गरे वापत भुक्तानी गर्दा उक्त कार्यक्रमहरूको प्रस्तावना कार्यसंचालन निर्देशिका बमोजिम भएको नदेखिएको, तालिम कार्यक्रम सम्बन्धी सूचना, कार्यपत्र, सहभागीहरूको उपस्थिति, कार्यक्रम सम्बन्धी निर्णय र तालिम प्राप्त गर्ने ब्यक्तिहरूको अध्यावधिक अभिलेख राखी सार्वजनिक गर्नुपर्ने, जस्ता कागजातहरू पूर्ण रुपमा प्राप्त नगरी भुक्तानी भएको देखिएकोले भुक्तानीलाई प्रमाणित गर्ने कागजातहरू पूर्ण रुपमा प्राप्त गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।केही उदाहरण देहाय बमोजिम रहेका छन् :

| गौश्वरा भौचर | कार्यक्रमको नाम | भुक्तानी रकम | कार्यक्रम गर्ने फर्मको नाम |
|---|---|---|---|
| २०१८-२०८२।३।१९ | बेमौसमी तरकारी तालिम संचालन १५ जना ७ दिन | २९६००० | शिव भगवती मल्टीप्रपोज प्रा.ली |
| २०१७-२०८२।३।१९ | किशोर किशोरीलाई आत्मरक्षा तालिम ५ दिन १५ जना | २९७००० | सिद्वान्त शिक्षा सदन प्रा.ली. |
| २०१६-२०८२।३।१९ | फेन्सी जुत्ता चप्पल बनाउने तालिम २० जना १५ दिन | ४९७००० | न्यू सुपरभिजन टेक सोलुसन प्रा.ली. |
| २०१५-२०८२।३।१९ | केक बनाउने तालिम २५ जना १५ दिन | ४९६९९७ | राधेकृष्ण मल्टिटेक्निकल इन्स्चिच्युट प्रा.ली |
| २०२०-२०८२।३।१९ | मेहन्दी लगाउने तालिम २० जना ७ दिने | २४६००० | पिरामिड टेक्निकल इन्स्टिच्युट प्रा.ली. |
| २०२८-२०८२।३।१९ | महिलालाई १ महिने ड्राइभिङ्ग तालिम २० जना | ४९६००० | गौरीभक्त मल्टिटेक्निकल कलेज प्रा.ली |
| २०५४-२०८२।३।२१ | नेल आर्ट २० जना १५ दिन | ४९६००० | पूर्वाञ्चल स्किल एण्ड इन्जिनियरिङ्ग प्रा.ली. |
| २०५५-२०८२।३२१ | मोटरसाइकल मर्मत २५ जनालाई ३० दिन | ४९५००० | अर्ल इलेक्ट्रोनिक्स एण्ड टेक्निकल इन्स्चिचच्युट |
| २०५९-२०८२।३।२१ | किशोर किशोरीलाई आत्मरक्षा तालिम ७ दिन प्रत्येक दिन ४० जनाका दरले २८० जना | २९७००० | अन्बाटिका टेक्निकल एण्ड भोकेशनल इन्स्चिच्युट प्रा.ली. |
| २०८६-२०८२।३।२३ | ब्युटी पार्लर २० जना १५ दिन | ४९७००० | एशोसिएट्स मनकामना कल्सलेट्स |

२६ **म.ले.प. फारमहरुको प्रयोग -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा भुक्तानीको लागि पेश हुने प्रत्येक बिल महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले पेश गरेको केही योजनाहरुको अधिकांश ठेक्का सम्बन्धी बिलहरु, भेरिएशन आदेश फारम म.ले.प.बाट स्वीकृत ढाँचा बमोजिम रहेको देखिएन । म.ले.प. बाट स्वीकृत ढाँचामा निर्माण सम्बन्धी कागजातहरु तयार गर्नुपर्दछ ।

२७ **योजना छनौट -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले योजना बनाउँदा सामुदायिक भवन, सडक, पैनी, कल्भर्ट निर्माण, औषधी खरिद लगायतमा सालवसाली बजेट विनियोजन गरी खर्च गरेतापनि आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयको सूची तयार गरी सोमध्येबाट प्राथमिकीकरण गरी योजना छनौट गरेको देखिएन । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्दछ ।

२८ **गतवर्षको भुक्तानी दिन बाँकी दायित्व (चालु) –**

पालिकाले गत आ.ब.को भुक्तानी दिन बाँकी रकमको कच्चावारी प्रमाणित गरी यस आ.ब.मा रु. १९५,६२६७०.६५ भुक्तानी दिएको देखिन्छ । चालु खर्च सालबसाली गर्नुपर्नेमा पालिकाले चालुतर्फ प्रशाासनिक खर्च समेत गत आ.ब.को भुक्तानी बाँकी राखेको देखिन्छ । पालिकाले बर्षान्तमा काम गर्ने, पहिला लागत अनुमान नगरी काम गर्ने जस्ता कारणले प्रत्येक बर्ष भुक्तानी बाँकी रहेको दखिन्छ । सालबसाली गर्नुपर्ने कार्यलाई भुक्तानी बाँकी भनी अर्को आ.ब.मा रकम भुक्तानीगर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२९ **रकमान्तर** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ।उल्लिखित व्यवस्था अनुसार चालु शीर्षकमा रकमान्तर गर्न सक्ने कानूनी व्यवस्था देखिदैन। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष विभिन्न खर्च शीर्षकबाट अर्को शीर्षकमा कुल रू.२७ करोड ४३ लाख ६१ हजार बजेट रकमान्तर तथा कार्यक्रम संसोधन गरेको देखियो। जुन कुल पुँजीगत खर्चको १२.१८ प्रतिशत देखिन्छ । पालिकाले रकमान्तर गर्ने परिपाटीमा पालिकाले सुधार गरेको देखिएन।उल्लिखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिँदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वियनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

| घट कायम भएको | | थप कायम भएको | |
|---|---|---|---|
| योजना संख्या | रकम | योजना संख्या | रकम |
| १६० | २७४३६१९३९ | २७१ | २७४३६१९३९ |

३० **पदाधिकारी सुविधा** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रु.१२९८८००० खर्च गरेको छ। जुन आन्तरिक आयको२.१२ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनुपर्दछ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष १९ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य६९ जना | जम्मा ९८ जना |
|---|---|---|---|---|---|---|---|
| १ | टेलिफोन,मोबाइल | ४००० | ४००० | ४७५०० | १४२५०० | १२३६००० | **१४३४०००** |
| २ | समन्वयतथा सहजीकरण/ खाजा खर्च | ५५०० | ५५०० | ६६५०० | १४२५०० | १२३६००० | **१४३४०००** |
| ३ | पुस्तक,पत्रिका, ईन्टरनेट | २००० | २००० | ३८००० | ९५००० | ८२४००० | **९६१०००** |
| ४ | बैठक/ अनुगमन भत्ता | १४००० | १४००० | १०४५०० | २३७५०० | | **३७००००** |
| ५ | खानेपानी/ बिजुली | ३५०० | २५०० | १९००० | ९५००० | ८२४००० | **९४४०००** |
| ६ | सरसफाइ | ३००० | ३००० | १९००० | ९५००० | | **१२००००** |
| ७ | अतिथिसत्कार | १२००० | १०००० | १३३००० | २८५००० | २४७२००० | **२९१२०००** |
| ८ | यातायात | | | १०४५०० | ३३२५०० | २८८४००० | **३३२१०००** |
| ८९ | चाडपर्वखर्च | १५००० | १५००० | २८५००० | १२०००० | १०३५००० | **१४७००००** |
| **जम्मा** | | **५९०००** | **५६०००** | **८१७०००** | **१५४५०००** | **१०५११०००** | **१२९८८०००** |

३१ **प्रशासनिक खर्च** -

नेपाल सरकारको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१कार्यान्वयनमा रहेको र स्थानीयतहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउनसक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष२०७९।८० देखि२०८१।८२सम्मको विभिन्न चालु प्रकृतिका खर्च विवरणलाई देहायको टेबल तथा चार्टमा प्रस्तुत गरिएको छ :

| क्र स | खर्च शिर्षक | २०८१।८२ | | २०८०।८१ | | २०७९।८० | |
|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च |
| १ | विविध खर्च | ८८६७५२५ | ७३०४८९१.८३ | ९००००००० | ८१८४५७५.८ | ९३०००००० | ७५८ |
| २ | ईन्धन खर्च | १५०००००० | १४२६२०६६.४ | १९०००००० | १२७६०४७४ | १५०००००० | १४९९६१ |
| ३ | सवारी साधनमर्मतखर्च | ८०००००० | ७२६८४६१ | ८०००००० | ७६६४६०७ | ७०००००० | ६८६ |
| ४ | बैठक भत्ता | ४५००००० | ३४५०७०० | ४५२८००० | ३६६०४५० | १२०००००० | १०५६ |
| ५ | पत्रपत्रिकाछ्पाई सूचना प्रकाशन खर्च | ८५००००० | ५५२४७१७ | ९०००००० | ६७५००६९ | ८०००००० | ७६३ |
| ६ | भ्रमण खर्च | २५००००० | १५७७४५८ | २५००००० | १८४३३६७ | ३०००००० | २६८ |
| ७ | मसलन्द तथाकार्यालय सामाग्री खर्च | १४२००००० | १००९३६९१ | १४६००००० | १३८८६०७९ | १०३००००० | १०२५ |
| जम्मा | | ६१५६७५२५ | ४९४८१९८५.१८ | ६६६२८००० | ५४७४९६२१.७९ | ६४६००००० | ६०५९४८ |




पालिकामा मुख्य रुपमा उल्लेख भएका उपरोक्त बमोजिमका खर्च शीर्षकमा पालिकाले खुल्ला प्रतिस्पर्धात्मक खरिद व्यवहार गर्नुपर्नेमा सो नगरेको तथा तत् तत् शीर्षक बाहेक अन्य कार्यक्रम र योजनाबाट कार्यपालिकाका विभिन्न बैठकबाट पुँजीगत खर्च शीर्षकबाट रकमान्तर गरी चालु प्रकृतिका खर्च गरेको छ । त्यसप्रकारका रकमान्तरलाई बजेट संशोधन नाम दिईएतापनि सोही शीर्षकमा खर्च लेखेकोले चालु

एवं प्रशासनिक खर्चको रकम यकिन गर्न सक्ने अवस्था छैन। पालिकाले प्रशासनिक एवं चालु खर्च नियन्त्रण सम्बन्धमा मापदण्ड तयार गरी लागु गरेको नदेखिएकोले ईन्धन, औषधी खरिद, अनुगमन/मूल्यांकन र करार सेवा शुल्क लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

३२ **तलबी प्रतिवेदन** -

निजामती सेवा ऐन, २०४९ , स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।५।१८ को पत्रबाट पालिकाका कर्मचारी र संघबाट कामकाजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराउनुपर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई रू.१० करोड ७८ लाख ७५ हजार कर्मचारीको पारिश्रमिक खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३३ **कर्मचारी व्यवस्थापन** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ,राजस्व क्षमता,खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ७ मा ऐन प्रारम्भ हुँदाका बखत स्थानीय तहमा रहेका कर्मचारीको स्थायी दरबन्दीको विवरण ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र प्रदेश किताबखानामा पद दर्ता गर्न पठाउनु पर्ने उल्लेख छ । पालिकामा वडा कार्यालय समेत प्रमुख प्रशासकीय अधिकृत सहित ७७२ जनाको दरबन्दी स्वीकृत रहेकोमा २३८ जना स्थायी, ५ जना अस्थायी र ३०० जना करार गरी जम्मा ५४३ जना पदपूर्ति भएको देखिन्छ । तसर्थ प्रदेश किताबखानामा पद दर्ता गरी दरबन्दी बमोजिम पदपूर्ती गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३४ **करार सेवा** –

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिट्ठीपत्र ओसारपसार,सरसफाई,टेलिफोन, विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैँचाको सम्भार र रेखदेख टाइपिङ वा क्प्युटरटाईप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति फर्म संस्था वा कम्पनिसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिँदा त्यस्तो सेवाको आवश्यकता, किसिम, समयावधि, गुणस्तर, सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ । तर पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको देखिएन ।त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरवन्दी कायम गरी पालिकाले यो वर्ष चिकित्सक, ईन्जिनियर सातौँ, अधिकृत लगायतका पदमा कर्मचारी करारमा नियुक्ति गरी करार सेवा शुल्कमा रु. १४ करोड ४४ लाख १३ हजार खर्च गरेको छ । पालिकाका लागि आवश्यक जनशक्ति सम्बन्धमा प्रदेश लोक सेवा आयोगमा माग पठाएको जानकारी दिएतापनि करार नियुक्ति गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिएकोले करारमा कर्मचारी राख्ने पालिकाको प्रवृतीमा सुधार हुनुपर्दछ ।

३५ **प्रोत्साहन भत्ता** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ । महानगरले कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि तयार नगरी महानगरको चौधौ नगरअधिवेशनको एजेन्डा नम्बर २६ मा महानगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई वार्षिक रु.५०००/- का दरले प्रोत्साहन भत्ता दिन सक्ने निर्णयलाई आधारमानी यस आ.ब.२०८१/८२ मा कुल ५४२ जना कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुप रु.२७१०,०००।- भुक्तानी गरेको पाइयो । अतिरिक्त समय कार्य गरेको कामको विवरण संलग्न नभएको तथा प्रशासन महाशाखाबाट अतिरिक्त समय काम गर्नुपर्ने कर्मचारीहररुको विवरण स्विकृत गर्नुपर्ने लगायतका न्यूनतम मापदण्ड तथा

कार्यविधि समेत नबनाई प्रोत्साहन भत्ता वापत भुक्तानी गरेको देखिन्छ । प्रोत्साहन भत्ता वितरण सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार गरेर मात्र यस्तो खर्च लेख्नु पर्दछ ।

३६ **अतिरिक्त समयभत्ता** -

पालिकाले कर्मचारी व्यवस्थापन ऐन, २०७५ को दफा ६२ मा बढी समय काम गरेकोमा भत्ता पाउने सम्बन्धी व्यवस्था गरेको देखियो । सोही ऐनको अधिनमा रही सोही व्यवस्थालाई आधारमानी महानगरको नगरसभाको चौधौ अधिवेशनको एजेन्डा नम्बर २७ मा कर्मचारीको अतिरिक्त भत्ता सम्बन्धमा विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयका महाशाखा, शाखा, उपशाखा र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्यालय समय बाहेक अतिरिक्त समयमा काममा खटाउँदा देहाय अनुसारको सुविधा उपलव्ध गराउने भनी प्रमुखको सवारी चालकलाई मासिक तलबको ५० प्रतिशत, उप-प्रमुखको सवारी चालकलाई मासिक तलबको ५० प्रतिशत, प्रमुख प्रशासकीय अधिकृतको सवारी चालकलाई मासिक तलबको ५० प्रतिशत, प्रमुखको निजी सुरक्षाकर्मीलाई मासिक रु.१४,५००।- र उपप्रमुखको निजी सुरक्षाकर्मीलाई मासिक रु.१२,०००।-,अन्य कर्मचारीहरूको हकमा कार्यालय समय वाहेक अतिरिक्त समय खटाउनुपर्ने भए सम्वन्धित शाखा/महाशाखाको सिफारिसको आधारमा सामान्य प्रशासन महाशाखा प्रमुखले प्राप्त सिफारिसको औचित्य र आवश्यकताको विश्लेषण गरी प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति पश्चात बढीमा मासिक सुरु तलबमानको २५ प्रतिशतले अतिरिक्त समय भत्ता उपलव्ध गराउने, आवश्यक सेवाको उल्लिखित बाहेकको हकमा नगर कार्यपालिकाबाट स्वीकृति लिई अधिकतम मासिक सुरु तलवमानको ५० प्रतिशतसम्म भत्ता उपलब्ध गराउन सकिने र प्रमुख र उपप्रमुखको सचिवालयमा कार्यरत २/२ जना कर्मचारीलाई मासिक तलवको ५० प्रतिशत भत्ता उपलब्ध गराउने निर्णय भएको देखिन्छ । यसरी मासिक तलवको ५० प्रतिशतसम्म अतिरिक्त भत्ताको व्यवस्था कुनै कार्यविधि,मापदण्ड तयार नगरी सभाबाट बार्षिक रुपमा निर्णय गरी भुक्तानी गर्ने गरेको देखियो । शाखागत रुपमा कार्यालय समयबाहेक अन्य समय अतिरिक्त समय काम गर्नुपर्दा मात्र भुक्तानी गर्नुपर्नेमा पालिकाले अतिरिक्त समयमा काम गरेको भनी नियमित जिम्मेवारी तोकिएका कार्य गरेको भनी रकम भुक्तानी गर्ने गरेको देखियो। मासिक भुक्तानीका आधारमा वर्षभर ४२ जना कर्मचारीलाई रु.५४२०२४६।- भुक्तानी गरेको पाईयो । अत: पालिकाले यस्ता थप आर्थिक व्ययभार पर्ने कार्यको भुक्तानी निर्णयको आधारमा भन्दा पनि कार्यविधि तथा सूचक तयार गरी निश्चित समय थप कार्य गरेपश्चातमात्र अतिरिक्त भत्ता पाउने व्यवस्था गरेरमात्र रकम भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३७ **खाजा खर्च** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र सोहि दफाको उपदफा (२) मा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । महानगरले कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन, २०७५ तयारगरी सभाद्वारा स्वीकृत गरेको पाइयो । सोहि ऐनको दफा ६९ मा महानगरपालिकामा कार्यरत सबै कर्मचारीहरुलाई खाजा खर्च दिन सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थालाई आधारमानी महानगरको नगरसभाको चौधौ अधिवेशनको एजेन्डा नम्बर २६ मा कर्मचारीहरुलाई मासिक रु.२५००।- का दरले खाजा खर्च उपलब्ध गराउने निर्णय भएको देखिन्छ । पालिकाले सोहि आधारमा यो वर्ष महानगरका ५४२ कर्मचारीहरुलाई खाजा भत्ता बापत रु.१४००३८३३।- भुक्तानी गरेको छ । प्रदेश कानूनमा खाजा खर्च उपस्थित भएको दिनलाई आधार मानेर उपलब्ध गराउने व्यवस्था भएको सन्दर्भमा पालिकाले मासिक एकमुष्ठ उपलब्ध गराउने निर्णयले कर्मचारीको उनुपस्थित दिन तथा लामो बिदा बसेको अवस्थामा समेत खाजा खर्च भुक्तानी हुने देखियो । तसर्थ कर्मचारीको डिजिटल हाजिरीलाई आधारमानी कार्यालय समयमा उपस्थित दिनको मात्र खाजा खर्च भुक्तानी हुनुपर्छ ।

३८ **जग्गा तथा भवनको अभिलेख** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७(४) मा पालिकाले आफ्नो चल तथा अचल सम्पत्तिको उपयोग सम्बन्धमा अभिलेख अध्यावधिक राख्नु पर्दछ । पालिकाले आफ्नो मातहतको सार्वजनिक जग्गा, भवन लगाएतका सार्वजनिक सम्पत्तिको विवरण (PAMS) प्रणालिमा अध्यावधिक गरेको देखिएन । पालिका अन्तर्गतका सम्पुर्ण भवन तथा सरकारी जग्गाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा पुर्ण रुपमा विवरण अध्यावधिक गर्नु पर्दछ ।म्यानुअल रुपमा तयार गरेको विवरण अनुसार पालिकाको

स्वामित्वमा निम्न जग्गाहरु रहेकोमा कुन जग्गामा पालिकाको कुन भवन रहेको छ सो को विवरण समेत रहेको नदेखिएकोले यसको विवरण अद्यावधिक गरी सम्पत्ति अभिलेखलाई चुस्त दुरुस्त बनाउनु पदर्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३९ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र वर्गीकरण -**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

- पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ।
- पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ ।
- पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गामा उक्त जग्गा सार्वजनिक जग्गा भएको उल्लेख गरी सूचना पार्टी टाँस गर्नुपर्दछ ।

भू उपयोग ऐन, २०७६ को दफा १८ मा प्रत्येक स्थानीय तहमा स्थानीय भु उपयोग परिषद गठन गर्नुपर्ने र उक्त परिषदले स्थानीय भु उपयोग योजना तर्जुमा गर्ने, भूमि सम्वन्धी लगत संकलन, बिशलेषण र प्रयोग गर्ने, आफ्नो तहको भु उपयोग सम्वन्धी नक्सा तयार गर्ने र आवश्यकता अनुसार भु उपयोग उप क्षेत्रको वर्गिकरण गर्ने लगायतका काम कर्तव्य रहने उल्लेख गरेको छ । पालिकामा भु-उपयोग ऐन र नियममा भएको व्यवस्था बमोजिम स्थानीय भु उपयोग परिषद गठन गरी ऐन र नियममा उल्लेख भए बमोजिमको कार्य गरी भु उपयोग क्षेत्र बर्गिकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ ।

४० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

४१ **जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान र लिलाम गर्नुपर्ने सामान कानुन बमोजिम मर्मत तथा लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा टुटेफुटेका सामाग्री लिलाम कार्यवाही हुन नसकेको, जिन्सी खातामा आम्दानी जनाईएका सामाग्री वा मालसामान विषयमा गत वर्षको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम जिन्सी अद्यावधिक गर्नुपर्ने देखिएको छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित रुजु नभएका सामाग्री, यथार्थ मौज्दात र कैफियतमा जनाईएका व्यहोरा समेतलाई ध्यान दिई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

४२ **जिन्सी/सम्पत्ति व्यवस्थापन -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान

मध्ये मर्मत गर्नुपर्ने सामान र लिलाम गर्नुपर्ने सामान कानुन बमोजिम मरम्त तथा लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महानगरपालिकाले साविकमा नगरपालिका र गाउँ विकास समितिहरुबाट प्राप्त भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । पालिका अन्तर्गत PAMS मा प्रविष्ट भएका सामाग्रीहरु हेर्दा यस आ.ब.मा खर्च भएर जानेतर्फ गत वर्षको मौज्दात नभएकोमा यस बर्ष रु.६ करोड ६५ लाख २७ हजार ४ सय ७१ बराबरका सामाग्री खरिद भएकोमा रु. ५ करोड २१ लाख ६९ हजार २०९ खर्च भएको देखिन्छ भने खर्च भएर नजानेतर्फ गत आ.ब.को जिम्वेवारी सारेको रु.१४ करोड ७३ लाख ७६ हजार ३९९ रहेकोमा यस बर्ष ४ करोड ९४ लाख ४१ हजार २६८ रहेकोमा रु.१ करोड २ लाख ५२ हजार १५६ को सामाग्री हस्तान्तरण भएको देखिएको छ । खप्ने जिन्सी मालसामानतर्फ संकेत ६११२२२७०००९९ बाट रु ५१ लाख ७ हजार ६ सयको ट्रिपड खरिद भएको छ, इन्भर व्याट्री २५ थान रु ९६०५०० मा मोडुलर led हाइ वे लाइट २०५ वटा रु.१२३४३८९ मा एसी ९ थान रु. १००७९६० मा फ्रिगंर प्रिन्ट स्कानर डिभाइस १९ वटा ३०८४७४ मा प्रिन्टर १८ थान ७२९३०२ मा सिसिटिभि क्यामेरा रु.७१२८०४ ल्यापटप १२ थान रु.१९२३०५९ डक्सटप ३९ थान रु.३७४९९५३ पिकअप भ्यान २ थान ९७८७८३८.५० ट्राक्टर खरिद भएको देखिएको छ । पालिकाले सबै सामग्री गत आ.ब.मा खरिद भएको नभई विगतका आ.ब.को सम्पत्ति जिन्सी अद्यावधिक गरिएको जनाएको छ ।

४३ **मर्मत सम्भार खर्च** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत एम्बुलेन्स २ थान, व्याकहोल्डर १ थान, दमकल १ थान, स्कारपियो, ट्रीपर र जीप समेतका सवारी साधनहरुको मर्मतमा रु.१ करोड १ लाख ३४ हजार ८७३ खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्छ।पालिकाले मर्मत गरेका सवारी साधनका केही उदाहरण देहाय बमोजिम रहेको छन् :

| सि.न. | गाडीन | सवारी | मर्मतरकम |
|---|---|---|---|
| १ | को १ ग १५९ | वाटरटयाङ्कर | ३६४१९९ |
| २ | को १ झ ५२३ | एम्बुलेन्स | २१२४९६ |
| ३ | प्र१-०४-००१झ ९० | स्करपियो | ३१२४४ |
| ४ | को १ झ ४९४ | टोयटा | १०१२०४१ |
| ५ | प्र१-०४-००१झ ००१४ | स्करपियो | ७४६६४७ |
| ६ | प्र१-०२-००१झ-०७७८ | निसान डबल क्याप पिकअप | ८०५२३८ |
| ७ | प्र१-०२-००१झ-०७७९ | निसान डबल क्याप पिकअप | ४४६७७९ |
| ८ | प्र१-०२-००१झ-०७७९ | महेन्द्रपिक अप | ४३४७६ |
| ९ | को १ ग ११० | नगर प्रहरीभ्यान | २४९७५८ |
| १० | बा १ झ९६७९ | टाटा सुमो | ३११६४२ |
| ११ | को १ ग १३६ | भाइब्रेटररोलर | ४३५१४० |
| १२ | को १ क ८१६ | भाइब्रेटररोलर | १४७२२७ |
| १३ | प्र०१-०४-००१ग-००१६ | ब्याहह्योलोडर | ३२२६१५ |
| **जम्मा** | | | **५१२८५०२** |

४४ **मसलन्द तथा कार्यालय सामग्री -**

सार्वजनिक खरिद ऐन, २०६३को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले पटक पटक गरी निम्नानुसार रू.१ करोड ९३ हजार ६९१को कार्यालय मालसामान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

४५ **ईन्धन खर्च -**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पूर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

| सि.न. | विवरण | विनीयोजन | खर्च |
|---|---|---|---|
| १ | इन्धन पदाधिकारी | ६०००००० | ५९९५६५४ |
| २ | इन्धन कार्यालय प्रयोजन | ९०००००० | ८२६६४१२ |
| जम्मा | | १५०००००० | १४२६२०६६ |

४६ **अतिथि सत्कार खर्च -**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविध खर्च अन्तर्गत रू.७३ लाख ४ हजार ८९१ खर्च गरेको छ। सो खर्चबाट खाना खाजा अतिथी सत्कार तथा अन्य निकायलाई सहयोग खर्च लगायत गरेको देखिन्छ । उक्त खर्च आन्तरिक आयको १.१९ प्रतिशत रहेको छ।पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

४७ **आय प्राप्तिको अबस्था -**

यस पालिकामा बिगत ३ बर्षको राजश्व अशुली को अबस्था निम्न अनुसार रहेको देखिन्छ ।

| आर्थिक बर्ष | अशुली रकम (रु. हजारमा) | वृद्धी प्रतिशत |
|---|---|---|
| २०७९।८० | ६३१९९४.०६ | |
| २०८०।८१ | ६००६४४.८३ | -४.९६ |
| २०८१।८२ | ६१२२४७.५९ | १.९३ |

तालिका अनुसार आ.ब.२०७९/८० को तुलनामा आ.ब.२०८०/८१ मा आन्तरिक राजश्व संकलनमा ४.९६ प्रतिशत कमी आएकोमा आ.ब.०८१/८२ मा १.९३ प्रतिशतले बढोत्तरी भएको पाइयो । राजश्वमा बढोत्तरी भएपनि न्यून दरमा बढोत्तरी भएको देखिएकोले महानगरपालिकाले आय बृद्धिका लागि करको दायरा बढाउदै अशुली रकम बृद्धिका लागि पालिकाको निरन्तर अनुगमन मुल्याँङ्कन गर्नुपर्दछ ।

४८ **कानुन निर्माण एवं कार्यान्वयन –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ५ वटा ऐन, ७५ वटा नियमावली, ११८ कार्यविधि लगायत निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।निर्माण भएका कानुनको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

४९ **न्यायिक समितिको कार्यसम्पादन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४९ र यो वर्ष थप भएको १६२ गरी कुल २११ वटा विवाद दर्ता भएकोमा १३३ वटा फर्स्यौट भई ७८ वटा बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

५० **कन्टिन्जेन्सी खर्च -**

निर्माण कार्यका लागि निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित लागत अनुमानको २ प्रतिशत वर्क चार्ज स्टाफमा र २ प्रतिशत सानातिना कार्यका लागि खर्च गर्न मिल्ने व्यवस्था छ । कन्टिन्जेन्सी रकम खर्च गर्दा कुन निर्माण कार्यसँग सम्बन्धित खर्च हो सो प्रष्ट हुने गरी योजनागत छुट्टै अभिलेख राखुपर्नेमा कार्यालयले योजनागत छुट्टै अभिलेख राखेको पाइएन। यसले गर्दा कन्टिन्जेन्सी रकमको सीमा नाघे ननाघेको र सम्बन्धित खर्च रहे नरहेको यकिन गर्न सकिएन । यस सम्बन्धी थप कागजात मिति २०८२ भाद्र २४ गतेको आगजनी तथा तोडफोडबाट नष्ट भएकोले थप यकिन गर्न सकिएन ।

५१ **सवारी साधनको नम्बर प्लेट सम्बन्धमा -**

सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ६ को उपदफा ९ अनुसार कुनै सरकारी कार्यालयको नाममा दर्ता भएको वा दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई सरकारी सवारी भनिने र उक्त सवारीको नम्बरप्लेट उक्त ऐनको अनुसूची २ खण्ड घ बमोजिम सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्ने व्यवस्था रहेको छ । महानगरपालिकाको नाममा दर्ता भएको निम्नानुसारको सवारी साधन हालसम्म पनि कानुनमा व्यवस्था भएअनुसार सेतो नम्बर प्लेट बनाएको नदेखिएकोले नियमकानुनको परिपालना गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | सवारीको नाम | गाडी नं. | कर्मचारी | शाखा |
|---|---|---|---|---|
| १ | स्कुटर | प्र १-०४-००१प-०३२९ | केवल पोख्रेल | रानी कर चौकि |
| २ | स्कुटर | प्र १-०४-००१प-०३२८ | कल्पना दाहाल | खानेपानी |
| ३ | स्कुटर | प्र०१-४-००१प ४८१ | अशोक कुमार गुप्ता | सरसफाइ |
| ४ | स्कुटर | प्र १-०२-०४८ प ८१७४ | रमेश कार्की | स्वास्थ्य |
| ५ | स्कुटर | प्र १-०४ ००१ प ८०६४ | विवेक सुबेदी | कानुन |
| ६ | मोटर साइकल | को १ प २७२० | अजय साह | जिन्सि शाखा |
| ७ | मोटर साइकल | प्र १-०४-००१प-४९१ | पुनम दाहाल | सरसफाइ |
| ८ | मोटर साइकल | को २८ प २४८१ | सुवास कुमार मण्डल | १९ नं वडा लेखापाल |

५२ **संघ संस्था अनुदान -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा योजना निर्माण गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा सहयोग पुर्याउने,उत्पादनमुलक तथा छिटो प्रतिफल दिने लगायत ९ वटा विषयमा प्राथमिकता दिनुपर्ने उल्लेख गरेको देखिन्छ । पालिकाले विभिन्न सामाजिक संस्था तथा विभिन्न स्मृती प्रतिष्ठानहरुलाई विभिन्न कार्यक्रम संचालन गर्न तथा संस्थागत व्यवस्थापनको लागि अनुदान रकम दिने गरेको देखियो । सम्बन्धित संस्थाले खर्च गरी बिल बिजक पालिकामा पेश गर्ने गरेतापनि प्राप्त गरेको अनुदानको

सामाजिक परीक्षण र लेखापरीक्षण प्रतिवेदन पालिकामा बुझाएको देखिएन ।जसबाट अनुदान रकमको उपयोग तथा प्रभावकारिताको मुल्याङ्कन गर्न सकिएन । अत पालिकाले सङ्घ-संस्थालाई अनुदान दिने सम्बन्धी कार्यविधि तयार गरी अनुदान प्राप्त गर्ने संस्थाको सामाजिक परीक्षण तथा लेखा परीक्षण प्रतिवेदन माग गरी दिएको अनुदानको प्रभावकारीताको समेत लेखाजोखा गर्नुपर्दछ । पालिकाले यस आ.ब.मा अनुदान रकम दिएका केही संस्थाहरुको विवरण देहायबमोजिम रहेको देखिन्छ :-

| सि.न. | संस्थाको नाम | अनुदान रु. | प्रयोजन |
|---|---|---|---|
| १ | मानव सेवाआश्रम संचालन अनुदान | २९४७११२ | संस्थाकोघर भाडा |
| २ | विराटेश्वरवृद्धाश्रम | ५००००० | खाद्यान्नसहयोग |
| ३ | नेपाल ग्रामीणविकास समाज, ज्येष्ठ नागरिक | ४००००० | ज्येष्ठनागरिकहरुलाई स्वास्थ्य उपचार तथा फिजियोथेरापी सेवा |
| ४ | तारणी प्रसादकोइराला स्मृती सञ्चारग्राम विराटनगर | २५००००० | सम्झौताबमोजिम व्यवस्थापन खर्च तथा कार्यक्रम संचालन |
| ५ | वैदिककर्मकाण्ड परिषद् नेपाल | ८३०९०७ | भवन निर्माणबापत |
| ६ | नेपाल वारएशोसिएशन | ४९९८०० | कानून व्यवसायी महिलाहरुको राष्ट्रिय सम्मेलन |
| ७ | नोना कोईरालास्मृती प्रतिष्ठान | २९९५०० | कमप्युटरजन्य सामग्रीका लागि |
| ८ | मन्जिना मुभिजक्रियसन प्रा.लि. | २००००० | सडक खाना महोत्सव वापत |
| जम्मा | | ८१७७३१९ | |

५३ **आय अनुमान** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ रू. १ अर्व १० करोड ७९ लाख १० हजार आय प्राप्त गर्ने अनुमान गरेकोमा रू. ६१ करोड २२ लाख ४७ हजार ५८८ मात्र आय प्राप्त गरेको छ। अर्थात अनुमानको ५५.२६ प्रतिशत मात्र आय प्राप्त गरेको छ। पालिकाको यस आ.बमा गरिएको अनुमान र यथार्थ प्राप्ति भएका शिर्षकगत राजश्वको अवस्था देहाय बमोजिम छ ।करदाता स्वयं पालिकामा कर तथा अन्य शुल्क दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले अनुमान र प्राप्ती बिच फरक देखिएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रणालीको विकास हुनुपर्दछ।

| क्र.सं. | प्रासिकोश्रोत | वार्षिक अनुमानितआय | आम्दानी |
|---|---|---|---|
| १ | ११३१३ - सम्पतीकर | ३१२२७६६६७. | १९३४१९४३९.१ |
| २ | ११३१४ - भूमिकर/ मालपोत | ३२४४००००. | १५८६८०१३.२९ |
| ३ | ११३१७ - वहाल कर | २३३२०००००. | १४४१०८१९२.७१ |
| ४ | ११३१८ - वहाल विटौरी कर | १०५०००००. | ६६३३६००. |
| ५ | ११४५१ - सवारी साधन कर (साना सवारी) | २८०००००. | १८६६४२५. |
| ६ | ११४५२ - पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २५५००००००. | २७०९९४८६. |
| ७ | ११४७९ - अन्य मनोरञ्जन कर | ० | १२७०००. |
| ८ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | ६५२७२५. |
| ९ | ११६३२ - अखेटोपहारमा लाग्ने कर | ४५७९५१२. | ५००७४७४. |
| १० | ११६९१ - अन्य कर | ३३६०५१६८. | ८६९२८७७.२८ |
| ११ | १४१५१ - सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | २१३२७०५८. | ० |
| १२ | १४२१२ - सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम | ० | १३११११११. |
| १३ | १४२१७ - नहर तथा कुलो उपयोग वापतको शुल्क | ० | ४५०. |
| १४ | १४२१८ - विद्युत सेवा शुल्क | ० | ८२,०३२.०० |
| १५ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ४०६३१९०४. | ७८०९८००. |
| १६ | १४२२१ - न्यायिक दस्तूर | ० | ८,५००.०० |
| १७ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | २००००००००. | १५४३५८३. |
| १८ | १४२४१ - पार्किङ्ग शुल्क | १४५०००००. | १३१९९८४०. |
| १९ | १४२४२ - नक्सापास दस्तुर | १००८९६९५०. | २८५८४०९१.१७ |
| २० | १४२४३ - सिफारिश दस्तुर | ४२७८८०००. | २६२३०१०८.३३ |
| २१ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | २४५००००. | २०१२१००. |
| २२ | १४२४५ - नाता प्रमाणित दस्तुर | १४६८०८६. | ४३६८५०. |
| २३ | १४२४९ - अन्य दस्तुर | ३७४५२४५३. | ३१६९०४५८.६७ |
| २४ | १४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत | १९८७७७६०. | ४२३३३१३.९१ |
| २५ | १४३१३ - धरौटी सदरस्याहा | ० | ३४३६९७८.९१ |
| २६ | १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | १६१७६६९०. | ० |
| २७ | १४५२९ - अन्य राजस्व | ३०२३९७५२. | ५५४३७५४.९८ |
| २८ | १४६११ - व्यवसाय कर | १०३००००००. | ७७१९००४४. |
| २९ | १५१११ - बेरूजु | २२०००००. | ५४५९३४०.५५ |
| जम्मा | | ११०७९१००००. | ६१२२४७५८८.९ |

५४ **राजस्व बाँडफाँट -**

कोशी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५, ९ र१० मा क्रमश मनोरञ्जन कर, पर्यटन शुल्क र विज्ञापन कर स्थानीय तहले संकलन गर्ने र सोको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा मासिक रुपमा जम्मा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले निम्नानुसार कर तथा शुल्क असुल गरेकोमा प्रदेश आर्थिक ऐनको व्यवस्था अनुसार प्रदेश सञ्चित कोषमा पठाएको देखियो । जसमा पालिकाले पेश गरेको म.ले.प.फारम नं. २७० बमोजिम गत आ.ब.मा कोषमा रु.१२५२८३०७ संकलन भएको र यस आ.ब.२०८१/८२ मा रु.१०६१३३८४.३९ गरी कुल रु.३३१४१६९१.३९ मध्ये ४० प्रतिशतले हुने रु.९२५६६७६.५६ कोशी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा गत आ.ब.मा रु.४२१९०९१.६० र आ.ब.२०८१/८२ मा ४९८५८६२.६७ गरी कुल रु.९२०५७५४.२७ रकम दाखिला भएको देखियो । कुल संकलन भएको रकमको ४० प्रतिशत भन्दा रु.५०९२२.२९ कम रकम जम्मा गरेको सन्दर्भमा पालिकाले सो रकम बाडफाड हुने नभई नगरपालिकाको ठेक्का सेवा शुल्क वापतको रकम दाखिला भएकोले उक्त रकम वाडफाँड गर्नुपर्ने नभएकोले आन्तरिक राजश्व खातामा जम्मा गरेको जनाएको छ । अत पालिकाले तोकिएको रकम मात्र विभाज्य कोषमा जम्मा गरी समयमा नै बाँडफाड गर्नुपर्दछ ।

५५ **म्याद ननाघेको पेश्की** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायको निर्माण व्यवसायीलाई दिएको पेश्की रू. ९५३७५७० सुत्रमा म्याद ननाघेको देखिएको छ। उक्त पेश्की नियम अनुसार फर्स्यौट गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५६ **वडा कार्यालयहरुबाट राजश्व संकलन-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२५,४४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१८,५०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१०२,२८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२९०,३९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **३९,४३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **११७,२८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **११३,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **७,३११** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **७०,०८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **५३६,३५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **६,३५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **७,४४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१५,९५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५७ **राजश्व तर्फ-**

५७.१ **संस्थानको सम्पत्ति करः** विराटनगर महानगरपालिका आर्थिक ऐन, २०८१ को दफा २ (अनुसूची-१) मा सम्पत्ति कर लाग्ने व्यवस्था छ । महानगरपालिकाले सरकारी संस्थानहरूको सम्पत्ति राजस्व अभिलेख र प्रतिवेदनको लागि प्रयोग गरेको स्थानीय तहको सम्पत्ति कर सम्बन्धी प्रणाली परीक्षण गर्दा निम्न संस्थाहरुले यस आर्थिक वर्ष २०८१/८२ र गत विगत वर्षको सम्पत्ति कर तिरेको पाइएन। आर्थिक ऐन अनुसार जरिवाना सहित सरकारी संस्थानहरूबाट वक्यौता सम्पत्ति कर पालिकाले यकिन गरी राजश्व असुल गर्नुपर्दछ ।

| **करदाता संकेत नं** | **करदाताको नाम** | **वडा नं** | **करको प्रकृति** | **हाल सम्मको बक्यौता रकम** | **आ.ब.२०८१/ ८२ को मात्र** |
|---|---|---|---|---|---|
| १६९८ | नेपाल विद्युत प्राधिकरण | २ | घरजग्गा कर | ३८७१६४३०.०० | १५६३०३८.०० |
| १२३६८ | नेपाल खाद्य संस्थान | १० | घरजग्गा कर | ५२१५०६६८.०० | ७३१८२८.०० |
| ५०२२ | नेपाल खानेपानी संस्थान बिराटनगर | ९ | घरजग्गा कर | २८३०२९२८.०० | ११९८१८.०० |
| १३-२२-०००२ | नेपाल व्यापार कम्पनी)कोशी लिमिटेड | १३ | घरजग्गा कर | १३३१५२२२.०० | ४६१५९७.०० |
| ६०९२ | रघुपति जुटमिल लि. विराटनगर | १७ | घरजग्गा कर | २९७६५३४५.०० | ८३६९०१.०० |
| **जम्मा** | | | | **१६२२५०५९३.००** | **३७१३१८२.००** |

५७.२ **नक्सा पास तथा निर्माण सम्पन्न अभिलेख:** बिराटनगर महानगरपालिकाको भवन निर्माण मापदण्ड, २०७५ अनुसार भवन निर्माण गर्दा बेसमेन्ट, भवनको प्रकार, सडक क्षेत्राधिकार, ground coverage, FAR, निर्माण इजाजत, भवन सम्पन्न र जोखिम रहित भवन निर्माण गर्न आवश्यक व्यवस्था गरेको छ। भवन निर्माण मापदण्ड अनुसार नक्सा पास तथा भवन सम्पन्नको लागि विद्युतीय प्रणाली प्रयोग गरी व्यवस्थित गरेको पाईएन । पालिकाले नगर भित्र निर्माण सम्पन्न भएका घरहरूको निर्माण सम्पन्न दिई प्रत्येक घरको तंथ्याक देखिने गरी

व्यवस्थापन सूचाना प्रणाली विकास गरी सुरक्षित र व्यवस्थित सहरीकरणमा ध्यान दिनु पर्ने देखिन्छ । यस सम्बन्धी कागजातहरू २०८२ भाद्र २४ गतेको आगजनी तथा तोडफोडबाट नष्ट भएकोले विश्लेषण गर्न सकिएन ।

५७.३ **सम्पत्ति कर बक्यौता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ अनुसार आफ्नो क्षेत्रभित्रको घर र जगामा सम्पत्ति कर लगाउने अधिकार पालिकालाई दिइएको छ । सालबसाली जारी हुने पालिकाको आर्थिक ऐनले तोकेको दर अनुसार घरजग्गा कर बक्यौता तथा यस आ.ब.मा दाखिला गर्नुपर्ने निम्न फर्महरूको रकम देहाय बमोजिम कर असुली गर्नुपर्ने देखिन्छ। यस आ.ब.२०८१/८२ को मात्र रू. ४०,०२,४२८ दाखिला गर्न बाँकी रहको देखिएकोले पालिकाले थप यकिन गरी बक्यौता रकम सहित कानुन बमोजिम जरिवाना समेत लिएर समयमा नै राजश्व प्राप्ती गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| करदाता संकेत नं | करदाताको नाम | वडा नं | करको प्रकृति | रकम | आ.ब.२०८१/ ८२ को मात्र |
|---|---|---|---|---|---|
| ३२८९ | मोरङ्ग राइस एण्ड फ्लावर मिल्स | ९ | घरजग्गा कर | १८४९०९६९.०० | १२३४६०६.०० |
| १४-२५-०१५० | विराट क्याम्पस मु.वि.न.कम्पनी | १४ | घरजग्गा कर | २६९८२१३.०० | २३०६०७.०० |
| ९६३५ | हिमालय टाकिज प्रा.ली. | ९ | घरजग्गा कर | २२६७५२२.०० | ३४५४६०.०० |
| १५/ १४४४ | रत्ना होटल प्रा.लि. | ११ | व्यवसाय कर | १२०००००.०० | २५००००.०० |
| ०२-०२-००३६ | ईष्टर्न सिटी डेभलपर्स प्रा.लि | २ | घरजग्गा कर | १०३००६४२.०० | १२२२५८९.०० |
| ९००३ | विकाश दुगड | १४ | घरजग्गा कर | १०५७९४३५.०० | ०.०० |
| ५८३३ | गोपाल बहादुर श्रेष्ठ | ७ | घरजग्गा कर | २११७१८१.०० | ३८५३३१.०० |
| १४९५३ | खुर्सिद हबिब इराकी | ९ | घरजग्गा कर/ वहाल | २४३०४३१.०० | ३१३८३५.०० |
| १४/ २५९१ | स्पार्क नेचुरोप्याथी एण्ड पिजियोथेरापी हस्पिटल प्रा.लि. | | व्यवसाय कर | १४००००.०० | २००००.०० |
| **जम्मा** | | | | **५०२२४३९३.००** | **४००२४२८.००** |

५७.४ **सी प्लट सटर भाडा** - बिराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सी प्लट भवन उपभोक्ता समिति बीच विराटनगर महानगरपालिका वडा नं. ९ स्थित महानगरको स्वामित्वमा रहेको सि प्लट भवन संचालन तथा व्यवस्थापन सम्बन्धी उपभोक्ता समितिका अध्यक्ष श्री राम अवतार शर्मासँग मिति २०७८।०४।२५ मा सम्झौता भएको पाइयो ।जस अनुसार सि प्लटको व्यापारिक भवन मिति २०७८।०४।०१ देखि २०८२ आषाढ मसान्तसम्म ५ वर्षका लागि मुल्य अभिवृद्दी कर र आयकर बाहेक रू.२,३०,८१,६०५।२६ बुझाउने गरी सम्झौता भएको पाइयो । सम्झौताको दफा ३ (ख) मा प्रत्येक किस्ताको रकम प्रत्येक ३ महिनाको अन्तिम साता भित्र बुझाई सक्नुपर्ने र सो बुझाउन नसकेकमा मनासिव कारण खोली निवदेन दिएमा १५ दिनसम्म म्याद थप हुन सक्ने व्यवस्था गरिएको छ । सो अवधिमा नवुझाएमा प्रत्येक दिन रू.१,००० जरिवाना बुझाउनु पर्ने व्यवस्था छ ।सम्झौता अवधिदेखी आर्थिक वर्ष २०८१।८२ सम्म बुझाउनुपर्ने कूल रू.१७५४६२६९.५२ रहेकोमा रू.१५६६१२३७ मात्र दाखिला भई रू.१८८५०३२.५२ पालिकाले प्राप्त गर्न बाँकी रहेको देखिन्छ। साथै मुल्य अभिवृद्दी कर समेत यस आ.ब.सम्म रू.१६०४१३५ मात्र संघीय संञ्चित कोषमा दाखिला गरेको देखिन्छ । यस सम्बन्धमा विगतका लेखापरीक्षणमा समेत औंल्याएकोले पालिकाले सम्झौताको शर्त अनुसार जरिवाना समेत हिसाव गरि उक्त रकम असुल गर्नु पर्दछ । सि प्लट भवन भाडा सम्वन्धी देखिएका अन्य व्यहोरा निम्नानुसार छन्:

**बीमा नगरेको** - सम्झौताको दफा ११ मा बिराटनगर महानगरपालिकाले अग्नी बीमा, भूकम्प बीमा, हुलदंगा, आतंकवाद र रिसिविपूर्ण

कार्यको बीमा गरी दोस्रो पक्ष (सी-प्लट भवन उपभोक्ता समिति) लाई जानकारी दिनु पर्ने भनी उल्लेख गरेकोमा सो को बिमा गरेको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन । सम्झौतामा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

विवरण तयार नगरेको – सम्झौताको दफा १८ मा भाडामा दिने व्यक्तिको विवरण ३० दिन भित्र महानगरलाई उपलब्ध गराउने, दफा २३ अनुसार प्लट भवन व्यवस्थापन गर्दा भएको नाफा नोक्सान विवरण लिखित रूपमा प्रत्येक वर्ष महानगरलाई पेश गर्ने लगायतको व्यवस्था रहेकोमा पालिकाबाट सम्झौतामा गरिएका व्यवस्थाको कार्यान्वियन भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार नगरेको व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा यो वर्षपनि स्थिति यथावत देखियो । सम्झौता कार्यान्वियन सम्वन्धमा औल्याईएको व्यहोरा कार्यान्वियन हुनु पर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१,४९०,९२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७.५ **बसपार्क सञ्चालन ठेक्का** – बिराटनगर बसपार्कको संचालनको लागि आ.ब.२०८०/०८१ देखि २०८२/८३ अवधिको लागि रूद्राक्षं विल्डर्स प्रा.ली.लाई कुल रू.३२५१००००(मू.अ.कर बाहेक) ठेक्कामा दिएको देखिन्छ । यस आ.ब.मा बुझाउनुपर्ने रू.१३१९९०६० बुझाएको देखिन्छ । रू.१५०,००,०००।– को कृषि विकास बैंक लिमिटेडको मिति २०८३ श्रावण ३१ सम्मको बैंक ग्यारेन्टी रहेको देखिन्छ ।यस सम्बन्धी कागजात २०८२ भाद्र २४ गतेको आगजनी तथा तोडफोडबाट नष्ट भएकोले थप बिश्लेषण गर्न सकिएन ।

५७.६ **विश्लेषण गर्न नसकिएको** – पालिका स्वामित्वमा रहेको जिल्ला प्रशासन कार्यालय अगाडिको ५ वटा सटरको मासिक रू.११११५० का दरले भाडा लिनेगरेकोमा पालिकाले सटर भाडाको लागि कुनै सम्झौता नगरी विगतदेखि नै बसी आएका आधारमा रकम लिने गरेको देखियो । साथै पालिकासाँथ ए.टि.एम. का लागि सटर भाडा वापत ग्लोवल आइएमई बैंकले मासिक रू.८००० का दरले र एन.आइ.सि.एसिया बैंकले मासिक १६२०० भुक्तानी गर्ने गरेको दाखिला भौचरबाट देखिन्छ। कबाडी कर संकलनका लागि सगुन निर्माण सेवालाई शुरू ठेक्का अंक रू.२१५७५८९ मा बार्षिक १० प्रतिशतका दरले बृद्धि हुने जस अनुसार यस आ.ब.मा रू.५०३७४६१ भुक्तानी भएको छ । पूर्वाधार उपयोग सेवा शुल्क बापत राम कन्सट्रक्सनले एकमुष्ट ५४९११०० दाखिला गरेको देखियो। विज्ञापन कर आ.ब.२०८०/८१ देखि २०८२/८३ सम्म साइन अप प्रा.ली.लाई ठेक्कामा दिएकोमा यस आ.ब.मा रू.५८८९५७३ दाखिला भएको राजश्व प्रणालीको भौचरबाट देखिन्छ । उल्लेखित ठेक्काका सम्पूर्ण कागजात मिति २०८२ भाद्र २४ गतेको आगजनी तथा तोडफोडबाट नष्ट भएकोले ठेक्का अंक, बैंक ग्यारेन्टी लगायतका थप विषयहरु विश्लेषण गर्न सकिएन ।पालिकाले यस सम्बन्धमा थप यकिन गरी राजश्व प्राप्ती भए नभएको सुनिश्चित गर्नुपर्दछ ।

५८ **बैठक भत्ता** - (४८८-2081-08-12):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१५,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५९ **जनप्रतिनिधीलाई पेश्की** - (१०-2081-05-07):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३ मा सरकारी कामको लागि पेश्की दिँदा सम्बन्धित कर्मचारीलाई मात्र दिनुपर्ने व्यवस्था गरेको छ । यस नियमावलीले पदाधिकारीलाई पेश्की दिने व्यवस्था गरेको देखिदैन ।पालिकाले वडा

नं. १४ का वडाध्यक्ष सुर्य नारायण महतोलाई उपचारको लागि भनी रु. २००,०००।- पेश्की दिएको देखियो ।कानुन विपरित जनप्रतिनिधीलाई पेश्की दिने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ ।

६० **करकट्टी** -

आयकर ऐन, २०५८ को दफा ८८ मा मुल्य अभिवृद्वी करमा दर्ता नभएका आपूर्तिकर्तालाई भुक्तानी गर्दा १५ प्रतिशत करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले देहाय बमोजिमका संस्थासँग तालिम,खेलकुद लगायतका कार्यक्रम खर्च गर्न संस्थालाई रकम दिनेगरेकोमा संस्थाले आफ्नो संस्थाको नामको करबिजक जारी नगरी अन्य व्यवसायीबाट जारी भएका विजक राखी रकम भुक्तानी गर्ने गरेको देखियो । सार्वजनिक खरिद ऐन, नियमावलीमा भएको व्यवस्था बमोजिम मुल्य अभिवृद्धी करमा दर्ता भएका व्यवसायीबाट सेवा लिनुपर्नेमा सो गरेको नदेखिएकोले देहायबमोजिम कट्टी गरिएको रकम घटाई नपुग कर सम्बन्धित संस्थाबाट असुल गर्नुपर्ने रू.

| भौ.न./ मिति | संस्थाकोनाम | रकम | करकट्टीगर्नुपर्ने | करकट्टीगरेको | फरक |
|---|---|---|---|---|---|
| ६०-२०८१।५।७ | एलिट क्लव विराटनगर | ३८९६०० | ५८४४० | ५१७२ | ५३२६८ |
| जम्मा | | ३८९६०० | ५८४४० | ५१७२ | ५३२६८ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२१,४११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,२६८ |

६१ **डोर हाजिरी** -

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन संचालन) ऐन, २०८० को दफा ८ को उपदफा १८ मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले यस आर्थिक वर्षमा निम्नानुसारको विवरण अनुसार करार तथा डोर हजिरमा विभिन्न व्यक्तिलाई ज्यालादारीमा कामकाज गराएको विवरण पेश गरेको छ। जसका लागि कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रू. १४४४१३७२९ र डोर हाजिरमा रू १३५११११६६ भुक्तानी गरेको छ। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको तथा दैनिक ज्यालादारीमा शनिवार तथा सार्वजनिक विदा लगायतको दिनमा समेत कामकाजमा खटाएको वा खटेको उल्लेख गरी स्वास्थ्य सेवा, सरसफाई, पालेपहरा लगायतका व्यक्तिलाई डोर हाजिरमा परिचालन गरेको कारण उक्त संख्या र भुक्तानी भएको रकम वास्तविक भनी यकिन हुन सक्ने अवस्था देखिएन । मिति २०८१।३।१० को नगरसभाको अधिवेशनको एजेण्डा नं. २४ ले कार्यरत कर्मचारीको म्याद थप गर्ने गरी एकमुष्ट निर्णय गरेको देखिदा यसरी एकमुष्ट कर्मचारीको म्याद थप गर्ने प्रवृतीमा पालिकाले सुधार गरी जनशक्ति व्यवस्थापनमा रहेको यसप्रकारको अन्यौलता निरूपण गर्न दरवन्दी बमोजिम कर्मचारी पदपूर्ति तथा अभिलेख व्यवस्थित गरी आवश्यकता र औचित्यताका आधारमा मात्रै कर्मचारीलाई डोर हाजिरीबाट कार्य गराई रकम भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| करार | | | डोर | |
|---|---|---|---|---|
| महिना | संख्या | रकम | संख्या | रकम |
| श्रावण | २९४ | १०१०९१५६.७ | ५१ | १८१६६५४ |
| भाद्र | २९४ | १०१०९१५६.७ | ५० | ११९९७८१ |
| असोज | २९४ | १८७३०४९९.७ | ४५ | ७४७६६० |
| कार्तिक | २९३ | ११५४२४८४.५ | ५१ | १५३५७५९ |
| मंसिर | २९१ | १००१४६७०.५ | ४९ | ११९४३७३ |
| पुष | २९८ | १०२३८३९२.५ | ४६ | १०९१०५६ |
| माघ | २९८ | ११५८२६०४.५ | ४७ | १०८६७४५ |
| फागुण | २९८ | ११५८८६०४.५ | ४९ | १०६३९५६ |
| चैत | ३१३ | १४६३९७८२.९ | ३९ | ९५६६९४ |
| बैशाख | ३१२ | ११९३५६१०.९ | ४१ | ९७२५०२ |
| जेष्ठ | ३१२ | ११९६१३८२.९ | ४४ | १०४३३२० |
| असार | ३१२ | ११९६१३८२.९ | ४५ | ८०२६६६ |
| जम्मा | | १४४४१३७२९ | | १३५११११६६ |

६२ **संयोजक र प्रतिवेदन भत्ता** –

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६३ **करार कर्मचारीलाई सञ्चयकोष थप सुविधा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरूलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरूलाई सञ्चयकोष थप गर्ने व्यवस्था रहेको देखिँदैन। महानगरले कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन, २०७५ को दफा ६४ (३) मा महानगरमा कार्यरत अस्थाई तथा करार कर्मचारीको मासिक तलवबाट आधारभुत तलवमानको १० प्रतिशत बराबरको रकम मासिक कट्टी गरी सोहि बराबरको रकम कार्यालयको तर्फबाट थप गरी सञ्चयकोषमा जम्मा गरिने व्यवस्था गरेको पाइयो । सोही व्यवस्थाको आधारमा यो वर्ष पालिकाले अस्थाई र करारतर्फका ६२ जना कर्मचारीलाई १० प्रतिशतले हुने रू. २०९३२८८।- सञ्चय कोषमा थप गरेको छ । यसरी संघीय कानुनमा नभएको सुविधा

पालिकाले सेवा सर्त सम्बन्धी ऐनमा व्यवस्था गरी सेवा सुविधा प्रदान गरेको रकम नियमसम्मत नदेखिएकोले सो रकम सम्बन्धितबाट असुल हुनुपर्ने रू.

| सि.न. | कर्मचारीको नामथर | पद | मासिक थप रकम | बार्षिक थप रकम |
|---|---|---|---|---|
| १ | अर्जुन थापा | इन्जिनियर शातौ | ४५८५.१ | ५५०२१.२ |
| ४ नं वडा कार्यालय भवन निर्माण | BMC/MOR/NCB/W-72/2079/080 | बि.सि. बिल्डर्स प्रालि | भेरिएसन हुनु अधिको सम्झौता रकम नखुलेको | २०८१।५।६ | १२९८१०१८.२१ | कार्य सम्पन्न भएको |

८४.४ **ठेक्काको म्याद थप-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा निर्माण कार्यको सम्झौताको अवधि थप गर्न सकिने सम्बन्धी व्यवस्था छ। पालिकाले भुक्तानीको लागि उठाएको टिप्पणीमा उल्लेख भएको वेहोरा बमोजिम यस आर्थिक बर्षमा निम्नलिखित निर्माण कार्यको म्याद थप भएको उल्लेख भएतापनी म्याद थप सम्बन्धी कागजात पेश भएको छैन। मिति २०८२।५।२४ को आगजनीमा कागजात जलेको कारण प्राप्त हुन सकेन। पालिकाले भुक्तानीको लागि राखेको टिप्पणीमा उल्लेख भएको विवरणका आधारमा यस आर्थिक बर्षमा म्याद थप भएका ठेक्काहरुको विवरण देहायबमोजिम छन्:

| योजना | ठेक्का नं | निर्माण व्यवसायी | सम्झौता रकम | सम्झौता मिति | सुरु कार्यसम्पन्न मिति | म्याद थप भई कार्य सम्पन्न गर्नु पर्ने मिति | योजनाको अवस्था |
|---|---|---|---|---|---|---|---|
| लेखनाथ वाचनालयदेखि पश्चिम मङ्गलबारे हटिया बस्नेतको घरसम्म आर.सि.सि. नाला र कल्भर्ट निर्माण | BMC/MOR/NCB/W-105/2079/080 | प्राइमा निर्माण सेवा | ७४३६७५९.६७ | २०८०।३।९ | २०८०।८।३० | २०८०।१२।३० पहिलो<br>२०८१।१।३१ दोस्रो | कार्य सम्पन्न भएको |
| विश्वकर्मा चौकदेखि दक्षिण दिनेश साह र रामु राजवंशीको घरपूर्व...पक्कीनाला र कलभर्ट निर्माण | BMC/MOR/NCB/W-71/2081/082 | न्यू विजय निर्माण सेवा | ६३९१४५४३.१ | २०८०।४।२८ | २०८०।४।२८ | २०८२।६।३० | पाँचौ रनिङ बिल भुक्तानी |
| त्रिभुज मार्गमा नाला, कल्भर्ट तथा पिच निर्माण | BMC/MOR/NCB/W-58/2079/080 | न्यू विजय निर्माण सेवा | ३३८४५४१०.८७ | २०८०।३।६ | २०८०।१२।३० | २०८१।१२।३१ | चौथो रनिङ बिल भुक्तानी |
| महेन्द्र मोरङ क्याम्पसको सेरोफेरोमा नाला स्लाब तथा पिच निर्माण | BMC/MOR/NCB/W-130/2079/080 | शौरभ कस्ट्रक्सन | ६५००३३३.६८ | २०८०।५।५ | २०८१।५।३१ | २०८१।९।२९ | कार्य सम्पन्न भएको |
| जयनेपाल मार्गमा सडक मर्मत कार्य | BMC/MOR/NCB/W-73/2079/080 | सुमिसा निर्माण सेवा | २४६०५२६.४३ | २०८१।७।१२ | २०८१।८।३० | २०८१।१२।३१ | कार्य सम्पन्न भएको |
| शान्ति चौकहुँदै वि.एफ.एम हुँदै केशलिया रोडसम्म नाला, पिच, कलभर्ट निर्माण तथा नाला स्ल्याब हाल्ने र | BMC/MOR/NCB/W-65/2079/080 | भानुमति/ यसुकी | ४८२३२८४२.८२ | २०८०।३।१ | २०८०।१२।३० | २०८२।९।२९ | कार्य सम्पन्न भएको |
| बजरंगबली मन्दिर आरती साइट निर्माण | BMC/MOR/NCB/W-16/2079/080 | अभियान- दिविशा जेभि | ३८२९०६२५ | २०७९।१०।२३ | २०८१।१०।३० | २०८२।३।१५ | रनिङ |
| सहारा मार्गमा नाला निर्माण, बाटो पुर्ने, ग्याविन जाली, सबवेश, नाला कभर स्ल्याब र कालोपत्रे गर्ने कार्य | BMC/MOR/NCB/W-24/2081/082 | चन्द्रसूर्य निर्माण सेवा | १००९४७२८.८८ | २०८१।११।२९ | २०८२।२।३१ | २०८२।३।११ | कार्य स्वीकार गरिएको |
| महानगर बहुप्राविधिक शिक्षालय भवन निर्माण | BMC/MOR/NCB/W-10/2079/080 | बस्नेत/श्रेष्ठ आर.के. जे.भी. | ८९७७३३४९.६५ | २०७९।१०।२९ | २०८२।२।३० | २०८२।२।३० | कार्य सम्पन्न नभएको |
| नविन मार्ग, किरातेश्वर मार्ग र गौमुखी मार्गमा सडक मर्मत कार्य | BMC/MOR/NCB/W-72/2080/081 | सुमिसा निर्माण सेवा | २१०८८०२ | २०८१।७।१२ | २०८१।८।३० | २०८१।१२।३१ | कार्य सम्पन्न नभएको |
| ४ नं वडा कार्यालय भवन निर्माण | BMC/MOR/NCB/W-72/2079/080 | बि.सि. बिल्डर्स प्रालि | १७४३६६७६.५६ | २०८०।२।१८ | २०८०।८।३० | २०८१।२।३१ पहिलो<br>२०८१।५।३१ दोस्रो | कार्य सम्पन्न भएको |
| विराटनगर महानगरपालिकाको प्रशासकीय भवन निर्माण | BMC/MOR/NCB/W-01/2078/079 | कालीगण्डकी/अबिसा/बिकोन जेभी | १६६४३०७३९.३८ | २०७८।१२।९ | २०८०।१२।८ | २०८२।१२।९ | कार्य सम्पन्न नभएको |

८४.५ **ल्याब प्रतिवेदन पेश नभएको-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्च समावेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी General Condition of Contract (GCC) अनुसार समेत निर्माण कार्यको गुणस्तर परीक्षण गर्नुपर्ने उल्लेख छ। मिति २०८२।५।२४ मा योजना शाखामा आगजनी हुँदा ल्याब परीक्षणसँग सम्बन्धित प्रमाण कागजात समेत जलेको कारण स्रेस्तासाथ पेश हुन नसकेको पालिकाको भनाई रहेको छ। पालिकाले सम्बन्धित निर्माण कार्यको निर्माण व्यवसायीसँग वा उपभोक्ता समिति तथा ल्याब परीक्षण गर्ने संस्थासँग आवश्यक समन्वय गरी निर्माण कार्यको ल्याब परीक्षण प्रतिवेदन प्राप्त गरी अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ।

८५ **मूल्य समायोजन बढी भुक्तानी-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा १२ महिना भन्दा बढीको अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएका मूल्य समायोजन दिन सकिने व्यवस्था छ। बजरंगबली मन्दिर आरती साइट निर्माण गर्ने निर्माण व्यवसायी अभियान/दिविसा जेभिसँग भएको सम्झौतामा मूल्य समायोजनको हिसाबगर्दा बोलपत्र पेश गर्ने अन्तिम मिति भन्दा ३० दिन अगाडिको वेस इन्डेक्स र विल पेश गरेको अवधिको अन्तिम दिन भन्दा ३० दिन अगाडिको चालु इन्डेक्स (current index) प्रयोग गरी हिसाब गर्नुपर्ने उल्लेख छ। उक्त निर्माण कार्यको लागी बोलपत्रको सुचना मिति २०२२।१२।१५ गते सम्म कायम भएकोमा सो भन्दा ३० दिन अगाडि मिति २०२२/११/१५ अर्थात २०२२/२३ को OCT/NOV वेस इन्डेक्स प्रयोग गर्नुपर्नेमा एक वर्ष अगाडि २०२१/२२ को OCT/NOV इन्डेक्स प्रयोग गरेर मूल्य समायोजन हिसाब गरेकोले निम्नानुसार रू. ११,७४,५७० बढी मूल्य समायोजन भुक्तानी दिएको देखियो। बढी भुक्तानी दिएको मूल्य समायोजन असुल गर्नुपर्ने रु.

| रनिङ विल (IPC) | समायोजन योग्य रकम | समायोजन फ्याक्टर | भुक्तानी पाउने रकम |
|---|---|---|---|
| १ | ३०८२१४२.५० | १.०१२४ | ३८२१८ |
| २ | ७१९८२२५.१५ | १.००४ | २८७९३ |
| ३ | २९३६३२०.०२ | १.०१८६ | ५४६१५ |
| ४ | १६५७१०३.५६ | ०.९९८८ | (१९८८) |
| जम्मा | | | ११९६३८ |
| कार्यालयबाट भुक्तानी | | | ११५९०८१ |
| बढी भुक्तानी | | | १०३९४४३ |
| मू.अ.कर सहित बढी भुक्तानी | | | ११७४५७० |

| असुल गर्नुपर्ने | ११,७४,५७० |
|---|---|

८६ **टिक ड्रेन कार्यमा बढी भुक्तानी-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले ठेक्का नं BMC/MOR/NCB/W-45/2080/081 रहेको गायत्री मार्गमा अस्फाल्ट पिच, टिक ड्रेन तथा कल्भर्ट निर्माण कार्यको लागि म्याद थप पश्चात मिति २०८१।६।३० मा सम्पन्न हुने गरी मिति २०८१।१।६ मा रू. ४१,९२,०२८.८८ को चक्र निर्माण सेवासँग सम्झौता भएको पालिकाले भुक्तानीको लागि तयार गरेको टिप्पणीमा उल्लेखित विवरण अनुसार देखिन्छ। पालिकाले यस निर्माण कार्यमा बेस कोर्सको परिमाण मापन गर्दा सडकको टिक ड्रेन भागमा समेत मापन गरी भुक्तानी गरेको पाईयो। टिक ड्रेनलाई समेत समेटेर बेस कोर्सको कार्य गर्दा सडकको उचाई भन्दा सडकको पानी बगेर जाने टिक ड्रेनको उचाइ बढी हुने देखिन्छ। पालिकाले १२.३२२४ घनमिटर टिक ड्रेनमा भएको बेस कोर्स कार्यको प्रति घनमिटर रू. २६०० का दरले रू. ३२०३८ को मूल्य अभिवृद्धि कर सहित रू. ३६२०३ बढी भुक्तानी गरेको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,२०३ |

८७ **स्वीकृत डिजाइन भन्दा बढी मोटाइको कार्य-**

सडक विभागको Standard Specifications for Road and Bridge Works को clause no.1310 मा प्रिमिक्सको मोटाई 20mm हुने उल्लेख छ। पालिकाले देहायबमोजिमको सडकमा कालोपत्रे गर्दा नर्म्समा उल्लेखित मोटाइ भन्दा बढी मोटाई नापजाँच गरी भुक्तानी दिएको देखिन्छ। नर्म्समा उल्लेख भएभन्दा बढी मोटाई नापजाँच गरी रू. २७,०५,७४६ भुक्तानी गरेको छ। यसरी भुक्तानी भएको रकम नियमसम्मत नभएको रु.

| ठेक्का नं | योजना नाम | निर्माण व्यवसायि | बढी परिमाण | दर | बढी रकमभ्याट सहित |
|---|---|---|---|---|---|
| BMC/080/081-65 | रानी चौक डंग्राह टोल जाने बाटोमा पिच मर्मत कार्य | रेमन कन्स्ट्रक्सन | १०.२८ | १५५०० | १८००५४ |
| BMC/080/081-64 | गौशाला मार्गमा पिच मर्मत कार्य | रेमन कन्स्ट्रक्सन | ६.८३ | १५५०० | ११९६२७ |
| BMC/080/081-63 | कृष्ण मार्गमा पिच मर्मत कार्य | रेमन कन्स्ट्रक्सन | २२.१५ | १६५३३ | ४१३८१२ |
| BMC/080/081-61 | दिप मार्गमा पिच मर्मत कार्य | रेमन कन्स्ट्रक्सन | १५.८८ | १५५०० | २७८१३८ |
| BMC/080/081-60 | वडा नं २ स्थित सयपत्री मार्ग, स्वास्तिक मार्ग र वडा नं ७ स्थित इश्वर मार्ग मार्गमा पिच मर्मत कार्य | हुकुम एण्ड बिल्डर्स | २०.७७ | १६४०० | ३८४९०९ |
| BMC/080/081-29 | मो. आजादको घरदेखि पूर्व रिटेनिङ्गवाल तथा पिच निर्माण | खण्ड एण्ड सन्स कन्स्ट्रक्सन | ४.०३ | १५५०० | ७०५८५ |
| BMC/MOR/NCB/W-74/2080/081 | दरैया मार्गमा सडक मर्मत कार्य | ओमशक्ति निर्माण सेवा | २६.४३ | १४००० | ४१८१२२ |
| BMC/080/081-22 | जुनेली मार्ग दिव्य कट्टेलको घरदेखि नहरसम्म पिच निर्माण | चेम्जोङ्ग कन्स्ट्रक्सन प्रा.लि. | १०.१२ | १२५०० | १४२९४५ |
| BMC/MOR/NCB/W-73/2080/081 | जयनेपाल मार्गमा सडक मर्मत | सुमिसा निर्माण सेवा | १९.९७ | १४००० | ३१५९२५ |
| BMC/080/081-54 | विराट पथ सडक मर्मत | सुसान्त निर्माण सेवा | २३.७ | १४२५० | ३८१६२९ |
| **जम्मा** | | | | | **२७,०५,७४६** |

| | |
|---|---|
| अनियमित भएको | २७,०५,७४६ |

८८ **बेस कोर्स कार्यमा बढी भुक्तानी-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले ठेक्का नं BMC/MOR/NCB/W-65/2080/081 शान्ति चौकहुँदै वि.एफ.एम. हुँदै केशलिया रोडसम्म नाला पिच, कल्भर्ट निर्माण तथा नालामा स्ल्याब हाल्ने र कर्ब स्टोनको निर्माण कार्यको लागि मिति २०८१।९।२९ मा सम्पन्न गर्ने गरी मिति २०८०।३।१ मा रू. ४,८२,३२,८४२ मा भानुमति।यसुकी जेभीसँग सम्झौता गरेको विवरण पालिकाले भुक्तानीको लागि तयार गरेको टिप्पणीबाट देखिन्छ। पालिकाले उक्त सडकमा ०.३ मिटर चौडाइ भएको १३८० मिटर लम्बाईको टिकड्रेन निर्माण गरेको छ। टिकड्रेन निर्माणमा बेस कोर्सको कार्य गर्दा बेस कोर्सको चौडाई समेत ०.३ मिटर नै हुनुपर्नेमा ०.४ मिटर नापजाँच गरी ०.१ मिटर बढी नापजाँच गरी बढी भुक्तानी गरेको पाइयो। पालिकाले १३८० मिटरमा बेस कोर्स बापत १३.८ घनमिटर कार्यको प्रति घनमिटर रू. २३९९ ले रू. ३३१०६ को मुअ कर सहित जम्मा रू. ३७४१० बढी भुक्तानी गरेको सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,४१० |

८९ **निर्माण व्यवसायीलाई रोयल्टी रकम-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नम्स र जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यबस्था छ । नमुना छनौटका रुपमा परीक्षण गर्दा पालिकाले देहाय बमोजिमका निर्माण कार्यको लागत अनुमान तयार गर्दा दर बिश्लेषणमानै सब बेसको मेटेरियलमा रू. ११२.९९ रोयल्टी थप गरी लागत अनुमान तयार गरेको छ र सो अनुसार कार्यसम्पन्न गरी निर्माण व्यवसायिलाई भुक्तानी गरेको छ। निर्माण व्यवसायिले गरेको कार्यको रोयल्टी रकम भुक्तानी दिँदा सो बारबारको रोयल्टी तिरेको प्रमाण पेश भएको पाइएन। पालिकाले पेश भएको बिल बमोजिम मात्र रोयल्टि रकम भुक्तानी गर्नुपर्नेमा सो भन्दा बढी रु. ११,४०,३९३ भुक्तानी गरेको पाईयो। रोयल्टी समेत लागत अनुमानमा समाबेश भएकोले पालिकाले दर विश्लेषण गर्दा वास्तविकता तथा मितव्ययिताको आधारमा तयार गर्नुपर्दछ ।

| ठेक्का नं | योजना | निर्माण व्यवसायी | सब बेसको परिमाण | भुक्तानी भएको रोयल्टी (मुअकर सहित) |
|---|---|---|---|---|
| BMC/081/082-23 | त्रिलोक मार्गबाट शहिद मार्गहुँदै बुढीगंगा २ स्वास्थ्य चौकिसम्म जाने सडकमा ग्राभेल हाल्ने कार्य | बोधराज कन्स्ट्रक्सन प्रा.लि | ४०९.५८ | ५२२९४ |
| BMC/MOR/NCB/W-45/2080/081 | गायत्री मार्गमा अस्फाल्ट पिच, टिक ड्रेन तथा कल्भर्ट निर्माण | चक्र निर्माण सेवा | १२३.२७ | १५७३८ |
| BMC/MOR/NCB/W-25/2080/081 | प्रगति मार्गमा नाला, रिटेनिङ्गवाल, कल्भर्ट, ग्यावेन निर्माण तथा ग्राभेल कार्य | प्रनिश एण्ड प्रसिद्ध विल्डर्स प्रालि | ३४२.३४ | ४३७०९ |
| BMC/MOR/NCB/W-03/2081/082 | अरनिको सामुदायिक सेवा समाज जाने सडक स्तरोन्नति कार्य | जे.एण्ड.जे. कन्स्ट्रक्सन | ८४१.२८ | १०७४१३ |
| BMC/080/081-22 | नहर चोक आइतबारे हटियादेखि पश्चिम जाने बाटोमा कलर्भट निर्माण तथा आर.सि.सि. ढलाई कार्य | नेपाल कन्स्ट्रक्सन | २९.९० | ३८२३ |
| BMC/080/081-25 | शुभकामना मार्गमा ग्राभेल तथा एजिङ्ग (रिटेङ्गवाल) निर्माण | परीक्षा निर्माण एण्ड सप्लायर्स | ५०.२९ | ६४२० |
| BMC/MOR/NCB/W-24/2081/082 | साहारा मार्गमा नाला निर्माण, बाटो ढलाई, माटो पुर्ने, ग्याबियन जाली, सबवेस, नाला कभर स्ल्याब र कालोपत्रे गर्ने कार्य | चन्द्रसूर्य निर्माण सेवा | ११५.७२ | १४७७४ |
| BMC/MOR/NCB/W-08/2081/082 | राजवंशी टोल-सगरमाथा टोल-ज्वला टोल-रिंगरोड-अमाही जोड्ने सगरमाथा मार्ग सडक स्तरोन्नति | आर्यपुत्र इन्फ्रा एण्ड कन्स्ट्रक्सन | ५२६.७६ | ६७२५६ |
| BMC/MOR/NCB/W-15/2081/082 | ईक्राही चोक देखि दक्षिण राम मंदिर हुदै दक्षिण यादव टोलसम्म दुवैतर्फ नाला सहित सडक स्तरोन्नति | गोविन्द निर्माण सेवा | ४२६.८९ | ५४५०४ |
| BMC/080/081-111 | नहर चोक आईतबारे हटियादेखि पश्चिम जाने बाटोमा कल्भर्ट निर्माण तथा आसिसि ढलाई कार्य | नेपाल कन्स्ट्रक्सन | २९.९० | ३८१७ |
| BMC/MOR/NCB/W-43/2080/081 | नोबेल चोकदेखि उत्तर पुलचौक दक्षिण र केशलिया रोडदेखि नहर चौकसम्म अस्फाल्ट रोड निर्माण | AC-CC-LCEB JV | ३३४१.२२ | ४२६६०२ |
| BMC/080/081-133 | औषधी व्यवस्था विभाग पूर्व उत्तरको बाटोमा अधुरो रिटेनिङ्गवाल निर्माण र ग्राभेल | साह कन्स्ट्रक्सन | ७३.५६ | ९३९२ |

| | | | | |
|---|---|---|---|---|
| | गर्ने कार्य | | | |
| BMC/MOR/NCB/W-71/2080/081 | बुढाथोकी मार्गमा सडक मर्मत (ग्राभेल) कार्य | माल्विका कन्स्ट्रक्सन | ६२५.०५ | ७९८०५ |
| BMC/MOR/NCB/W-65/2079/080 | शान्ति चौकहुँदै वि.एफ.एम. हुँदै केशलिया रोडसम्म नाला पिच, कल्भर्ट निर्माण तथा नालामा स्ल्याब हाल्ने र कर्बस्टोनकोनिर्माण कार्य | भानुमति/यसुकी जेभी | १९९६ | २५४८४६ |
| **जम्मा** | | | | **११,४०,३९३** |

९० **सम्पन्न नभएका योजनाको अन्तिम नापी किताब तथा कार्यस्वीकार प्रतिवेदन-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा खरिद सम्झौता अन्त्य गर्न सकिने व्यवस्था छ। खरिद सम्झौता अन्त्य गर्दा खरिद सम्झौता बमोजिमको काम निर्माण व्यवसायीले नगरेको कारणबाट सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च बापत निजले व्यहोर्नु पर्ने दायित्व भराउन लगाउनु पर्ने समेत व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएको अवस्थामा मात्र कार्यस्वीकार गर्ने व्यवस्था रहेको छ।त्यस्तै सोही नियमावलीको नियम १२८ मा सम्झौताबमोजिम कार्य नगरेमा सम्झौता अन्त्य गरी सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चबाट त्यस्तो कार्य सम्पन्न गराउने व्यवस्था समेत रहेको छ। पालिकाले नियमबमोजिम कार्यसम्पन्न नभएतापनि देहायबमोजिमका निर्माण कार्यहरुको अन्तिम नापी किताब तयार तथा कार्य स्वीकार गरी भुक्तानी दिएको पाईयो:-

९०.१ **प्रगति मार्गमा नाला निर्माण लगायतका कार्य-** पालिकाले ठेक्का नं. BMC/MOR/NCB/W-25/2081/082 रहेको प्रगति मार्गमा नाला रिटेनिङ्गवाल, कल्भर्ट ग्यावेन निर्माण तथा ग्राभेल कार्यको लागि रू. १,४९,११,८५६ को लागत अनुमान स्वीकृत गरी खुला बोलपत्रबाट छनौट भएको प्रनिश एण्ड प्रसिद्धि विल्डर्स प्रालिसँग मिति २०८२।२।३१ मा सम्पन्न गर्ने गरी मिति २०८१।११।२५ मा रू. ८०,५७,०७२ को सम्झौता गरेको विवरण पालिकाले भुक्तानीको लागि तयार गरेको टिप्पणीबाट देखिन्छ। उक्त निर्माण कार्यको सम्झौता रकम रु. ८०,५७,०७२ रहेकोमा सम्झौता बमोजिम निर्माण कार्य नगरी रु. ४८,२७,०९० अर्थात ५९.९१ प्रतिशत कार्य भएको अवस्थामा नै पालिकाले अन्तिम नापि तयार गरी भुक्तानी गरेको छ। निर्माण व्यवसायीले सम्झौता बमोजिम निर्माण कार्य नगर्दा ऐनको दफा ५९ र नियमावलीको नियम ११७ बमोजिम आवश्यक कार्यविधि पुरा नगरेको तथा नियम ११७ बमोजिम कम्तिमा ९० प्रतिशत कार्य सम्पन्न हुनुपर्ने व्यवस्था विपरित अन्तिम नापी किताब तयार गरी भुक्तानी गरेको छ। सम्झौता बमोजिम ४०.०८ प्रतिशत अर्थात रु. ३२,२९,९८२ बरबारको कार्य बाँकी नै रहेको देखिन्छ। पालिकाले सार्वजनिक खरिद कानुन बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,२९,९८२ |

९०.२ **सहारा मार्ग वडा नं ८-** पालिकाले ठेक्का नं. BMC/MOR/NCB/W-24/2081/082 रहेको प्रगति मार्गमा नाला रिटेनिङ्गवाल, कल्भर्ट ग्याविन वाल निर्माण तथा ग्राभेल कार्यको लागि रू. १,४९,४५,८९३ को लागत अनुमान स्वीकृत गरी खुला बोलपत्रबाट छनौट भएको प्रनिश एण्ड प्रसिद्धि विल्डर्स प्रालिसँग म्याद थप पश्चात मिति २०८२।३।११ मा सम्पन्न गर्ने गरी मिति २०८१।११।२९ मा रू. १,००,९४,७२८ को सम्झौता गरेको विवरण पालिकाले भुक्तानीको लागि तयार गरेको टिप्पणीबाट देखिन्छ। उक्त निर्माण कार्यको सम्झौता रकम रु. १,००,९४,७२८ रहेकोमा सम्झौता बमोजिम निर्माण कार्य नगरी रु. ७५,४०,०१४ अर्थात ७४.६९ प्रतिशत कार्य भएको अवस्थामा नै पालिकाले अन्तिम नापी तयार गरी भुक्तानी गरेको छ। निर्माण व्यवसायिले सम्झौता बमोजिम कार्य नगर्दा ऐनको दफा ५९ र नियमावलीको नियम ११७ बमोजिम आवश्यक कार्यविधि पुरा नगरेको तथा नियम ११७ बमोजिम कम्तिमा ९० प्रतिशत कार्य सम्पन्न हुनुपर्ने व्यवस्था विपरित अन्तिम नापी किताब तयार गरी भुक्तानी गरेको छ। सम्झौता बमोजिम २५.३० प्रतिशत अर्थात रु. २५,५४,७१४ बराबरको कार्य बाँकी नै रहेको देखिन्छ।पालिकाले सार्वजनिक खरिद कानुन बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,५४,७१४ |

९०.३ **कोशी राजमार्गको समानान्तर नाला निर्माण कार्य-** पालिकाले ठेक्का नं. BMC/MOR/NCB/W-13/2081/082 रहेको कोशी राजमार्गको समानान्तर नाला, कल्भर्ट तथा कभर स्ल्याब निर्माण कार्यको लागि रू. १,२६,२६,७४५ को लागत अनुमान स्वीकृत गरी खुला बोलपत्रबाट छनौट भएको सगुन निर्माण सेवासँग मिति २०८२।२।३१ मा सम्पन्न गर्ने गरी मिति २०८१।११।२५ मा रू. ७५,९०,९७४ को सम्झौता गरेको विवरण पालिकाले भुक्तानीको लागि तयार गरेको टिप्पणीबाट देखिन्छ। उक्त निर्माण कार्यको सम्झौता रकम रु. ७५,९०,९७४ रहेकोमा सम्झौता बमोजिम निर्माण कार्य नगरी रु. ६६,६६,१९० अर्थात ८७.८१ प्रतिशत कार्य भएको अवस्थामा नै पालिकाले अन्तिम नापी तयार गरी भुक्तानी गरेको छ। निर्माण व्यवसायीले सम्झौता बमोजिम कार्य नगर्दा ऐनको दफा ५९ र नियमावलीको नियम ११७ बमोजिम आवश्यक कार्यविधि पुरा नगरेको तथा नियम ११७ बमोजिम कम्तिमा ९० प्रतिशत कार्य सम्पन्न हुनुपर्ने व्यवस्था विपरित अन्तिम नापी किताब तयार गरी भुक्तानी गरेको छ। सम्झौता बमोजिम १२.१८ प्रतिशत अर्थात रु. ९,२४,७८४ बराबरको कार्य बाँकी नै रहेको देखिन्छ। साथै राष्ट्रिय राजमार्ग स्थानीय तहको कार्यक्षेत्रभित्र नपर्ने नभएकाले यस निर्माण कार्य कोशी राजमार्गको क्षेत्राधिकार भित्र नपरेको यकिन गर्दै पालिकाले सार्वजनिक खरिद कानुन बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२४,७८४ |

९०.४ **पृथ्वी मार्ग सडक स्तरोन्नती-** पालिकाले ठेक्का नं. BMC/MOR/NCB/W-05/2081/082 रहेको पृथ्वी मार्गमा सडक स्तरोन्नती (बीचबाट नाला, रिटेनिङ्वाल, स्ल्याव, बाटो ढलाइ निर्माण, कर्बस्टोन, रोड मार्किङ्ग र गमला राख्ने) कार्यको लागि रू. ४८,७३,५७७ को लागत अनुमान स्वीकृत गरी खुला बोलपत्रबाट छनौट भएको सुमिसा निर्माण सेवासँग मिति २०८२।२।३१ मा सम्पन्न गर्ने गरी मिति २०८१।१०।२ मा रू. ३३,२६,८४८ को सम्झौता गरेको विवरण पालिकाले भुक्तानीको लागि तयार गरेको टिप्पणीबाट देखिन्छ। उक्त निर्माण कार्यको सम्झौता रकम रु. ३३,२६,८४८ रहेकोमा सम्झौता बमोजिम निर्माण कार्य नगरी रु. २५,२२,६४० अर्थात ७५.८२ प्रतिशत कार्य भएको अवस्थामा नै पालिकाले कार्यस्वीकार तयार गरी भुक्तानी गरेको छ। निर्माण व्यवसायिले सम्झौता बमोजिम कार्य नगर्दा ऐनको दफा ५९ र नियमावलीको नियम ११७ बमोजिमको कार्यविधि पुरा नगरेको तथा नियम ११७ बमोजिम कम्तीमा ९० प्रतिशत कार्य सम्पन्न हुनुपर्ने व्यवस्था विपरित कार्यस्वीकार गरी भुक्तानी गरेको छ। सम्झौता बमोजिम २४.१८ प्रतिशत अर्थात रु. ८,०४,२०८ बराबरको कार्य बाँकी नै रहेको देखिन्छ। पालिकाले सार्वजनिक खरिद कानुन बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,०४,२०८ |

९०.५ **जेष्ठ नागरिक सार्वजनिक पार्क निर्माण-** पालिकाले ठेक्का नं. BMC/MOR/NCB/W-07/2081/082 रहेको जेष्ठ नागरिक सार्वजनिक पार्क निर्माण कार्यको लागि रू. ६७,९७,६०३ को लागत अनुमान स्वीकृत गरी खुला बोलपत्रबाट छनौट भएको अभय चन्द्र बिल्डर्स एण्ड इन्जिनियर्स प्रालिसँग मिति २०८२।२।३१ मा सम्पन्न गर्ने गरी मिति २०८१।१०।४ मा रू. ४१,२९,७४८ को सम्झौता गरेको विवरण पालिकाले भुक्तानीको लागि तयार गरेको टिप्पणीबाट देखिन्छ। यस निर्माण कार्यको सम्झौता रकम रु. ४१,२९,७४८ रहेकोमा सम्झौता बमोजिमको निर्माण कार्य नगरी रु. ३४,०८,००० अर्थात ८२.५२ प्रतिशत कार्य भएको अवस्थामा नै पालिकाले कार्य स्वीकार तयार गरी भुक्तानी गरेको छ। निर्माण व्यवसायिले सम्झौता बमोजिक कार्य नगर्दा ऐनको दफा ५९ र नियमावलीको नियम ११७ बमोजिम आवश्यक कार्यविधि पुरा नगरेको तथा नियम ११७ बमोजिम कम्तिमा ९० प्रतिशत कार्य सम्पन्न हुनुपर्ने व्यवस्था विपरित कार्य स्वीकार गरी भुक्तानी गरेको छ। सम्झौता बमोजिम १७.४७ अर्थात रु. ७,२१,७४८ बराबरको कार्य बाँकी नै रहेको देखिन्छ।पालिकाले सार्वजनिक खरिद कानुन बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२१,७४८ |

९०.६

**हनुमान मन्दिर सामुदायिक भवन निर्माण-** पालिकाले ठेक्का नं. BMC/MOR/NCB/W-35/2080/081 रहेको हनुमान मन्दिर सामुदायिक भवन निर्माण कार्यको लागि रू. ४९,५३,९५० को लागत अनुमान स्वीकृत गरी खुला बोलपत्रबाट छनौट भएको साह कन्स्ट्रक्सनसँग म्याद थप पश्चात मिति २०८१।६।३० मा सम्पन्न गर्ने गरी मिति २०८०।१२।१५ मा रू. ३३,५३,५५१ को सम्झौता गरेको विवरण पालिकाले भुक्तानीको लागि तयार गरेको टिप्पणीबाट देखिन्छ। उक्त निर्माण कार्यको सम्झौता रकम रु. ३३,५३,५५१ रहेकोमा सम्झौता बमोजिम निर्माण कार्य नगरी रु. २९,१३,०८२ अर्थात ८६.८६ प्रतिशत कार्य भएको अवस्थामा नै पालिकाले अन्तिम नापी गरेको पाइयो। निर्माण व्यवसायीले सम्झौता बमोजिक कार्य नगर्दा ऐनको दफा ५९ र नियमावलीको नियम ११७ बमोजिम आवश्यक कार्यविधि पुरा नगरेको तथा नियम ११७ बमोजिम कम्तिमा ९० प्रतिशत कार्य सम्पन्न हुनुपर्ने व्यवस्था विपरित अन्तिम नापी किताब तयार गरी भुक्तानी गरेको देखिन्छ। सम्झौता बमोजिम रु. ४,४०,४६९ वरावरको कार्य बाँकी नै रहेको छ। पालिकाले सार्वजनिक खरिद कानुन बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४०,४६९ |

९०.७ **त्रिलोकमार्ग सडक निर्माण-** पालिकाले ठेक्का नं. BMC/ 081/082-23 रहेको त्रिलोक मार्गबाट शहिद मार्गहुँदै बुढीगंगा २ स्वास्थ्य चौकिसम्म जाने सडकमा ग्राभेल हाल्ने कार्यको लागि रू. १९,४१,७३२ को लागत अनुमान स्वीकृत गरी खुला बोलपत्रबाट छनौट भएको प्रनिश एण्ड प्रसिद्धि विल्डर्स प्रालिसँग म्याद थप पश्चात मिति २०८२।२।३१ मा सम्पन्न गर्ने गरी मिति २०८१।१०।१० मा रू. १०,५९,६८३ को सम्झौता गरेको विवरण पालिकाले भुक्तानीको लागि तयार गरेको टिप्पणीबाट देखिन्छ। यस निर्माण कार्यको सम्झौता रकम रु. १०,५९,६८३ रहेकोमा सम्झौता बमोजिम कार्य नगरी रु. ६,७५,२७२ अर्थात ६३.७२ प्रतिशत कार्य भएको अवस्थामा नै पालिकाले अन्तिम नापि तयार गरी भुक्तानी गरेको छ। निर्माण व्यवसायीले सम्झौता बमोजिम निर्माण कार्य नगर्दा ऐनको दफा ५९ र नियमावलीको नियम ११७ बमोजिम आवश्यक कार्यविधि पुरा नगरेको तथा नियम ११७ बमोजिम कम्तिमा ९० प्रतिशत कार्य सम्पन्न हुनुपर्ने व्यवस्था विपरित अन्तिम नापी किताब तयार गरी भुक्तानी गरेको छ। सम्झौता बमोजिम ३६.२७ प्रतिशत अर्थात रु. ३,८४,४११ बरबारको कार्य बाँकी नै रहेको देखिन्छ।पालिकाले सार्वजनिक खरिद कानुन बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८४,४११ |

९१ **कार्यसम्पन्न प्रतिवेदन-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले विराटनगर महानगरपालिकाको वडा नं १३ स्थित विराटनगर आँखा अस्पताल अगाडीको बाटोमा नाला, स्ल्याब तथा पिच निर्माण कार्य गर्न सडकका विद्युतीय पोल व्यवस्थापनको लागि नेपाल विद्युत प्राधिकरण, कोशी प्रादेशिक कार्यालय विराटनगरले मू.अ. कर सहित रू. २५,११,०४९ लागत अनुमान तयार गरेकोमा पालिकाले लागत अनुमान कै रकम प्राधिकरणलाई भुक्तानी गरेको छ। प्राधिकरणले कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन। पालिकाले प्राधिकरणबाट उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी कार्य सम्पन्न बमोजिमको मात्र भुक्तानी भएको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,११,०४९ |

९२ **संघीय समपुरक कोष साझेदारी-**

समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ को दफा ६ मा स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म रकम समपूरक अनुदान प्रदान गर्ने व्यवस्था छ।पालिकाले संघीय समपूरक अनुदान कार्यक्रमबाट दिल्लीपब्लिक स्कूल दक्षिण सडक निर्माण कार्यको लागि यासुकी निर्माण सेवा प्रालिसँग सम्झौता गरी यस आर्थिक वर्षमा रू. ४३,००,००० पेश्की रकम मात्र भुक्तानी गरेको छ। पालिकाले निर्माण कार्यको लागि रू. ४३००००० पेश्की दिएकोमा ५० प्रतिशत अर्थात रू. २१५०००० मात्र संघीय समपूरक अनुदानबाट दिनुपर्नेमा सम्पुर्ण रकम समपूरक अनुदान शीर्षकबाट दिएको पाईयो। पालिकाले रू. २१५०००० समपूरक

अनुदानबाट बढी पेश्की दिएको भएको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,५०,००० |

९३ **तराई मधेश समृद्धि कार्यक्रम-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **३,५४७,६२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९४ **विद्युतीय पोल स्थानान्तरण खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं BMC/MOR/NCB/W-58/2080/081 त्रिभुज मार्गमा नाला, कल्भर्ट तथा पिच निर्माण कार्यको लागि थपिएको म्याद पश्चात मिति २०८१।१२।३१ मा सम्पन्न गर्ने गरी मिति २०८०।१२।३० मा रू. ३,३८,४५,४१० मा न्यु विजय निर्माण सेवासँग सम्झौता गरेको विवरण पालिकाले भुक्तानीको लागि तयार गरेको टिप्पणीबाट देखिन्छ। पालिकाले प्रोभिजन सम अन्तर्गत रहेको Relocation of services मा तेस्रो रनिङ बिलबाट रू. २९४६७७ भुक्तानी दिएको पाइयो। तर पालिकाले उक्त खर्च पुष्टि गर्ने कागजात पेश गरेको पाइएन। सडकमा पर्ने विद्युतीय पोल स्थानान्तरण बापत उक्त रकम भुक्तानी गरिएको पालिकाको भनाई रहेको छ। विद्युतीय पोल स्थानान्तरण कार्यमा भएको खर्चको बिल बिजक पेस गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९४,६७७ |

९५ **अधुरा ठेक्काहरु-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम भएको सम्झौतामा उल्लेख भएको कार्य सम्पन्न मिति भित्र निर्माण कार्य सम्पन्न गर्नु पर्दछ। सम्झौताको उल्लेखित अवधिभित्र कार्य सम्पन्न नभएमा दफा ५६ को अवस्था भएमा निर्माण कार्यको म्याद थप गर्न सकिने व्यवस्था छ। पालिकाले भुक्तानीको लागि तयार गरेको टिप्पणीमा उल्लेखित विवरण अनुसार देहायका ठेक्काहरुको सम्झौता बमोजिम कार्यसम्पन्न मितिमा सम्पन्न नभएको र म्याद थप समेत भएको पाईएन:

| ठेक्का नं | योजना | निर्माण व्यवसायि | सम्झौता रकम | कार्यसम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|
| BMC/MOR/NCB/W-15/2079/080 | मण्ठा पोखरी ग्रीन पार्क निर्माण | कला बिल्डर्स | ७३७७९५७४ | २०८१।७।५ |
| BMC/MOR/NCB/W-44/2080/081 | पुष्पलाल चौकदेखि ठुलो मिल चौक सम्म पिच मर्मत | रजनी कन्स्ट्रक्सन | १३२३५३५३.५१ | २०८१।१२।३० |
| | घिनाघाट दक्षिणबाट दुर्गा मन्दिर हुँदै स्टेडियमसम्म अस्फाल्ट पिच र रिटेनिङ्ग वाल निर्माण | हलेसी दर्शन निर्माण सेवा | ६५४१६२९ | २०८२।२।३१ |
| BMC/MOR/NCB/W-10/2079/080 | महानगर बहुप्राविधिक शिक्षालय भवन निर्माण | बस्नेत/श्रेष्ठ आर.के. जे.भी | ८९७७३३४९.६५ | २०८२।२।३० |
| BMC/MOR/NCB/W-28/2081/082 | केशलिया रोडमा नाला स्तोरन्नती र जनप्रिय टोल स्थित कृष्ण प्रसाद भट्टराईको घर अगाडी आरसिसि सडक ढलान कार्य | एन सि आर कन्स्ट्रक्सन प्रालि | ३००४५९९.५२ | २०८२।२।३१ |
| BMC/MOR/NCB/W-72/2080/081 | नविन मार्ग किरातेश्वर मार्ग र गौमुखी मार्गमा सडक मर्मत कार्य | सुमिसा निर्माण सेवा | २१०८८०२ | २०८१।१२।३१ |
| BMC/MOR/NCB/W-09/2080/081 | १८ नं वडा कार्यालयदेखि कालाबन्जरासम्म कालोपत्रे | गणेश हिमाल मल्टि कन्सल्ट प्रालि | ६९७९०१३ | २०८२।२।३१ |
| BMC/MOR/NCB/W-65/2081/082 | बैजनाथ अस्पालत निर्माण | शुभ लाभ कन्स्ट्रक्सन | ३०९०६४३ | २०८२।२।४ |

निर्माण कार्य सम्पन्न नभएको र म्याद थप समेत नभएको अवस्थामा ठेक्काहरुको कार्यसम्पादन जमानत तथा पेश्की फछ्र्यौट नभएमा पेश्की रकम समेत जोखिममा रहन्छ।कार्यसम्पादन तथा पेश्की जमानत अवधि दावी नभै समाप्त हुने जोखिम भएकाले जमानत कायम रहने तर्फ पालिकाले आवश्यक निर्णय गर्नुपर्दछ।

९६ **उपभोक्ता समितिको लागत सहभागिता-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रूपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने र यस्तो लागत अनुमानमा जनसहभागिताको अंश समेत समावेश हुने, उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिँदा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने लगायतका व्यवस्था छन। उक्त व्यवस्था बमोजिम उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा उपभोक्ताको जनसहभागिता अनिवार्य हुने देखिन्छ। पालिकाले नीति, कार्यक्रम तथा बजेटमा धार्मिक स्थल, सामुदायिक र परम्परागत धार्मिक विद्यालयको कार्यमा जनसहभागिताको अंश शून्य वा स्वेच्छिक रहन सक्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएका निर्माण कार्य मध्ये देहायका निर्माण कार्यहरुमा जनसहभागिता नै नगराई रू. २,०९,३७,९६७ निर्माण कार्य गराएको पाईयो। शून्य लागत सहभागितामा सञ्चालन भएका योजनाहरु

देहायबमोजिम रहेका छन्:

| गोभौ नं | उपभोक्ता समिति | कार्यसम्पन्न रकम |
|---|---|---|
| ४०४, २०८२।२।१२ | लक्ष्मी नारायण मन्दिर | १४४१८५५ |
| ४१०, २०८२।२।१२ | मिल्स माध्यामिक विद्यालय | ११५७३०९ |
| ४३८, २०८२।२।२६ | राधाकृष्ण मन्दिरको रथ निर्माण | १२१६८३८ |
| ४७४, २०८२।३।३ | बिराट आधारभूत विद्यालय | ७५५७१३ |
| ४८३, २०८२।३।३ | श्री आधारभूत विद्यालय कोचाखाल | ९४५०७६ |
| ५०६, २०८२।३।९ | गायत्री संस्कृत माध्यामिक विद्यालय | ४५४६२६ |
| ५१५, २०८२।३।१२ | श्री श्री १०८ चित्रगुप्त सेवा समिति | २८७९७७ |
| ५२१, २०८२।३।१३ | श्री ज्ञान निकुञ्ज आधारभूत विद्यालय | १८७४३७ |
| ५२२, २०८२।३।१३ | श्री ज्योती आधारभूत विद्यालय | १८८२१८ |
| ५३४, २०८२।३।१४ | जनता बाल आधारभूत विद्यालय | ९१११०७ |
| ६०३, २०८२।३।२३ | लक्ष्मी नारायण मन्दिर पाञ्चाली | ९५६७९२ |
| ६२८, २०८२।३।२४ | राधारमण सञ्चालक समिति | १४५१८९२ |
| १३, २०८१।१०।१४ | गायत्री संस्कृत माध्यामिक विद्यालय | ७७००८९ |
| २६, २०८२।१।१२ | जनता आधारभूत विद्यालय | ४७९९८५ |
| ३४, २०८२।२।१३ | लक्ष्मीनाराण गुरुकुलम | ४८२८१६ |
| ३८, २०८२।३।१९ | लक्ष्मीनारायण वेद विद्याश्रम | ९४४६१५ |
| ४५, २०८२।३।१२ | मदननगर आधारभूत विद्यालय | ४७७५११ |
| ५१, २०८२।३।२२ | पञ्चकन्या आधारभूत विद्यालय | ४७१८२८ |
| ५३, २०८२।३।२४ | रानी माई मन्दिर उस | ६१२४५४ |
| ५४, २०८२।३।२४ | सिद्धेश्वर महादेव मन्दिर सेवा समिति | ४२३२८९ |
| ५५, २०८२।३।२४ | आदर्श बालिका मावि | ५०३५४२ |
| ५७, २०८२।३।२४ | जनता बाल आधारभूत विद्यालय | ३६४४८१ |
| ५८, २०८२।३।२४ | रघुपति आधारभूत विद्यालय | ४५४४६३ |
| ६५, २०८२।३।२५ | श्री श्री १०८ दुर्गा मन्दिर व्यवस्थापन | ४३३९८३ |
| १९, २०८१।१०।४ | प्रकाशेश्वर शिवालय निर्माण समिति | ११९२०१० |
| २८, २०८१।१०।२७ | नेपाल सन्तमत सत्संग मन्दिर निर्माण | १०९०२०४ |
| ४३, २०८२।१।११ | प्रकाशेश्वर शिवालय निर्माण | ५५२३३१ |
| ७१, २०८२।३।२५ | विन्ध्यवासिनी दुर्गा पाञ्चायान मन्दिर | १७२९५३५ |

| | | |
|---|---|---|
| **जम्मा** | | **२,०९,३७,९७६** |

पालिकाले अन्य निर्माण कार्यहरुको लागि न्यूनतम १० प्रतिशत लागत सहभागिता हुनुपर्ने व्यवस्था गरेको छ। उल्लेखित योजनाहरुमा समेत पालिकाले न्यूनतम १० प्रतिशत लागत सहभागिता राख्ने हो भने रू. २०,९३,७९७ वरावर जनसहभागिता हुने र सोही वरावर पालिकाको खातामा बचत हुने देखिन्छ। महानगरपालिकाबाट सञ्चालन भएका योजनाहरुमात्र तालिकामा समावेश भएकोमा १९ वटा वडाबाट सञ्चालन भएका योजनाहरु समेत समावेश गर्दा बचत रकम अझै बढ्ने देखिन्छ। पालिकाले जनसहभागिताको रकम शून्य राख्दा निर्माण कार्यको लागत बढ्ने, निर्माण कार्यप्रति स्थानीय जनसमुदायको अपनत्व नहुने जस्ता जोखिम रहन्छ। पालिकाले उपभोक्ता समितिबाट कार्य गराउँदा अनिबार्य रुपमा जनसहभागिताको अंश समावेश गर्नुपर्दछ।

९७ **उपभोक्ता समितिलाई रोयल्टी रकम-**

सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ९७ (६) मा उपभोक्ता समितिले कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले निर्माण कार्यमा सब बेस सामाग्रीमा प्रति घनमिटर रू. ११२.९९ रोयल्टी रकम समेत समावेश गरी लागत अनुमान तयार गरेको छ। निम्नलिखित उपभोक्ता समितिले गरेको कार्यको रोयल्टी रकम भुक्तानी दिँदा सो बारबारको रोयल्टी तिरेको प्रमाण पेश भएको पाईएन। पालिकाले पेश भएको बिल बमोजिम मात्र रोयल्टि रकम भुक्तानी गर्नुपर्नेमा सो भन्दा बढी रु. ३४२५२ भुक्तानी भएको पाईयो। उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रोयल्टी रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| **गोभौ नं** | **उपभोक्ता समिति** | **कार्यसम्पन्नमा सब बेसको परिमाण** | **भुक्तानी भएको रोयल्टी** |
|---|---|---|---|
| ४७७, २०८२।३।३ | सिर्जना मार्ग सडक निर्माण उस | १६६.०१ | १८७५७ |
| ४९०, २०८२।०३।०५ | अमित यादवको घर देखि अशोक यादवको घरसम्म कालो पत्रे निर्माण उस | ६९.५९ | ७८६२ |
| ६४५, २०८२।३।२५ | मनोज अधिकारीको घर जाने बाटोमा रिटेनिङ्ग वाल माटो ग्राभेल तथा ढलान निर्माण उस | ६७.५८ | ७६३५ |
| **जम्मा** | | | **३४,२५४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,२५४ |

९८ **उपभोक्ता समितिको रकम व्यक्तिलाई भुक्तानी-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **६,८१०,२४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९९ **जटिल संरचना निर्माण-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरु आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीबाट प्रतिस्पर्धात्मक तवरबाट गराउनुपर्दछ। उपभोक्ता समितिबाट जटिल संरचना निर्माण गरिएका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./ मिति | उपभोक्ता समिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३९४, २०८२।२।२४ | साझा उपभोक्ता समिति | कल्भर्ट निर्माण | १६६२३१७ |
| ४९०, २०८२।३।५ | अमित यादवको घरदेखि अशोक यादवको घरसम्म कालोपत्रे निर्माण उस | सडक कालोपत्रे | ८९३१०४ |
| ४५९, २०८२।३।१ | उपभोक्ता समिति जागृत टोल विराटनगर, १२ | सडक ढलान | ९५३१३० |
| ६६०, २०८२।३।२५ | संजय थपलियाको घर जाने बाटो ढलान तथा ल्याब निर्माण | सडक ढलान | ११८६९३६ |
| ४९, २०८२।२।१८ | सन्त नेता कृष्णप्रसाद भट्टराई फाउण्डेसन | भवन निर्माण | ४६९११३९ |
| ६४, २०८२।२।२३ | कृष्ण प्रसाद भट्टराई सामुदायिक भवन निर्माण | भवन निर्माण | ४५००००० |

१०० **म्याकबुक ल्यापटप खरिद-** (८१-2081-06-20):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। पालिकाले रू. ४,४६,३५० मूल्यको एप्पल कम्पनिको MacBook 14” M3 pro एक थान ल्यापटप खरिद गरेको छ। खरिद गरेको ल्यापटप पालिकाका प्रेस संयोजकले बुझिलिएको देखिन्छ। खर्च गर्दा साधनस्रोतबाट अधिकतम प्रतिफल प्राप्त हुने गरी खर्च गर्नुपर्नेमा रू. ४,४६,३५० मूल्यको एउटै ल्यापटप खरिद गर्ने कार्य मितव्ययी देखिएन। अत पालिकाले अस्वभाविक हुने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्दै मितव्ययी तवरबाट खरिद कार्य गर्नुपर्दछ।

१०१ **सोझै खरिद** –

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली,२०६४ को नियम ८४ मा रु. १० लाख देखि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न सडक मर्मत तथा निर्माण कार्यको लागि १० लाख भन्दा कम लागत अनुमान तयार गरी सोझै खरिद विधि मार्फत

निर्माण व्यवसायीसँग सम्झौता गरी देहायबमोजिम कार्य गरेको देखिन्छः

| गोभौ नं | निर्माण व्यवसायि | कार्य | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत | भुक्तानी रकम | खर्चशिर्षक |
|---|---|---|---|---|---|---|---|
| १९२, २०८१।१०।२ | आरुष बिल्डर्स एण्ड निर्माण सेवा | बाटो ग्राभेल | ९५८२७४ | ९४९११९ | ०.९६ | ९४०९१८ | मर्मतसम्भार |
| २५५, २०८१।१०।२२ | एलिसा कन्स्ट्रक्सन | नाला तथा स्लयाब निर्माण | ९५८४८६ | ९५४९४५ | ०.३७ | ९१५८३५ | मर्मतसम्भार |
| ३२५, २०८१।१२।२६ | आचार्य सन्स बिल्डर्स एण्ड इन्जिनियरिङ्ग प्राली | बाटो निर्माण | ९६९३९३ | ९६७५८३ | ०.१९ | ९६५६३४ | बहुबर्षियठेक्का तथा गौरवका आयोजना एवं दायित्व सारी आएका योजनाहरुको भुक्तानी |
| ३२७, २०८१।१२।२७ | शुभ लाभ कन्स्ट्रक्सन | वाल तथा स्लाब निर्माण | ९६७१४४ | ९६५१५६ | ०.२१ | ९४९५३६ | मर्मतसम्भार |
| ३३६, २०८१।१२।२९ | शुभकामना निर्माण सेवा | मन्दिर रंगरोगन | ९६५१८३ | ९६२८३८ | ०.२४ | ९५७७५५ | |
| ३४९, २०८२।१।१४ | अक्षर सोलुसन्स प्रालि | पुल तटबन्धन | ९१८४०३ | ९१४०८९ | ०.४७ | ९१०९९४ | मर्मतसम्भार |
| ३५०, २०८२।१।१४ | आयुष निर्माण सेवा | रेलिङ्ग गार्डेन वाल | ९१५४२२ | ९१११९८ | ०.४७ | ८९१६३२ | मर्मतसम्भार |
| ३६५, २०८२।१।१९ | गंगाइ कन्स्ट्रक्सन | आरसिसि ढलान | ९६९८८३ | ९६५५२६ | ०.४५ | ९५१४१६ | राधाकृष्णमार्गबाट मनकामना मार्गजाने बाटो |
| ३७३, २०८२।१।२५ | धिरु भाई अम्बानी कन्स्ट्रक्सन | बाटो ग्राभेल | ९५८६९८ | ९५४०५३ | ०.४८ | ८९३७०९ | मर्मतसम्भार |
| ३७४, २०८२।१।२५ | ऐश्वर्य लक्ष्मी निर्माण सेवा | कल्भर्ट रिटेनिङ्ग वाल | ८१२८१२ | ८१११९२ | ०.२० | ७४६६६५ | मर्मतसम्भार |
| ३७८, २०८२।१।३० | पराजुली निर्माण सेवा | रिटेनिङ्ग वाल निर्माण | ९६७३६९ | ९६६३१९ | ०.११ | ९६३०८५ | मर्मतसम्भार |
| ४०५, २०८२।२।१२ | आषिस एण्ड बिल्डर्स | भवन | ८५२९९५ | ८४९९९८ | ०.३५ | ७४७४१० | मर्मतसम्भार |
| ४०६, २०८२। | कोशी निर्माण सेवा | ग्राभेल कार्य | ९६८९९६ | ९६२९२० | ०.६३ | ९३३७८२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २।१२ | | | | | | | |
| ४०७, २०८२। २।१२ | आयुष निर्माण सेवा | कल्भर्ट स्लाब निर्माण | ९५६५५५ | ९५३५५७ | ०.३१ | ९२२२८० | मर्मतसम्भार |
| ४०८, २०८२। २।१२ | तरुणदेव निर्माण सेवा | रिटेनिङ्ग वाल र कल्भर्ट निर्माण | ९६७६९७ | ९६४८९५ | ०.२९ | ९३१०३६ | मर्मतसम्भार |
| ४४५, २०८२। २।२९ | रुद्र कन्स्ट्रक्सन | सडक ढलान | ७९२४३८ | ७८७९७२ | ०.५६ | ७५११३० | मर्मत सम्भार |
| ४५०, २०८२। ३।१ | जिन एन एस कन्स्ट्रक्सन | रिटेनिङ्ग वाल र ग्राभेल कार्य | ९६८९६६ | ९६५९०२ | ०.३२ | ९२०५५६ | मर्मतसम्भार |
| ४६६, २०८२। ३।२० | शिवम निर्माण सेवा | बाटो मर्मत | ९४३५९० | ९३७६१९ | ०.६३ | ९२५४९० | मर्मतसम्भार |
| ५०४, २०८२। ३।८ | ए.डि. कन्स्ट्रक्सन | ग्राभेल कार्य | ४८५२७० | ४८१५६५ | ०.७६ | ४२५६०९ | कृष्णमार्ग देखि पश्चिम विवेकान्द अधिकारीको घरसम्म ग्राभेल |
| ५१२, २०८२। ३।१२ | ओमेगा मल्टी ट्रेड एण्ड कन्स्ट्रक्सन सप्लायर्स प्रालि | नाला निर्माण | ९४१८६४ | ९४०२२७ | ०.१७ | ९२५०८० | मर्मतसम्भार |
| ५१३, २०८२। ३।१२ | बिग बि. कन्सल्ट एण्ड बिल्डर्स प्रा.लि. | बाटो ढलान | ९७०२२६ | ९६७८८७ | ०.२४ | ९६१७०७ | मर्मतसम्भार |
| ५१४, २०८२। ३।१२ | विवेक कन्स्ट्रक्सन | भवन मर्मत | ९५९६५१ | ९५६५९३ | ०.३२ | ९५२५०७ | मर्मत सम्भार |
| ५२५, २०८२। ३।१३ | समुन्द्र कन्स्ट्रक्सन | ग्राभेल कार्य | ९६७८४७ | ९६३४०९ | ०.४६ | ९५४७७६ | सुगम मार्गपञ्चमुखी चोक पश्चिम सडकमा ग्राभेल |
| ५७८, २०८२। ३।१९ | पुष्पाञ्जली कन्स्ट्रक्सन | रिटेनिङ्ग वाल | ९६०७७२ | ९५७७०८ | ०.३२ | ९१८९५१ | मर्मतसम्भार |
| ५७९, २०८२। ३।१९ | परिशा एण्ड कम्पनी प्रालि | कम्पाउण्ड वाल | ९२१९७१ | ९२०४२६ | ०.१७ | ८८८५४३ | मर्मत सम्भार |
| ५८१, २०८२। ०३।१९ | नारायण निर्माण सेवा | ग्राभेल कार्य | ९२२०९९ | ९१८४५० | ०.४० | ८७४९१५ | मर्मतसम्भार |
| ५८९, | आज्ञा कन्स्ट्रक्सन | ग्राभेल कार्य | ९१६३९७ | ९१४००० | ०.२६ | ८९१५५६ | मर्मतसम्भार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०८२।३।२२ | | | | | | | |
| ५९०, २०८२।३।२२ | माधव निर्माण सेवा | रिटेनिङ्ग वाल | ९५५२३६ | ९५१८५५ | ०.३५ | ९४८२४० | मर्मत सम्भार |
| ५९१, २०८२।३।२२ | विनि कन्स्ट्रक्सन | रिटेनिङ्ग वाल | ९५३०५५ | ९४९९०५ | ०.३३ | ९४५३१० | मर्मतसम्भार |
| ५९२, २०८२।३।२२ | हलेसी दर्शन निर्माण सेवा | अस्फाल्ट पिच | ९६६४७८ | ९६१४८६ | ०.५२ | ९५८२४४ | मर्मतसम्भार |
| ६०८, २०८२।३।२३ | हिमालयन कन्स्ट्रक्सन | बाटो ढलान | ४८५०१९ | ४८२७२३ | ०.४७ | ४८०२४३ | राधाकृष्णमार्ग ढलान |
| ६१०, २०८२।३।२३ | तालतलैया कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | बाटो ढलान | ९३३९५७ | ९२८४९४ | ०.५८ | ८९२७४६ | मर्मतसम्भार |
| ६१३, २०८२।३।२३ | जय किशन निर्माण सेवा | बाटो ढलान | ९१९९४९ | ९१२०१० | ०.८६ | ८६४२२० | मर्मतसम्भार |
| ६१४, २०८२।३।२३ | एम आर पी निर्माण सेवा | बाटो ढलान | ८०७११२ | ८०३८९८ | ०.४० | ७७१३५१ | मर्मत सम्भार |
| ६२५, २०८२।३।२४ | बगाले निर्माण सेवा | बाटो ढलान | ९७०१४५ | ९६७०५० | ०.३२ | ९००११३ | खार्जीकोहवरा रेडियो नेपाल संचार ग्राम पश्चिम उत्तर जाने बाटो |
| ६३१, २०८२।३।२४ | ओम शक्ति निर्माण सेवा | रिटेनिङ्ग वाल र पिच सडक | ९४८९१७ | ९४६८३१ | ०.२२ | ५९७७८० | मर्मतसम्भार |
| ६४६, २०८२।३।२५ | एस एम कन्स्ट्रक्सन एण्ड मल्टी सप्लायर्स प्रालि | कल्भर्ट निर्माण | ५१९३४४ | ५१६३९८ | ०.५७ | ४६५४५७ | मर्मत सम्भार |
| ६४७, २०८२।३।२५ | सगरमाथा बिल्डर्स | कल्भर्ट निर्माण | ७२१२२० | ७१६१९४ | ०.७० | ६९४६१२ | मर्मतसम्भार |
| ६४८, २०८२।३।२५ | साहारा निर्माण सेवा | रिटेनिङ्ग वाल | ४८५३६३ | ४८४१७६ | ०.२४ | ४७२३६५ | मंगरबारेहटिया देखि पश्चिम पदम खनालको घरसम्म रि वला र ग्राभेल |
| | | **जम्मा** | **३४५२४१९६** | **३४३८६०८६** | | **३३००३१८८** | |

उल्लेखित तालिकामा सोझै खरिदमा अधिकतम ०.९६ प्रतिशत सम्म घटेकोले सोझै खरिद प्रकृया प्रतिस्पर्धात्मक देखिएन। पालिकाले यसरी निर्माण कार्य गर्दा प्रतिस्पर्धा समिति हुने, निर्माण कार्यमा लागत बढ्ने, गुणस्तरीय निर्माण कार्य नहुने जस्ता जोखिम रहन्छ।साथै पालिकाले सोझै खरिदबाट सञ्चालन गरेका योजनाहरुमा खर्च गरेको उल्लेखित रू. ३,३०,०३,१८८ मध्ये रू. २,७९,५५,३०१ एकमुष्ट रुपमा पुँजीगत खर्च तर्फ विनियोजन भएको मर्मत सम्भार शीर्षकबाट भएको छ। अर्थात पालिकाले विनियोजन रकम टुक्राई १० लाख रुपैया भन्दा न्यूनको लागत अनुमान तयार गरी योजना सञ्चालन गरेको देखिन्छ। एकमुष्ट बजेट राखी टुक्राई खरिद गरेको सम्बन्धमा बिनियोजित बजेट कार्यविधि बमोजिम टुक्राई योजना सञ्चालन गरिएको पालिकाको भनाई रहेको छ। टुक्राई खर्च गरिएका योजनाहरु कार्यविधि बमोजिम रहेको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७९,५५,३०१ |

१०२ **विद्युतीय सामग्री जडान-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **९८०,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **९८१,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **९९८,६९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **९८५,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **९९१,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **७०६,४८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **७९०,६६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२७८,९४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२०७,०२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **३,४१५,८७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **९७६,०९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८९८,२३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **९७९,८५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०३ **फरक दररेटमा खरिद** - (६००-2081-09-04):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्मस तथा दर रेटलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले महानगरमा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीको लागि २८० एम एमको स्यानिटरी प्याड विजय श्री सप्लायर्सबाट प्रति गोटा रू.७० का दरले १५०० थान रू.१०५००० मा खरिद गरेको देखिन्छ । पालिकाले विद्यालयका छात्राका लागि समेत स्यानिटरी प्याड खरिद गरेकोमा सो स्यानिटरी प्याड प्रति गोटा रू.३२ का दरले खरिद गरेको देखियो । पालिकाले एक आर्थिक वर्षमा गरेको खरिदमा समेत यसरी प्रति गोटामा रू.३८ बढी भुक्तानी गरेको देखिन्छ । यसरी एउटै प्रकारको स्पेशिफिकेशन भएको सामाग्रीमा फरक फरक दररेट राखी खरिद र भुक्तानी गर्ने कार्य उचित मान्न सकिएन । यसरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१०४ **सोझै खरिद तथा भुक्तानी** - (१९१७-2082-03-17):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा रु.२० लाख भन्दा बढीको लागत अनुमान भएको निर्माण कार्य,मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुल्ला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले महिलाका लागि सीप तथा आर्थिक सशक्तीकरण कार्यक्रमका लागि अटो तथा सिटी रिक्सा ड्राइभिङ्गका लागि प्रति सहभागी रू.१००००० का दरले १० जना महिला तथा किशोरीको लागि मिति २०८१।११।१३ मा ७ दिने सूचना प्रकाशन गरी निवेदन माग गरेकोमा पालिकाले सूचना बमोजिम २६ जनाको निवेदन प्राप्त भएकोमा २६ जनालाई नै वितरण गर्ने भनी मिति २०८२।१।२४ गते कार्यपालिकाको बैठकबाट निर्णय गरी रकम समेत थप गरी प्रति सहभागीलाई रू.११९००० का दरले अनुदान दिने भन्ने उल्लेख गरेको देखिन्छ । २६ जना लाभग्राहीलाई प्रति लाभग्राही रू.११९००० का दरले समानीकरण अनुदानबाट रू.२५९०००० र विविध खर्च खाताबाट रू.५०४००० गरी कुल रू.३०९४०००।– भुक्तानी भएको देखियो । पालिकाले प्रत्येक लाभग्राहीसँग फरक फरक सम्झौता गरी प्रति सहभागी रू.११९००० पालिकाले र नपुग रकम निवेदकले व्यहोर्ने गरी सिटीरिक्सा खरिद गरेको कागजात बमोजिम कुलायन इ.भि.इन्ड्रस्टिज प्रा.लि.लाई रकम भुक्तानी गरेको देखिन्छ ।यसरी पालिकाले बार्षिक बजेट विनियोजन गर्दा रु. १० वटा सिटीरिक्सा खरिदको लागि रकम विनियोजन गरेकोमा सूचना प्रकाशन पश्चात रकम रकमान्तर गरी संख्या थप गरी खरिद गरेको देखियो । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा रु.२० लाख भन्दा माथिको खरिदकार्यको लागि खुल्ला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था विपरित पालिकाले प्रत्येक व्यक्तिको लागि एउटै सप्लायर्ससँग पटक पटक खरिद गरी रकम भुक्तानी हुँदा खरिद कार्य प्रतिस्पर्धी भएको नदेखिएकोले यसरी सोझै खरिद भएकोकार्य नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३०,९४,००० |

१०५ **लागत साझेदारी रकम** - (७१८-2081-09-24):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **४९०,२८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०६ **फोहरमैला व्यवस्थापन** –

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । महानगरले फोहरमैला व्यवस्थापन गर्न महानगरलाई ३ क्षेत्रमा विभाजन गरी उत्तरी भाग वडा नं १ देखि ५ र १९ को लागि नेपाल फुलबारी बेष्ट थ्री आर पोलुषन कन्ट्रोल सर्भिस प्रा.लि सँग मासिक रू.८८,८८८ का दरले मिति २०७८।७।५ गतेबाट ५ बर्षका लागि सम्झौता गरेको पाइयो । मध्यम भाग वडा नं ६ देखि ११ का लागि स्वास्थ्य र शान्तिका लागि वातावरण नेपालसँग मासिक रू.१ का दरले मिति २०७८।७।२६ देखि ५ वर्षका लागि र दक्षिण भाग वडा नं. १२ देखि १८ को

फोहोरमैला व्यवस्थापनको लागि सगरमाथा मल्टी सर्भिस प्रा.ली.सँग मासिक रू.२९९९९९ का दरले मिति २०७८।७।७ देखि ५ वर्षको लागि सम्झौता गरी व्यवस्थापन खर्च भुक्तानी गरेको देखिन्छ । पालिकाले घर, व्यवसाय तथा फोहोरको उत्पतिहुने स्थानको आधारमा प्रत्येक घरपरिवारका लागि फोहरमैला संकलन दस्तुर तोकिदिने र सो अनुसार सेवा प्रदायकले मु.अ.कर सहित असुल गरी फोहरमैला व्यवस्थापन गर्नु पर्ने व्यवस्था सम्झौतामा उल्लेख भएको देखिन्छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन :

| नेपाल फूलबारी वेष्ट थ्री आर पोलुषण कन्ट्रोल सर्भिस प्रा.लि.(उत्तरी क्षेत्र) | | |
|---|---|---|
| वडा नं. | जम्मा घरधुरी संख्या | सदस्यता लिने घरधुरी संख्या |
| १ | ३६५० | १३९४ |
| २ | १९७६ | १०८५ |
| ३ | ५७२६ | ३१४८ |
| ४ | ५५२१ | २१६२ |
| ५ | ४३०४ | १४६४ |
| १९ | १६८६ | ४१ |
| स्वास्थ र शान्तिका लागि वातावरण नेपाल (मध्य क्षेत्र) | | |
| ६ | ४०९८ | १८७८ |
| ७ | १७३६ | ११७७ |
| ८ | ४२५५ | ११८५ |
| ९ | ११८६ | ११५८ |
| १० | २७७० | १६१७ |
| ११ | २९८२ | १२४५ |
| सगरमाथा मल्टी सर्भिस प्रा.लि. (दक्षिण क्षेत्र) | | |
| १२ | ४३४५ | १२९७ |
| १३ | १८२५ | ८१० |
| १४ | २८१० | २१२ |
| १५ | २७३७ | ९१७ |
| १६ | १४९९ | २७० |
| १७ | १८११ | २११ |
| १८ | १९४१ | ० |
| **जम्मा** | **५६८५८** | **२१२७१** |

• सम्झौताको दफा ग.१ अनुसार उत्सर्जन हुने फोहरलाई स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नु पर्दछ ।

• सम्झौताको दफा ग.२९ अनुसार सेवा प्रदायक कम्पनीले प्रचलित कानुन बमोजिम सम्वन्धित निकायमा कर बुझाएको एक महिनाभित्र करहरू भुक्तानी गरिएको प्रमाण सहित लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भएकोमा सोको कार्यान्वियन भएको देखिएन ।

• सम्झौताको दफा ङ अनुसार फोहोरमैला व्यवस्थापनको अनुगमनको लागि गठन हुने क्षेत्रीय स्तरको समितिले महिनाको २ पटक अनुगमन गर्ने र प्रत्येक ३ महिनामा प्रतिवेदन तयार गरी सार्वजनिकीकरण गर्ने समिक्षा तथा अन्तर्क्रिया गर्ने उल्लेख भएकोमा सो गरेको पाईएन।

• सम्झौतामा फोहोरमैला व्यवस्थापनमा सेवा प्रदायक र सेवाग्राहीबीच समन्वय सहजीकरण र चेतनामूलक कार्यक्रम सञ्चालनमा

पालिकाको भूमिका रहने उल्लेख भएकोमा परीक्षणको क्रममा हालसम्म फोहोरमैला व्यवस्थापनको कार्यक्रममा उत्पादित फोहर विसर्जनको लागि सदस्यता लिने र संकलन दस्तुर वुझाउने घर परिवारको संख्या माथि उल्लेख भए अनुसार रहेकोले प्रत्येक घर परिवार यस अभियानमा सहभागी नदेखिएको अवस्था देखिंदा सबै फोहर उत्पादन गर्ने घर परिवारलाई यसमा सदस्यता दिलाउने तर्फ पालिकाको पहल हुनु पर्ने देखिन्छ।

• मिति २०८२ भाद्र २४ गतेको आगजानी तथा तोडफोडबाट सम्झौता लगायतका विवरण नष्ट भएकोले नगदी रसिद लगायतको सम्बन्धमा थप विश्लेषण गर्न सकिएन ।

१०७ **मापदण्ड विपरीत खर्च** - (१५९७-2082-02-19):

महानगरपालिकाले तयार गरेको पदाधिकारी बैठक भत्ता,तालिम,गोष्ठी, कार्याशाला, बैठक भेला तथा अध्ययन भ्रमण खर्च सम्वन्धी निर्देशिका,२०७५ मा तालिम गोष्ठिको लागि मापदण्ड तयार गरेको छ । सोहि बमोजिम लागत अनुमान तयार गरी कार्यक्रम संचालन गर्नुपर्नेमा लोकसेवा तयारी कक्षा संचालनका लागि रू.४९९४६० को लागत अनुमान स्वीकृत गरी दररेट माग गरेकोमा सबैभन्दा कमदररेट पेश गर्ने मेची पोलिटेक्निकल इन्स्चिच्युट प्रा.ली.दमकसँग सम्झौता गरी रू.४९५००० भुक्तानी भएको देखियो । जसमा मिति २०८१।१२।३ देखि २०८२।१।७ सम्म संचालन भएको कार्यक्रममा संलग्न कागजात र खर्च विवरण मिलेको नदेखिएकोले रू.५४००० भुक्तानी रकम सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने रू.

| सि.न. | सामाग्री | रकम | कैफियत |
|---|---|---|---|
| १ | ह्वाइट वोर्ड | २००० | विद्यालयको कक्षा कोठामा नै रहेको |
| २ | साउण्ड सिष्टम | २०००० | विद्यालय भाडामा नै उल्लेख गरेको |
| ३ | ल्यापटप भाडाँ | २०००० | खर्चको मापदण्ड बमोजिम दिन नमिल्ने देखिएको |
| ४ | कार्यम संयोजक | १२००० | ७ दिनसम्म प्रतिदिन १००० र सो पश्चातको प्रतिदिन ५०० का दरले भुक्तानी गर्नुपर्ने पालिका मापदण्डमा उल्लेख भएकोसो भन्दा बढी भुक्तानी भएको । |
| जम्मा | | ५४००० | |

| असुल गर्नुपर्ने | ५४,००० |
|---|---|

१०८ **शिक्षा तर्फ**

१०८.१ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवंम पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर : कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

(ख) निजी विद्यालय व्यवस्थापन :राष्ट्रिय शिक्षा नीति,२०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन।अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ।

(घ) अनुगमन : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ। पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभूत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।

१०८.२ **छात्रवृत्ती निकासाः** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८१।०८२ अनुसार विद्यालयको मागको आधारमा तेस्रो चौमासिकमा विद्यालयहरुलाई पालिकले छात्रवृत्ति अनुदान दिनुपर्ने र पालिकाले विद्यालयले छात्रवृत्ति अनुदान वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गर्नुपर्दछ । पालिकाले देहायको विद्यालयलाई निकासा गरेको रकम भन्दा कम खर्च भएको देखिएकोले सो रकम सञ्चितकोष दाखिला हुनु पर्ने रु

| क्र.सं. | **विद्यालयकोनाम** | **वडा नं** | **सञ्चालित कक्षा** | छात्रवृत्तिको रकम निकासा | विद्यालयबाट खर्च भएको रकम | मौज्दात रकम |
|---|---|---|---|---|---|---|
| १ | आदर्शबालिका मा.वि. | **७** | **१-१०** | ३५६०० | ३१२०० | ४४०० |
| २ | आदर्शमा.वि. | **७** | **१-१२** | २१६९९२९ | २१६४३२९ | ५६०० |
| ३ | राधाकृष्णभु.मा.सिंह कार्की मा.वि. | **१** | **१-१०** | ६८६०० | ५७७०० | १०९०० |
| ७ | विराटमहेन्द्र रात्री मा.वि. | **२** | **१-१०** | ६८०० | ६४०० | ४०० |
| १२ | जनविकासमा.वि. | **१५** | **१-१२** | ३३००० | ३०७०० | २३०० |
| १४ | बाल मा.वि.रानी | **१३** | **१-१०** | ५८८०० | ५७००० | १८०० |
| १५ | बखरी आ.वि. | **१२** | **१-८** | ४५००० | ४३१०० | १९०० |
| २२ | ज्ञाननिकुञ्ज आ.वि. | **८** | **१-५** | ३२००० | २३२०० | ८८०० |
| २३ | जनता नमूनामा.वि. | २ | १-१२ | ८३४०० | ८२००० | १४०० |
| २७ | गोग्राहामा.वि. | ४ | १-१२ | ५८२५०० | ५७९३०० | ३२०० |
| २८ | धरणीधरआ.वि. | ६ | १-८ | २२८०० | १७३०० | ५५०० |
| ३३ | ज्योतिआ.वि. खार्जी | ४ | १-५ | ५७८०० | ३७००० | २०८०० |
| ३७ | मदन नगरआ.वि. | ३ | १-५ | २४४०० | २३२०० | १२०० |
| ४१ | विराटआ.वि. | १८ | १-५ | २६४०० | १६००० | १०४०० |
| ४२ | सुशिक्षानिकुञ्ज आ.वि. | ८ | १-८ | ५०००० | ४६४०० | ३६०० |
| ४३ | रघुपतिआ.वि. | १७ | १-८ | ९८४०० | ६८३०० | ३०१०० |
| | जम्मा | | | १६४५२७२९ | | १२२३०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२२,३०० |

१०८.३ **शिक्षक दरबन्दी र पदपूर्ति स्थिति:** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | दरबन्दी प्रकार | तह | जम्मा दरबन्दी(प्राविधिक धार, विशेष अनुदान, संघीय अनुदान समेत) | स्थायी | अस्थायी/ करार | राहत | संघीय अनुदान | प्राविधिक धार | | | विशे विद्या अनुद |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | सहायक प्रशिक्षक | प्रशिक्षक | विज्ञान शिक्षक | |
| १ | प्राथमिक | कक्षा १-५ | ३९३ | २०८ | १५ | ७० | ० | | | | |
| २ | निम्न माध्यमिक | कक्षा६-८ | ११३ | १०२ | ४ | ५ | १ | | | | |
| ३ | माध्यमिक | कक्षा९-१० | ११५ | ८६ | ० | ८ | ३ | ८ | ८ | ८ | |
| ४ | माध्यमिक | कक्षा११-१२ | ३० | | १४ | | | | ८ | | |
| | जम्मा(१-१२) | | ६५१ | ५१५ | १४ | ८३ | ४ | ८ | १६ | ८ | |

पालिकाले अस्थायी करार तर्फको १९ जना शिक्षक शिक्षा सेवा आयोग माग गर्नु पर्ने र दरवन्दी पुनरावलोकन गरी गरी विद्यालय शिक्षालाई व्यवस्थित वनाउन पहल गर्नु पर्ने देखिन्छ।

१०८.४ **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ।सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ।निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ५६ सामुदायिक विद्यालयहरुको विवरण निम्नानुसार छ।

| क्र. सं. | विद्यालयको नाम र ठेगाना | सञ्चालिततहर कक्षा | जम्मादरबन्दी | विद्यार्थीसंख्या | अनुपात | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पोखरिया मा.वि. | प्राथमिक - (१-५) | **१७** | ६५३ | १: ३८ | |
| | | नि.मा. - (६ - ८) | **५** | ११११९ | १:२२४ | |
| | | मा.वि - (९-१०) | **७** | १०२४ | १:१४६ | |
| | | मा.वि.- (११-१२) | २ | ६९६ | १:३४८ | |
| | | मा.वि.- प्राविधिक धार | ८ | १९० | १:२४ | |
| २ | गोग्राहा मा.वि. | प्राथमिक - (१-५) | ९ | १९१ | १:२१ | |
| | | नि.मा. - (६ - ८) | ८ | ३५६ | १:४५ | |
| | | मा. - (९-१०) | ६ | १८५ | १:३१ | |
| | | मा.वि.- (११-१२) | २ | ७० | १:३५ | |
| ३ | जनता नमुना मा.वि. | प्राथमिक - (१-५) | ५ | २१० | १:४२ | |
| | | नि.मा. - (६ - ८) | ४ | २०५ | १:५१ | |
| | | मा. - (९-१०) | ५ | १०७ | १:२१ | |
| | | मा.वि.- (११-१२) | ३ | ८१ | १:२७ | |
| ४ | जनता मा.वि. | प्राथमिक - (१-५) | ७ | ९५ | १:१४ | |
| | | नि.मा. - (६ - ८) | ४ | ५२ | १:१३ | |
| | | मा. - (९-१०) | २ | २५ | १:१३ | |
| ५ | जनविकास मा.वि. | प्राथमिक - (१-५) | ५ | १११ | १:२२ | |
| | | नि.मा. - (६ - ८) | ४ | ८४ | १:२१ | |
| | | मा. - (९-१०) | ६ | २१४ | १:३६ | |
| | | मा. - (११-१२) | ० | ७० | ०:७० | |
| ६ | जनपथ मा.वि. | प्राथमिक - (१-५) | १५ | ६५४ | १:४४ | |
| | | नि.मा. - (६ - ८) | ६ | ४४१ | १:७५ | |
| | | मा. - (९-१०) | ५ | ३१३ | १:६३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मा. वि- (११-१२) | ० | १३५ | ०:१३५ | |
| | | मा.वि.-प्राविधिक | ८ | ४० | १:५ | |
| ७ | गायत्री संस्कृत मा.वि. | प्राथमिक - (१-५) | ७ | १५८ | १:२३ | |
| | | नि.मा. - (६ - ८) | ३ | ११७ | १:३९ | |
| | | मा. - (९-१०) | ५ | ५७ | १:११ | |
| ८ | विद्याविकास आ.वि. | प्राथमिक - (१-५) | ९ | १७० | १:१९ | |
| | | नि.मा. - (६ - ८) | १ | ८५ | १:८५ | |
| ९ | शिक्षासदन मा.वि. | प्राथमिक - (१-५) | ९ | ९८ | १:११ | |
| | | नि.मा. - (६ - ८) | ४ | ११५ | १:२९ | |
| | | मा. - (९-१०) | २ | ५७ | १:२९ | |
| १० | नारायण आ.वि. | प्राथमिक - (१-५) | ७ | १५० | १:२१ | |
| ११ | धरणिधर आ.वि. | प्राथमिक - (१-५) | ७ | १०४ | १:१५ | |
| | | नि.मा. - (६ - ८) | २ | ४८ | १:२४ | |
| १२ | अरुणोदय आ.वि. | प्राथमिक - (१-५) | ११ | १४८ | १:१४ | |
| | | नि.मा. - (६ - ८) | १ | ९० | १:९० | |
| १३ | भानुमोरङ आ.वि. | प्राथमिक - (१-५) | ६ | ११८ | १:२० | |
| १४ | आर्दश आ.वि. | प्राथमिक - (१-५) | ५ | १०४ | १:२१ | |
| १५ | बाल मा.वि.जतुवा | प्राथमिक - (१-५) | ६ | १५३ | १:२६ | |
| | | नि.मा. - (६ - ८) | ४ | ८७ | १:२२ | |
| | | मा. - (९-१०) | २ | ४८ | १:२४ | |
| १६ | बालमन्दिरआ.वि. | प्राथमिक - (१-५) | ७ | ३१७ | १:४५ | |
| १७ | बखरी आ.वि. | प्राथमिक - (१-५) | ८ | १३७ | १:१७ | |
| | | नि.मा. - (६ - ८) | १ | ६५ | १:६५ | |
| १८ | आर्दशमा.वि. | प्राथमिक - (१-५) | १४ | ५०८ | १:३६ | |
| | | नि.मा. - (६ - ८) | ६ | १०८१ | १:१८० | |
| | | मा. - (९-१०) | ८ | ७९९ | १:१०० | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मा.वि.- (११-१२) | ३ | ९०० | १:३०० | |
| १९ | *सत्यनारायण आ.वि.* | प्राथमिक - (१-५) | ५ | १८२ | १:३६ | |
| २० | बाल मा.वि.रानी | प्राथमिक - (१-५) | १४ | २२३ | १:१६ | |
| | | नि.मा. - (६ - ८) | ३ | १७३ | १:५८ | |
| | | मा. - (९-१०) | ३ | ८३ | १:२८ | |
| २१ | विराट महेन्द्र रात्री मा.वि. | प्राथमिक - (१-५) | ५ | ६८ | १:१४ | |
| | | नि.मा. - (६ - ८) | ४ | ४१ | १:१० | |
| | | मा. - (९-१०) | ५ | २२ | १:५ | |
| २२ | राधाकृष्णभु.सि.कार्की मा.वि. | प्राथमिक - (१-५) | ९ | ३३२ | १:३७ | |
| | | नि.मा. - (६ - ८) | ४ | ३४० | १:८५ | |
| | | मा. - (९-१०) | ५ | १९३ | १:३९ | |
| २३ | मिल्समा.वि. | प्राथमिक - (१-५) | १० | २२१ | १:२२ | |
| | | नि.मा. - (६ - ८) | ११ | ३३२ | १:३० | |
| | | मा. - (९-१०) | ८ | ४१० | १:५१ | |
| | | मा. - (११-१२) | ० | २४३ | ०:२४३ | |
| | | मा.वि.- प्राविधिक धार | ८ | १४२ | १:१८ | |
| २४ | शंकरपुर आ.वि. | प्राथमिक - (१-५) | ४ | ८२ | १:२१ | |
| २५ | सयपत्री परोपकार आ.वि. | प्राथमिक - (१-५) | ४ | ७० | १:१८ | |
| २६ | जनता बाल आ.वि. | प्राथमिक - (१-५) | ९ | ३०१ | १:३३ | |
| | | नि.मा. - (६ - ८) | १ | १२१ | १:१२१ | |
| २७ | महेन्द्र मा.वि. | प्राथमिक - (१-५) | ५ | २०८ | १:४७ | |
| | | नि.मा. - (६ - ८) | ४ | ३०४ | १:७६ | |
| | | मा. - (९-१०) | ५ | १७२ | १:३४ | |
| २८ | मदननगर आ.वि. | प्राथमिक - (१-५) | ५ | १२७ | १:२५ | |
| | | नि.मा. - (६ - ८) | १ | १०६ | १:१०६ | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९ | मा.वि.कञ्चनबारी | प्राथमिक - (१-५) | ८ | २३७ | १:३० | |
| | | नि.मा. - (६ - ८) | ३ | ११६ | १:३९ | |
| | | मा. - (९-१०) | ० | २५ | ०:२५ | |
| ३० | आ.वि.कोचाखाल | प्राथमिक - (१-५) | ६ | १४३ | १:२४ | |
| ३१ | ज्ञाननिकुञ्ज आ.वि. | प्राथमिक - (१-५) | ५ | १३७ | १:२७ | |
| ३२ | सार्वजनिक मा.वि. | प्राथमिक - (१-५) | ९ | १९५ | १:२२ | |
| | | नि.मा. - (६ - ८) | ४ | ८० | १:२० | |
| | | मा. - (९-१०) | २ | ३४ | १:१७ | |
| ३३ | शहीद आ.वि. | प्राथमिक - (१-५) | ४ | ६२ | १:१६ | |
| ३४ | सुशिक्षा निकुञ्ज आ.वि | प्राथमिक - (१-५) | ९ | १८७ | १:२१ | |
| | | नि.मा. - (६ - ८) | १ | ६४ | १:६४ | |
| ३५ | जनता आ.वि. दरैया | प्राथमिक - (१-५) | ६ | ९१ | १:१५ | |
| ३६ | पञ्चकन्या आ.वि. | प्राथमिक - (१-५) | ६ | १०० | १:१७ | |
| ३७ | सत्यनारायण मा.वि. | प्राथमिक - (१-५) | ७ | १०१ | १:१७ | |
| | | नि.मा. - (६ - ८) | ७ | ४६५ | १:६६ | |
| | | मा. - (९-१०) | ६ | ७३५ | १:१२३ | |
| | | मा.वि.- (११-१२) | २ | ७३३ | १:३६७ | |
| | | मा.वि.- प्राविधिक धार | ८ | १६३ | १:२१ | |
| ३८ | सरस्वती मा.वि. | प्राथमिक - (१-५) | ० | ० | ० | |
| | | नि.मा. - (६ - ८) | ८ | २९४ | १:३७ | |
| | | मा. - (९-१०) | ६ | ३९८ | १:६६ | |
| | | मा.वि.- (११-१२) | २ | १६७ | १:८४ | |
| ३९ | दीपज्योति मा.वि. | प्राथमिक - (१-५) | ४ | ७६ | १:१९ | |
| | | नि.मा. - (६ - ८) | ० | ७१ | | |
| | | मा. - (९-१०) | २ | ४४ | १:२२ | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४० | आर्दश बालिका मा.वि. | प्राथमिक - (१-५) | ७ | ९४ | १:१३ | |
| | | नि.मा. - (६ - ८) | ४ | ८८ | १:२२ | |
| | | मा. - (९-१०) | ४ | ८७ | १:२२ | |
| ४१ | विराट आ.वि. | प्राथमिक - (१-५) | ६ | ६६ | १:११ | |
| ४२ | ज्योति आ.वि. | प्राथमिक - (१-५) | ५ | ८६ | १:१७ | |
| ४३ | जनता बाल कल्याण आ.वि. | प्राथमिक - (१-५) | ५ | ७५ | १:१५ | |
| ४४ | शिव आ.वि. | प्राथमिक - (१-५) | ५ | १०९ | १:२२ | |
| ४५ | सिद्धकाली प्रा.वि. | प्राथमिक - (१-५) | ५ | १०५ | १:२१ | |
| ४६ | रघुपति आ.वि. | प्राथमिक - (१-५) | ११ | ४८६ | १:४४ | |
| | | नि.मा. - (६ - ८) | १ | १८८ | १:१८८ | |
| ४७ | जनक आ.वि. | प्राथमिक - (१-५) | ९ | १७२ | १:१९ | |
| | | नि.मा. - (६ - ८) | १ | ९५ | १:९५ | |
| ४८ | माहामाया भगवती प्रा.वि. | प्राथमिक - (१-५) | ७ | १७५ | १:२५ | |
| ४९ | दिघी आ.वि. | प्राथमिक - (१-५) | ४ | ६४ | १:१६ | |
| ५० | शिवजी आ.वि. | प्राथमिक - (१-५) | ५ | १०७ | १:२१ | |
| ५१ | जनता आ.वि. खोक्साहा | प्राथमिक - (१-५) | ११ | २०४ | १:१९ | |
| | | नि.मा. - (६ - ८) | १ | ११४ | १:११४ | |
| ५२ | बिराट बहिरा मा.वि. | प्राथमिक - (१-५) | ७ | ६२ | १:९ | |
| | | नि.मा. - (६ - ८) | १ | ८२ | १:८२ | |
| | | मा. - (९-१०) | २ | ५१ | १:२६ | |
| | | मा. - (११-१२) | ० | ४६ | ०:४६ | |
| ५३ | जागृति प्रा.वि. | प्राथमिक - (१-५) | ३ | १०९ | १:३६ | |
| ५४ | विष्णु आ.वि. | प्राथमिक - (१-५) | ६ | ११५ | १:१९ | |
| ५५ | जनचेतना आ.वि. | प्राथमिक - (१-५) | ५ | २२६ | १:४५ | |
| ५६ | राम आ.वि. | प्राथमिक - (१-५) | ४ | ७४ | १:१९ | |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लिखित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात ५ देखि ३६७ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी

लागत बढ्ने गरेको अवस्था देखियो। अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवम शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्नुपर्दछ।

१०८.५ **IEMIS अनुसार विद्यार्थी सख्याः** पालिक तर्फ सञ्चलन हुने शिक्षा कार्यक्रम कार्यान्विन कार्यविधि २०८१।०८२ अनुसार स्थानीय तहले पालिका अन्तर्गतको विद्यालयमा रहेको विद्यार्थीको विवरण एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा भर्नु पर्ने र ईमिस भरेको विद्यार्थी संख्यालाई सत्यापन गरी सोको आधारमा विद्यालयलाई निकाशा दिनु पर्ने व्यवस्था गरेको छ ।विद्यालयले लिएको अर्धवार्षिक परीक्षाको पालिकावाट अनुगमन गर्दाको अनुगमन प्रतिवेदन अनुसार देहाय विद्यालयमा इमिस संख्या र परीक्षार्थी सख्यामा देहाय अनुसार फरक देखिन्छ ।पालिकाले इमिस विवरणलाई अपडेट गरी सो को सत्यापन गरी रकम निकसा गर्नु पर्दछ ।

| क्र.स. | विद्यालयकोनाम | सञ्चालितकक्षा | IEMIS अनुसार जम्मा विद्यार्थी संख्या | अर्धवार्षिक परीक्षामा सहभागी विद्यार्थी | फरक |
|---|---|---|---|---|---|
| १ | श्रीराधाकृष्ण भूपालमानसिंह कार्की माध्यमिक विद्यालय | ०-१० | ८८७ | ७१८ | १६९ |
| २ | श्रीसयपत्री परोपकार आधारभूत विद्यालय | ०-५ | १०७ | ६८ | ३९ |
| ३ | श्री विराटमहेन्द्र माध्यमिक विद्यालय | ०-१० | १५० | ५२ | ९८ |
| ४ | श्री सहिदआधारभूत विद्यालय | ०-५ | १५८ | १०५ | ५३ |
| ५ | श्री जनतामाध्यमिक विद्यालय इक्राही | ०-१० | २०७ | १४८ | ५९ |
| ६ | श्रीमाध्यामिक विद्यालय कञ्चनवारी | ०-९ | ४१४ | २९१ | १२३ |
| ७ | श्रीआधारभूत विद्यालय कोचाखाल | ०-५ | २०१ | १३५ | ६६ |
| ८ | श्रीसिद्दकाली आधारभूत विद्यालय | ०-५ | १४५ | ११८ | २७ |
| ९ | श्रीजनचेतना आधारभूत विद्यालय | ०-५ | २८७ | १६१ | १२६ |
| १० | श्रीधरणिधर आधारभूत विद्यालय | ०-८ | १९५ | १२० | ७५ |
| ११ | श्रीशिक्षा सदन माध्यमिक विद्यालय | ०-१० | २७७ | २१२ | ६५ |
| १२ | श्री आदर्शमाध्यमिक विद्यालय | ०-१२ | ३३८५ | ३२९० | ९५ |
| १३ | श्रीसत्यनारायण आधारभूत विद्यालय | ०-५ | २११ | १६४ | ४७ |
| १४ | आदर्शबालिका माध्यमिक विद्यालय | ०-१० | २९२ | २७५ | १७ |
| १५ | श्रीगायत्री संस्कृत माध्यमिक विद्यालय | ०-१० | ३५५ | २६० | ९५ |
| १६ | महेन्द्रमाध्यमिक विद्यालय | ०-८ | ७१२ | ५९६ | ११६ |
| १७ | ज्ञाननिकुञ्ज आधारभूत विद्यालय | ०-५ | १६५ | ७६ | ८९ |
| १८ | श्रीनारायण आधारभूत विद्यालय | ०-५ | २०२ | ८९ | ११३ |
| १९ | श्री बालमाध्यमिक विद्यालय जतुवा | ०-१० | ३१९ | २३६ | ८३ |
| २० | श्रीविद्या विकास आधारभूत विद्यालय | ०-८ | २९३ | २०८ | ८५ |
| २१ | श्रीमहामाया भगवती आधारभूत विद्यालय | ०-५ | २४७ | २१३ | ३४ |
| २२ | श्री मिल्समाध्यमिक विद्यालय | ०-१२ | १२६२ | १०४७ | २१५ |
| २३ | श्रीरघुपती आधारभूत विद्यालय | ०-८ | ७०४ | ४०१ | ३०३ |
| २४ | श्री विराटआधारभूत विद्यालय | ०-५ | १०९ | ७२ | ३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | श्री जनताआधारभूत विद्यालय खोक्साहा | ०-८ | ३९६ | ३५० | ४६ |
| २६ | श्री रामआधारभूत विद्यालय | ०-३ | १०१ | ९५ | ६ |
| | | | ११७८१ | ९५०० | २२८१ |

१०८.६ **दिवा खाजा कार्यक्रम:** पालिका तर्फ सञ्चलन हुने कार्यक्रम कार्यान्विन कार्यविधि,२०८१।०८२ अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रति विद्यार्थी दैनिक रु १५ का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने व्यवस्था छ । स्थानीय तहले दिवा खाजा उपलव्ध गराईएका विद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदानदिने व्यवस्था मिलाउने तेश्रो त्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्ने सम्भव भएसम्म स्थानीय तहभित्रका सबै विद्यालयहरुमा एकै किसिमको मेनु व्यवस्थापनमा सहजीकरण गर्नेव्यवस्था रहेको छ।पालिकाले यस वर्ष दिवा खाजमा ५६ विद्यालयलाई १२११२ विद्यार्थीकोलागि रु ४४२२२००० दिवा खाजा भुक्तानी दिएको छ। पालिकाले दिवा खाजाको मेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा पालिकाबाट प्रभावकारी रुपमा अनुगमन गर्नुपर्दछ ।

१०८.७ **विद्यार्थी छात्रवृत्तिः** नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।पालिकाले यस आर्थिक वर्षमा देहाय अनुसार छात्रवृति वितरण गरेको छ ।पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्र.सं | छात्रवृत्तिकोप्रकार | विद्यार्थी संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | छात्रा छात्रवृत्ति | ४९१६ | ४०० | १९६६४०० |
| २ | दलित छात्रवृत्ति | १०४५ | ४०० | ४१८००० |
| ३ | लक्षित वर्ग तथा सिमान्तकृत छात्रवृत्ति | ९१४ | ५०० | ४५७००० |
| ४ | अपाङ्ग सहयोगी सहायता | ६१ | ५००० | ३०५००० |
| ५ | अपांग आवसीय छात्रवृत्ति | २६० | ५०००० | १३०००००० |
| ६ | यातायात सेवा छात्रवृत्ति | ११ | ३००० | ३३००० |
| ७ | शैक्षिक सामग्री छात्रवृत्ति | ३ | १००० | ३००० |
| ८ | अपांग आवसीय छात्रवृत्ति छुट | १९ | ५०००० | ५४१२९ |
| ९ | अपांग आवसीय छात्रवृत्ति छुट | १३ | ५०००० | ५८७०० |
| १० | HIV प्रभावित।संक्रमित विद्यार्थी छात्रवृत्ति | १५ | ५०००० | ७५०००० |
| ११ | विपन्न लक्षित छात्रवृत्ति | ४४८ | ६००० | २६८५००० |
| | जम्मा | | | १६९३२४०० |

१०८.८ **पाठ्यपुस्तक निकासाः.** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८१।०८२ अनुरुप सार्वजनिक विद्यालयमा अध्यनरत विद्यार्थीको लागि प्रथम किस्तामा ७५ प्रतिशत रकम दिने र वाकी रकम विधालयवाट पुस्तक खरिदको वील र वितरण भर्पाई अनुसार भुक्तानी दिने व्यवस्था छ। देहायको विद्यालयलाई बिल र भरपाई भन्दा वढी निकासा भएको रु ८०८७२ असुल गर्नु पर्ने रु

| विद्यालयको नाम | वडा नं. | संचालित कक्षा | पा.पु.शीर्षकमा निकासा भएको कुल रकम | विद्यालयले पेश गरेको बिलमा उल्लेखित रकम | बढी निकासा भएको रकम |
|---|---|---|---|---|---|
| आदर्श मा.वि. | ७ | १-१२ | २०६४२२२.२ | २००५३०१.० | ५८९२१.२ |
| जनपथ मा.वि. | ११ | १-१२ | ८३२६३७.३ | ८१०६८७.० | २१९५०.३ |
| जम्मा | | | २८९६८६० | २८१५९८८ | ८०८७२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,८७२ |

१०८.९ **पालिका अनुदानबाट शिक्षक तलब भत्ता व्यवस्थापनः** शिक्षा नियमावली २०५९ को नियम ९२ को शिक्षक विधार्थी अनुपात अनुसार सोहि नियमावलीको अनुसूची १२ वमोजिमको दरबन्दी यकिन गर्नुपर्ने प्रावधान रहेको छ। अन्तसरकारी वित्त व्यवस्थापन ऐन, २०७४को दफा ९ ले स्थानीत तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता ससर्त अनुदानमा उपलब्ध गराउने प्रावधान रहेको छ।न्यून विधार्थी भएका विधालयमा कार्यरत शिक्षकलाई बढी विधार्थी भएका विधालयमा दरबन्दी मिलान गर्नु पर्ने देखिन्छ । तोकिए बमोजिम शिक्षक विधार्थीको अनुपात कायम गरी शिक्षक नपुग हुने अबस्था देखिएमा मात्रै पालिकाले आन्तरिक स्रोतबाट तलब

भत्ता व्यवस्थापन गर्नुपर्दछ।पालिकाको २० वटा स्कुलमा २० जना शिक्षकलाई पालिका अनुदानबाट शिक्षकको तलब भत्ता वापत रु. ९८१६५१३ खर्च लेखेको देखिन्छ। पालिकाले विद्यालय एकीकरण गर्ने, शिक्षक व्यवस्थापन गर्ने , पालिकाको शिक्षक दरवन्दी मिलान गर्ने र आवश्यक दरवन्दी प्राप्त गर्ने तर्फ पहल गर्नु पर्ने देखिन्छ ।

| क्र.स. | विद्यालयको नाम | वडा | तह | शिक्षण सहयोग अनुदानबाट व्यवस्थापन हुने विषय | तलब भत्ता<br>१३ महिनाका लागि प्रति महिना | जम्मा निकासा रकम |
|---|---|---|---|---|---|---|
| १ | श्री सार्वजनिक मा वि | १९ | मा वि | अंग्रेजी | ४३६८९ | ५७७९५७ |
| २ | बाल मा वि जतुवा | १४ | मा वि | गणित | ४३६८९ | ५७७९५७ |
| ३ | श्री दीप ज्योति मा वि | ३ | मा वि | विज्ञान | ४३६८९ | ५७७९५७ |
| ४ | श्री गायत्री संस्कृत मा वि | ७ | मा वि | संस्कृत | ४३६८९ | ५७७९५७ |
| ५ | श्री लक्ष्मीनारायण वेद विद्याश्रम | १२ | मा वि | सामाजिक | ४३६८९ | ५७७९५७ |
| ६ | श्री लक्ष्मीनारायण वेद विद्याश्रम | १२ | मा वि | अंग्रेजी | ४३६८९ | ५७७९५७ |
| ७ | श्री सार्वजनिक मा वि | १९ | मा वि | नेपाली | ४३६८९ | ५७७९५७ |
| ८ | श्री बाल मा वि जतुवा | १४ | मा वि | नेपाली | ४३६८९ | ५७७९५७ |
| ९ | शिक्षासदन मा वि | ६ | मा वि | सामाजिक | ४३६८९ | ० |
| १० | श्री मा वि कञ्चनबारी | ४ | मा वि | विज्ञान | ४३६८९ | ५७७९५७ |
| ११ | अरुणोदय आ वि | ११ | आधारभूत कक्षा ६-८ | गणित। विज्ञान | ३४७३० | ४६१४९० |
| १२ | श्री जनता बाल आ वि | १४ | आधारभूत कक्षा ६-८ | गणित | ३४७३० | ४६१४९० |
| १३ | श्री विद्या विकासा आ वि | १५ | आधारभूत कक्षा ६-८ | गणित। विज्ञान | ३४७३० | ४६१४९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | जनक मा वि | १८ | आधारभूत कक्षा ६-८ | अंग्रेजी | ३४७३० | ४६१४९० |
| १५ | श्री जनता आ वि खोक्साहा | १८ | आधारभूत कक्षा ६-८ | अंग्रेजी | ३४७३० | ४६१४९० |
| १६ | श्री रघुपति आ वि | १७ | आधारभूत कक्षा ६-८ | अंग्रेजी | ३४७३० | ४६१४९० |
| १७ | श्री बखरी आ वि | १२ | आधारभूत कक्षा ६-८ | गणित | ३४७३० | ४६१४९० |
| १८ | श्री सु शिक्षा आ वि | ८ | आधारभूत कक्षा ६-८ | अंग्रेजी | ३४७३० | ४६१४९० |
| १९ | श्री लक्ष्मीनारायण वेद विद्याश्रम | ११ | आधारभूत कक्षा ६-८ | अंग्रेजी | ३४७३० | ४६१४९० |
| २० | श्री मदन नगर आ वि | ३ | आधारभूत कक्षा ६-८ | अंग्रेजी | ३४७३० | ४६१४९० |
| | | | | | | ९८१६५१३ |

१०८.१ **दिवा खाजा वढी निकाशाः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१,७१२,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१०९ **सुरक्षित आप्रवासन कार्यक्रमः**

सूचना तथा परमर्श, न्यायमा पहुँच, मनोसामाजिक परामर्श, वित्तीय साक्षरत र सीपमूलक तालिममार्फत वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित बनाउने उद्देश्यले नेपाल सरकार र स्वीस सरकारवीच भएको द्विपक्षिय सम्झौता वमोजिम सञ्चालन हूने सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम यस महानगरपालिका अन्तर्गत सन्चालन गर्न संघीय शसर्तवाट देहायको शीर्षकमा वजेट व्यवस्था भएको देखिन्छ । कार्यक्रम सञ्चालनको लागि सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो सस्करण) सञ्चालन तथा मार्गदर्शन, २०८१ स्वीकृत भएको छ ।कार्यविधिको दफा ९ मा स्थानीय तहले वजेट व्यवस्थापन तथा कर्मचारी परिचालन गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायको शिर्षकमा व्यवस्था भएको जम्मा वजेट रु १९९७७३१ सगरमाथा सामुदायिक विकास केन्द्र विराटनगरसँग सम्झौता गरी खर्च गरेको छ । तत्काल कार्यविधि नआईसकेको अवस्थामा कार्य गर्नुपर्ने भएको कारण कार्य गरेको भन्ने पालिकाको भनाइ छ। कार्यविधिको पालना गरी खर्च गर्नु पर्दछ।

| विवरण | जम्मा |
|---|---|
| कार्यक्रम संयोजक पारिश्रमिक | २१८४४५ |
| वैदेशिक रोजगार परामर्शकर्ता पारिश्रमिक | ३४७३०० |
| मनोसामाजिक परामर्शकर्ता पारिश्रमिक | १७३६५० |
| वित्तीय साक्षरता सहजकर्ता पारिश्रमिक | १७३६५० |
| रिटर्नी स्वयमसेवक पारिश्रमिक | २३२५०० |
| कार्यक्रम सयोजक फर्निचर | ८८४९५ |
| बिमा शुल्क | ७२५६ |
| आप्रवासी श्रोतकेन्द्र सचालन खर्च, भ्रमण भत्ता, व्यवस्थापन | २२२४०० |
| मनोसामाजिक परामर्शकर्ताको दैनिक भ्रमण तथा यातायात खर्च र सचार खर्च | ३६९५० |
| वित्तीय साक्षरता कार्यक्रम सचालन खर्च | ७०७०० |
| वैदेशिक रोजगारीमा जान चाहनेलाई गहन अभिमुखिकरण | १२४८१० |
| आप्रवासी श्रोतकेन्द्र सचालन सम्वन्धी समन्वय वैठक | २६५४८ |
| सरोकारवालाहरु सँगको अन्तरकृया तथा अभिमुखीकरण कार्यक्रम | ४५२०० |
| जम्मा | १७६७९०४ |
| मू.अ. कर | २२९८२७.५२ |
| कुल जम्मा | १९९७७३१.५२ |

११० **अटिजम केयर सेन्टर** –

अजिटम केन्द्र संचालन तथा व्यव्थापन सम्बन्धी कार्यविधी,२०८० तयार गरी पालिकाले विराटनगर महानगरपालिका वडा नं. ४ मा मासिक रू.३५००० मा एक घर भाडामा लिएर अजिटम केयर सेन्टर संचालन गरेको देखिन्छ। मिति २०८१ कार्तिक ७ गतेबाट संचालन भएको केन्द्रमा ४ जना विज्ञ शिक्षक र ४ जना सहयोगी शिक्षक राखेको पाइयो । मिति २०८१ कार्तिक ७ गतेबाट संचालन भएको यस केन्द्रमा कुल २० जना बालबालिकाले सेवा लिईरहेको देखिन्छ । यस केन्द्रको स्थापना तथा संचालनमा महानगरपालिकाले यस वर्ष रू.५६२०४२७ खर्च गरेकोमा मुख्य रूपमा निम्न कार्यहरू संचालन भएको देखिन्छ :-

| भौ.न./ मिति | विवरण | रकम |
|---|---|---|
| ५०७-२०८१।८।१७ | फर्निचरसामग्री | ३९७७३६ |
| ५१०-२०८१।८।१७ | फर्निचरसामग्री | १५७६६३ |
| ७८९-२०८१।१०।७ | फर्निचर खरिद | २४८११९ |
| विभिन्न भौचर | घर भाडाँ र विजुली | ४२०००० |
| | पारिश्रमिक कर्मचारी | १३४४४५९.०० |
| ६४३-२०८१।९।५ | सिसि क्यामेरालगायतको सामग्री | ५२८६१४ |
| ६४४-२०८१।९।५ | कम्प्युटर एसीलगायतका सामग्री | ७७४८९८ |
| ७९०-२०८१।१०।८ | अटिजम केयरसेन्टर मर्मत | ९८९६४८ |
| जम्मा | | ४८६११३७ |

(क) अजिटम केन्द्र संचालन तथा व्यव्थापन सम्वन्धी कार्यविधि,२०८० मा ५ देखि ८ जना सम्म विद्यार्थीको लागि १ जना शिक्षकको व्यवस्था गर्न सकिने भनी उल्लेख गरेको देखिन्छ । हाल केन्द्रमा ४ जना करारमा र ४ जना दैनिक ज्यालादारीमा शिक्षक/शिक्षिका रहेको देखियो । कार्यविधि बमोजिम २० जना विद्यार्थीको लागि ४ जना शिक्षकले पुग्ने देखिएकोमा थप ज्यालादारीबाट शिक्षक शिक्षिका राख्नुपर्ने आधार देखिदैन अत कार्यविधीले तोकेबमोजिम आवश्यकता पहिचान गरेरमात्र कर्मचारी राखि रकम भुक्तानी गर्नुपर्दछ ।

(ख) कार्यविधिको दफा ११ मा भौतिक पूर्वाधार व्यवस्थापनको कार्य निर्देशक समितिले तयार गरे बमोजिम हुने भनेकोमा सो सम्बन्धी कुनै कागजात संलग्न भएको देखिएन। पूर्वाधार व्यवस्थापनको लागि खरिद कार्य गर्दा प्याकेजमा गर्ने कार्यलाई पनि पटक पटक टुक्राएर खरिद गरेको देखियो ।खरिदलाई प्रतिस्पर्धी तथा मितव्ययी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

१११ **स्वास्थ्य सामग्रीको अभिलेख -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सार्वजनिक नियकायले खर्च गर्नु अघि आवश्यक बिल भरपाई तथा प्रमाण कागजात रूजु गरेर मात्र खर्च गर्नु पर्दछ । पालिकाले बैजनाथपुर आधारभूत स्वास्थ्य केन्द्रका लागि देहाय बमोजिमका सामग्री खरिद गरी रकम भुक्तानी गरेको पाइयो । लेखापरीक्षणको क्रममा बैजनाथपुर आधारभूत स्वास्थ्य केन्द्रसँग पालिकाले हस्तान्तरण गरेको सामग्रीको विवरण माग गरिएकोमा सो सामाग्रीहरु आम्दानी बाँधेको पाइएन अत पालिकाले ती सामग्रीको अवस्था यकिन गरी सो को प्रमाण पेश गर्नुपर्ने रू.

| गो.भौ/ मिति | कार्यक्रम | सामाग्रीकोविवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १७०८-२०८२।३।३ | स्थानीय आपतकालीन कार्य संचालन केन्द्र विपद सामग्री व्यवस्थापन | होस पाइप | ८४५१३ | पालिकाबाटहस्तान्तरण भएको नदेखिएको |
| | | नोजल | ६०११७ | |
| | | सर्च लाइट | १५९२९ | |
| | | हाइड्रोलिक बोल्ट कट | ३४९५६ | |
| २१८०-२०८२।३।२४ | वारेन्टी पिरियड समाप्त भएका एलईडी लाइटको मर्मत | स्ट्रिट लाइट १०० वाट६५० वटा | ६५०००० | इलेक्ट्रिक इन्जिनियरको प्रतिवेदन संलग्न नरहेको साथै मर्मतकोव दररेट विश्लेषण पेशहुनुपर्ने |
| | | स्ट्रिट लाइट ५० वाट३०० वटा | २८९८०० | |
| २२२५-२०८२।३।२५ | मसलन्द तथा कार्यालय सामाग्री | मोवाइल खरिद | २८५०० | कुन प्रयोजनको लागि खरिद गरेको हो नखुलेको |
| जम्मा | | | ११६३८१५ | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **९,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **४८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **३८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **३३,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **३७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **६५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१५,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **६,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,६३,८१५ |

## ११२ स्वास्थ्यतर्फ

११२.१ **निःशुल्क उपचार सहायताः**जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधी उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागि बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट मृगौला प्रत्यारोपण र डायलाईसिस, क्यान्सर रोगी र मेरुदण्ड र पक्षघातको विरामीलाई रु १०४७०००० खर्च गरेको देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेबसाइटबाट सार्वजनिकिकरण गर्नु पर्दछ ।

११२.२ **औषधी खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधिमध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।यसवर्ष पालिकाले संघीय सर्शत बजेटबाट ३११।२०८२।३।२२ वाट बोलपत्रवाट रु २००७४८९ को औषधी खरिद गरेको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता

पहिचान गरेको देखिएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

| क्रस | औषधीकोनाम | खरिदसंख्या | गत वर्षको अल्या | स्वास्थ्यकार्यालय बाट प्राप्त | जम्मा | खर्च | बाकी(असारमर |
|---|---|---|---|---|---|---|---|
| १ | PARACETAMOL ५०० MG tablet | २५००० | २०० | २००० | २७२०० | २५२०० | २००० |
| २ | AMLODIPINE ५ MG tablet | ४००० | ० | ० | ४००० | ३७०० | ३०० |
| ३ | RANITIDINE १५० MG tablet | ३०००० | ० | ५०० | ३०५०० | ३०५०० | ० |
| ४ | calcium | २२३००० | ९० | ३००० | २२६०९० | २०२००० | २४०९० |
| ५ | METFORMIN ५०० MG tablet | ३५०० | १०० | ५००० | ८६०० | ५५०० | ३१०० |
| ६ | Azithromycin ५००mg | ३५०० | ६० | ३०० | ३८६० | ३५०० | ३६० |
| ७ | METRONIDAZOLE ४०० MG tablet | ५००० | ० | ३०० | ५३०० | ५३०० | ० |
| ८ | CETRIZINE १० MG tablet | १५००० | ६० | १००० | १६०६० | १४५६० | १५०० |
| ९ | AMOXYCILLINE ५०० MG tablet | १३५०० | २०० | ५०० | १४२०० | १३५०० | ७०० |
| १० | Ibuprofen ४००mg | ४५०० | ० | ३०० | ४८०० | ४७५० | ५० |

मानव स्वास्थ्यसँग जोडिएको संवेदनशील र अतिआवश्यक औषधी समयमा नै खरिद गरी नगरका सबै स्वास्थ्य संस्थाहरुमा उपलव्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । कार्यालयले वार्षिक खरिद योजना र औषधी वितरण कार्यतालिका समयमा नै स्वीकृत गर्ने र कार्यातालिका अनुसार औषधी खरिद तथा वितरण प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिएको छ । अत: पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।म्याद नाघेको औषधीलाई नस्ट गर्नु पर्दछ ।

११३ **औषधी उपचार खर्चको सोधभर्ना** - (१३८-2082-05-02):

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ५ बमोजिम स्थानीय तहबाट भुक्तानी भएको रकम अर्धबार्षिक रूपमा सोधभर्ना पाउने छ भनी उल्लेख भएको देखिन्छ। सो बमोजिम मिति २०८० चैत्र देखि २०८१ साल असार मसान्त सम्मको भुक्तानी गर्नुपर्ने रकम संघीय सरकारबाट प्राप्त नभएको भनी आन्तरिक श्रोतबाट पालिकाले भुक्तानी गरेको देखिन्छ । पालिकाले रकम प्राप्त हुनेक्रममा रहेकोले

सोधभर्ना गरिने जनाएतापनि लेखापरीक्षणको अवधिसम्म सोधभर्ना भुक्तानी लिएको नदेखिएकोले निम्नानुसारको रू.२३२००००० सोधभर्ना भएको प्रमाण कागज पेश गर्नुपर्ने देखिएको रू.

| **सि.न.** | **संख्या** | **महिना** | **प्रतिव्यक्ति रू.** | **जम्मा रू.** |
|---|---|---|---|---|
| १ | २० जना | १ महिना | ५००० | १००००० |
| २ | १८६ जना | २ महिना | ५००० | १८६०००० |
| ३ | ८ जना | ३ महिना | ५००० | १२०००० |
| ४ | १२ जना | ४ महिना | ५००० | २४०००० |
| जम्मा | | | | २३२०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,२०,३०० |

११४ **निजी स्वास्थ्य संस्थाको अनुगमन** –

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४७,१७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

११५ **उपप्रमुखसँग गृहिणी कार्यक्रम** –

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा योजना छनौटको आधारहरूको व्यवस्था गरेको छ। जसमा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,उत्पादनमूलक तथा छिटो प्रतिफल दिने लगायत हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाले उपप्रमुखसँग गृहिणी कार्यक्रम वापत नयाँ पुस्ता विराटनगरलाई रू.९९८००० भुक्तानी गरेको देखिन्छ । पालिकाले उपप्रमुखसँग गृहिणी कार्यक्रम सञ्चालनका लागि के कसरी कार्यक्रम संचालन गर्ने हो कुनै पनि कार्यविधि तथा मापदण्ड बनाएको तथा कार्यक्रम संचालनको लागि निर्णयसमेत गरेको देखिएन । मापदण्ड बेगर संस्थामार्फत महिलाहरूका लागि मिति २०८१ चैत्र २१ गते देखि २०८१ जेष्ठ १५ गतेसम्म भाषणकला तथा उद्‌घोषण तालिम पालिकाको विभिन्न पाँच स्थानमा २ दिनका दरले संचालन गरेको देखियो । कार्यक्रम स्वीकृत गर्दा कार्यक्रमको समय तालिका संलग्न नगरेकोमा प्रमाण तथा बिल बिजकमा सहभागीलाई खाना वापत ७० जनालाई प्रति सहभागी रु. ७०० का दरले ५ ठाँउको २ दिनको रु.४९०००० को खानाको बिजक संलग्न गरेको देखियो । अत बजेट विनियोजन भएको प्रयोजनमा भन्दा फरक प्रयोजनमा कार्यक्रम गरेको तथा सो बाट प्राप्त उपलब्धिको लेखाजोखा नभएकोले यस्ता कार्यक्रम संचालन गर्दा निश्चित मापदण्ड तथा कार्यविधि तयार गरी लक्षित समूहसमेत तोकेर कार्यक्रम संचालन गर्ने र सो को प्रभावकारिता समेतको अध्ययन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

११६ **सामाजिक सुरक्षा**

११६.१ **सामाजिक सुरक्षा भत्ता वितरण -** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४, सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमको लागि यो बर्ष संघीय सरकारबाट प्राप्त बजेट मध्ये रू ६९१३३६५७५.००सामाजिक सुरक्षा भत्ता वितरण गरेको आर्थीक विवरण पेश गरेको छ ।पालिकाको अघिल्लो आर्थिक बर्ष र यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको औषतको तुलनात्मक अवस्था देहाय वमोजिम छ।

| लक्षित समुह | आ.व. २०८०।०८१ को चार त्रैमासिकको औसत संख्या | आ.व. २०८१।०८२ को चार त्रैमासिकको औसत संख्या | भत्तादर रु |
|---|---|---|---|
| अन्यजेष्ठ नागरिक भत्ता | ९८३८ | १०२४१ | ४००० |
| जेष्ठनागरिक (दलित) | ५५४ | ६३१ | २६६० |
| जेष्ठनागरिक (एकल महिला) | १९५७ | २०७१ | २६६० |
| विधुवा | २४८७ | २७३३ | २६६० |
| पुर्णअपाङ्गता | ४०७ | ४३७ | ३९९० |
| अतिअशक्त अपाङ्गता | ६४५ | ६७८ | २१२८ |
| दलितबालबालिका | ७६६ | ७६५ | ५३२ |
| **जम्मा** | **१६६५४** | **१७५५६** | |

११६.२ **नागरिकता नम्बर एकै भएका लाभग्राही-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने सम्बन्धि व्यबस्था रहेको छ । नेपाल सरकारले जारी गर्ने नागरिकता प्रमाणपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता प्रमाणपत्र नं. दोहोरो परेको देखिन्छ । पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी दोहोरो परेको भए अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | सामाजिक सुरक्षाको किसिम | वडा नं. | नागरिकता नं |
|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | १ | ०५१०६६ |
| २ | जेष्ठ नागरिक एकल महिला | २ | ०५१०६६ |
| ३ | जेष्ठ नागरिक एकल महिला | १९ | ०५३०३८११७ |
| ४ | विधवा | १९ | ०५३०३८११७ |
| ५ | अन्य जेष्ठ नागरिक भत्ता | १९ | ०५३०३८५७ |
| ६ | विधवा | १९ | ०५३०३८५७ |
| ७ | अन्य जेष्ठ नागरिक भत्ता | १ | ०५३०६६-१३४ |
| ८ | अति अशक्त अपाङ्गता भत्ता | १२ | ०५३०६६-१३४ |
| ९ | अन्य जेष्ठ नागरिक भत्ता | १ | ०५३०६६१६२ |
| १० | विधवा | १ | ०५३०६६१६२ |
| ११ | अन्य जेष्ठ नागरिक भत्ता | ६ | ०५३०८०१० |
| १२ | जेष्ठ नागरिक एकल महिला | ११ | ०५३०८०१० |
| १३ | जेष्ठ नागरिक एकल महिला | ११ | ०५३०८०६८ |
| १४ | विधवा | ११ | ०५३०८०६८ |
| १५ | अति अशक्त अपाङ्गता भत्ता | १४ | ०५३०८३ |
| १६ | अन्य जेष्ठ नागरिक भत्ता | १४ | ०५३०८३ |

११६.३ **निष्कृय बैंक मौज्दात -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७को दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैँकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैँकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने उल्लेख गरेको छ ।यस पालिकाले सामाजिक सुरक्षा भत्ता बितरण गर्ने सम्बन्धित बैंकबाट एक आर्थिक बर्षसम्म वा सो भन्दा बढी समयमा एक पटक पनि रकम नझिकेका लाभग्राहीहरुको विवरण माग गरी सो लाभग्राहीहरुको सम्बन्धमा पालिकाले सुक्ष्म तरिकाले छानबिन गरी उक्त लाभग्राही निष्कृय रहेको अवस्थामा लगत कट्टा गर्नुपर्ने भए गरी बढी भएको रकम तथा निस्कृय रहेको खाताको रकम सघिँय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

| क्र.सं. | सामाजिक सुरक्षाभत्ता वितरण गर्ने बैंक | वडा | निष्कृय खाता संख्या | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक, वरगाछी | ५ | | | निस्कृय खाताको विवरण प्राप्त नभएकोले प्राप्त गर्नु पर्ने |
| २ | राष्ट्रिय वाणिज्य बैंक, विराटनगर | ९ र १० | २० | २,३९,२६५ | वडामा जानकारी गराईयकिन गरी बेरुजु खातामा फिर्ता गर्नुपर्ने |
| ३ | राष्ट्रिय वाणिज्य बैंक, देवकोटा चौक | ७ र ८ | १८ | ९,६९,८४५ | वडामाजानकारी गराईयकिन गरी बेरुजु खातामा फिर्ता गर्नुपर्ने |
| ४ | राष्ट्रिय वाणिज्य बैंक, महेन्द्र चौक | ११ | २ | २८,१२८ | वडामा जानकारी गराईयकिन गरी बेरुजु खातामा फिर्ता गर्नुपर्ने |
| ५ | सिटिजन्स बैंक इन्टरनेशनल महेन्द्र चौक | १२ | १ | १३,६५८ | वडामाजानकारी गराईयकिन गरी बेरुजु खातामा फिर्ता गर्नुपर्ने |
| ६ | कृषि विकास बैंक लि., महेन्द्र चौक | १३ | ४ | १३,८५२ | वडामा जानकारी गराईयकिन गरी बेरुजु खातामा फिर्ता गर्नुपर्ने |
| ७ | राष्ट्रिय वाणिज्य बैंक, सुख्खा बन्दरगाह | १४, १७ र १८ | ० | ० | नभएको |
| ८ | ग्लोबल आई.एम.इ. बैंक लि., तिनपैनी | १ | २ | १,४६,९४४ | वडामा जानकारी गराईयकिन गरी बेरुजु खातामा फिर्ता गर्नुपर्ने |
| ९ | प्रभु बैंक लि., तिनपैनी | २ | १२ | २९१८५ | निस्कृय खाताको विवरण प्राप्त नभएकोले प्राप्त गर्नु पर्ने |
| १० | नबिल बैंक लि., पुष्पलाल चौक | ३ | ० | ० | नभएको |
| ११ | एक्सल डेभलपमेन्ट बैंक लि., कंचनवारी | ४ | ४ | १,३०,८९१ | वडामा जानकारी गराईयकिन गरी बेरुजु खातामा फिर्ता गर्नुपर्ने |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | एभरेष्ट बैंक लि., विराटनगर | ६ | ३ | ४२,३८३ | वडामाजानकारी गराईयकिन गरी बेरुजु खातामा फिर्ता गर्नुपर्ने |
| १३ | एन.आई.सिएशिया बैंक लि.,पुष्पलाल चौक | १९ | | | निस्कृय खाताको विवरण प्राप्त नभएकोले प्राप्त गर्नु पर्ने |
| १४ | एन.आई.सि. एशिया बैंक लि.,रानी | १५ | | | निस्कृय खाताको विवरण प्राप्त नभएकोले प्राप्त गर्नु पर्ने |
| १५ | नेपाल बैंक लि., रानी | १६ | १ | ३५,७४५ | वडामाजानकारी गराईयकिन गरी बेरुजु खातामा फिर्ता गर्नुपर्ने |
| **जम्मा** | | | | **१६४९८९६** | |

११६.४ **मृतकको खातामा भत्ता निकासा -**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२८१,६३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

११६.५ **सामाजिक सुरक्षा भत्ताको त्रैमासिक स्थिति -** सामाजिक सुरक्षा भत्ता नियमावली, २०७६ को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा बार्षिक प्रतिवेदन अनुसुची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने व्यवस्था छ ।यस नियम बमोजिम अनुसुची अनुसार प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गरेको रकम देहाय वमोजिम छ । ।

| वडा नं. | पहिलो त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा |
|---|---|---|---|---|---|
| १ | ९६४५६११ | ९७६७३८८ | ९९११८२१ | १०११३७८७ | ३९४३८६०७.०० |
| २ | ८७४७४६० | ८९४१६५० | ९०४६०६१ | ९२४४९०७ | ३५९८००७८.०० |
| ३ | १४७८३९२४ | १५२१४०६७ | १५५०१३१३ | १५७५०९३९ | ६१२५०२४३.०० |
| ४ | १४०८४९१५ | १४७१४४७१ | १५०२०८८५ | १५२८७४०९ | ५९१०७६८०.०० |
| ५ | ११२८०५४९ | ११५८०५८२ | ११८००३२० | ११९९०२८२ | ४६६५१७३३.०० |
| ६ | ११८९७९३९ | १२२५३५३७ | १२५०७३८२ | १२७५३१२५ | ४९४११९८३.०० |
| ७ | ६४६६०४० | ६५५२८२४ | ६६०९४५५ | ६६८२९५७ | २६३११२७६.०० |
| ८ | ९५९५०९६ | ९६४९५९३ | ९७३७०९९ | ९९१४५२८ | ३८८९६३१६.०० |
| ९ | ६३६३२२७ | ६८४०२१४ | ७०३९०३८ | ७२०१४९४ | २७४४३९७३.०० |
| १० | ८४५२४६२ | ८६९४९३१ | ८८१६१६७ | ८८४२८७० | ३४८०६४३०.०० |
| ११ | ७९२१८८५ | ८२०८६३५ | ८२९७१३६ | ८३८६६६८ | ३२८१४३२४.०० |
| १२ | १०७०४४११ | १०९०६१३३ | १११०८५५९ | ११२८४४४९ | ४४००३५५२.०० |
| १३ | ४६७५५१९ | ४७४४१०५ | ४७५९४८८ | ४८४६१२४ | १९०२५२३६.०० |
| १४ | ७०३६३६७ | ७१४५४२१ | ७३२८७१७ | ७५०८८८४ | २९०१९३८९.०० |
| १५ | ११३१३१७६ | ११६८२३२५ | ११७५७९०७ | ११९८२८३४ | ४६७३६२४२.०० |
| १६ | ६३८४७०० | ६४६६६६३ | ६५१०८९२ | ६६६७८४० | २६०३००९५.०० |
| १७ | ५७७००२० | ५९३७२८४ | ६०७३३५९ | ६१७९९९४ | २३९६०६५७.०० |
| १८ | ६१६६८६७ | ६२९२२६३ | ६३८५६३८ | ६४६७८२७ | २५३१२५९५.०० |
| १९ | ६१५४९७५ | ६२४०३६० | ६३०७७५५ | ६४३३०७६ | २५१३६१६६.०० |
| जम्मा | १६७४४५१४३ | १७१८३२४४६ | १७४५१८९९२ | १७७५३९९९४ | ६९१३३६५७५.०० |

११७ **घाटका लागि दाउराको ब्यवस्थापन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले बेवारिसे तथा अति विपन्न परिवारको लास अन्त्यष्टिका लागि दाउराको ब्यवस्थापनवापत समसानघाट सुब्यबस्थापन समितिलाई राजश्व वाडँफाडबाट रू.६५०००० र आन्तरिक श्रोतबाट रू.७५०००० गरी यस आ.ब.मा रू.१४ लाख खर्च गरेको देखिन्छ ।वडाको सिफारिस तथा तोकआदेशको आधारमा दाउराको प्रयोग भएको संलग्न कागजातबाट देखिए तापनि विपन्न तथा लक्षित समुहले मात्र प्रयोग गरेको भनी भन्न सकिने अवस्था नदेखिएकोले यस्ता कार्यक्रम संचालन गर्दा लक्षित समुह पहिचान गरेरमात्र संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

११८ **प्रमाण, कागज बेगर पेश्की फछ्यौट -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

११९ **टुक्रापारी कार्यक्रम संचालन-**

११९.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्नु पर्ने व्यवस्था छ । महानगरपालिकाले कोशी प्रदेशका १३७ पालिकाका उपप्रमुखहरुको राष्ट्रिय भेला विराटनगरमा मिति २०८२ जेष्ठ २३ र २४ मा गरी विभिन्न शीर्षकमा रू.४१५०,५०० खर्च गरेकोमा यस आ.ब.मा रू.३४ लाख ८६ हजार ८३८ भुक्तानी गरी बाँकी आ.ब.०८२/०८३ को लागि दायित्व सारेको देखियो ।उक्त भेलामा जम्मा १००० व्यक्ति उपस्थित भएको देखिन्छ भने खर्च मध्ये विराटनगर महानगरपालिकाबाट रू.३१५०५०० र कोशी प्रदेश सरकारबाट प्राप्त रू.१०,००,०००।– खर्च साझेदारी गरेको देखिन्छ । यस्ता कार्यक्रम संचालन गर्दा सहभागीको संख्या र उपस्थिति समेतलाई ध्यान दिएर कार्यक्रमको प्याकेज तयार गरी एकमुष्ट कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले प्रत्येक क्रियाकलापको लागि छुट्टाछुट्टै फर्मको नाममा भुक्तानी गरेको देखियो । यस्ता कार्यक्रम गर्दा आर्थिक पारदर्शितालाई ध्यान दिँदै मितव्ययी भएर कार्यक्रम संचालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | भौ.नं. | मिति | विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १७५७ | २०८२/०३/०६ | लिड स्क्रिन डिस्प्ले | ९९४४०.०० | भाडा वापत |
| २ | १७५८ | २०८२/०३/०६ | साउण्ड सिष्टम भाडा | १६०००.०० | भाडा वापत |
| ३ | १७७२ | २०८२/०३/०७ | ब्याग डायरी तथा अन्य सामान खरिद | ३४५०००.०० | अफिस व्याग २००, डायरी २५० र डटपेन २५० थान |
| ४ | १८०६ | २०८२/०३/११ | खाना लगायतको व्यवस्थापन | ८८१४००.०० | २०८२ जेष्ठ २३ र २४ गते खाना २००० जनालाई ३९० का दरले |
| ५ | १८५२ | २०८२/०३/१३ | खादा बापत | १७५००.०० | १०० थान खादा खरिद |
| ६ | १८७५ | २०८२/०३/१५ | आमन्त्रित्र विज्ञहरूको कार्यपत्र प्रस्तुति बापत | ९००००.०० | ३ जना विज्ञ र ३ जना प्यानल छलफलमा विज्ञ भनी ६ जनाको १५००० कादरले भुक्तानी |
| ७ | १९५४ | २०८२/०३/१८ | खाना नास्ता व्यवस्थापन बापत | ५६५०००.०० | २०८२।२।२३ गते बिहान बेलुकाको खाजा २००० जनालाई २०० का दरले |
| ९ | १९७५ | २०८२/०३/१८ | फोटो तथा भिडियो निर्माण बापत | ५००००.०० | भिडियो निर्माण |
| १० | २१३२ | २०८२/०३/२३ | कार्यक्रमको प्रत्यक्ष प्रसारण बापतको | २००००.०० | प्रत्यक्ष प्रसारण वापतकोरकम भुक्तानी |
| ११ | २१४८ | २०८२/०३/२४ | डेकोरेसन बापतको रकम | ९००००.०० | हल सजावत वापत |
| १२ | २१४९ | २०८२/०३/२४ | टिप्पणीलेखन तथा प्रतिवेदन तयारी बापतको | १९५००.०० | ३ जना प्रतिवेदक र ३ जना टिपोटकर्तालाई ३ वटा का दरले |
| १३ | २१५२ | २०८२/०३/२४ | भाडाको सवारी साधन बापतको रकम | ४००००.०० | ४ दिनको लागि सवारी साधन भाडा वापत |
| १४ | २१८९ | २०८२/०३/२४ | फूल र गमला भाडा बापत | ४९५००.०० | भाडामा पाल्टहरू |
| १५ | २१९२ | २०८२/०३/२४ | होटल बास लगायतको खर्च | १९००५७.०० | बिग होटललाई १० वटा कोठा र खाना खाजा |
| १६ | २१९३ | २०८२/०३/२४ | टिप्पणी लेखन उद्घोषण तथा साङ्केतिक भाषा अनुवाद बापतको | १५०००.०० | ४ जना टिप्पणीकर्ताको रकम भुक्तानी |
| प्रदेश शशर्त | | | | | |
| क्र.सं. | भौ. नं. | मिति | विवरण | खर्च रकम | |
| १ | २७ | २०८२/०२/३० | राष्ट्रियसम्मेलनमा कार्यमको नास्ता वापतको रकम भुक्तानी । - | ४५१०.०० | खाजाको रकम भुक्तानी |
| २ | २८ | २०८२/०२/३० | कार्ग्रमकोकार्यपत्र फोटोकपी गरे वापतको रकम | २२४००.०० | फोटोकपी वापत |
| ३ | २९ | २०८२/०२/३० | राष्ट्रियसम्मेलनमा नौमती बाजा बजाए वापतको | १५०००.०० | नौमतीबाजा वापत |
| ४ | ३० | २०८२/०३/०१ | आमन्त्रितविज्ञ तथा प्रशिक्षकहरूको हवाइ टिकट खर्च बापतको रकम | १३६२३०.०० | १२जना अतिथीको हवाइजहाज भाडा वापतको रकम |
| ५ | ३२ | २०८२/०३/०२ | सवारीभाडा | १९२१०.०० | कार्यक्रमस्थलमा ल्याउन लैजान |
| ६ | ३३ | २०८२/०३/०५ | होटलबास लगायतको खर्च बापतको रकम विभिन्न ९ वटा | ७५१०९१.०० | ९वटा होटलको बसोबास गरेवापत रकम भुक्तानी |

| | | | होटलहरू | | |
|---|---|---|---|---|---|
| ७ | ४५ | २०८२/०३/१८ | स्वागतगेट निर्माण बापतको रकम | ५००००.०० | स्वागतगेट निर्माण |
| | | **जम्मा** | | **३४८६८३८** | |

११९.२ पालिकाले उपप्रमुखको राष्ट्रिय भेलाका लागि आमन्त्रित अतिथीको हवाइजहाजको टिकट वापतको रू.१३६२३० खर्च लेखेको देखिन्छ। आमन्त्रित व्यक्तिको विज्ञता तथा पद नखुलाई एकमुष्ट रूपमा कार्यक्रम तथा तयारी भनी एकमुष्ट रकम भुक्तानी भएको देखिएकोले निम्न व्यक्तिहरु विज्ञता तथा पदखुल्ने प्रमाण कागज पेश गर्नुपर्ने रू.

| सि.न. | नाम थर | भुक्तानी रकम |
|---|---|---|
| १ | विष्णु कुमारी पौडेल | ११००० |
| २ | सरस्वती भण्डारी | ११००० |
| ३ | गोपीकृष्ण खनाल | ११४०० |
| ४ | रमेश अधिकारी | ११४०० |
| ५ | रत्नाकार झा | २३२०० |
| ६ | रोशन घिमीरे | १२८३० |
| ७ | ओम धर्मानन्दराजोध्याय | ११४०० |
| जम्मा | | ९२२३० |

| प्रमाण पेश नगरेको | ९२,२३० |
|---|---|

१२० **अन्य कार्यालयको खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ।पालिकाले आफु मातहत नरहेको निम्न कार्यालय तथा संघ संस्थाको लागि निम्नानुसार खर्च गरेको कार्य मनासिब देखिएन । यस्तो प्रकृतिको खर्चले थप व्ययभारमात्र वढ्दै जाने हुँदा देहायबमोजिमको खर्च रकम अनियमित देखिएको रू.

| **भौ.न./ मिति** | **विवरण** | **प्रासगर्ने निकाय** | **रकम** |
|---|---|---|---|
| २५-२०८१।२।२(गत आ.ब.को) | पिकअप भ्यान मर्मत | जिल्ला ट्राफिक प्रहरी कार्यालय विराटनगर | ४०१२३२ |
| ९५३-२०८१।११।१ | फर्निचर सहयोग | जिल्ला ट्राफिक कार्यालय मोरङ्ग | ९९६६६ |
| ९५४-२०८१।११।१ | फर्निचर सहयोग | जिल्ला ट्राफिक कार्यालय मोरङ्ग | १९९४४५ |
| ११७९-२०८१।१२।१५ | संस्थागत अनुदान | नोना कोइराला स्मृती प्रतिष्ठान | २९९५०० |
| १२०५-२०८१।१२।१९ | घर भाडा | कमर्सियल एग्रिकल्चर एलाइन्स | २००००० |
| **जिम्मा** | | | **११९९८४३** |

| अनियमित भएको | ११,९९,८४३ |
|---|---|

१२१ **विद्युतीय तार भूमिगत कार्य-** (310-2081-12-15):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले फोहोरपानी प्रशोधन केन्द्र परिसरमा रहेका विद्युतीय पोलका विद्युतीय तार भूमिगत गरी व्यवस्थापन कार्य गरेको उल्लेख गरी रू. ९,११,७५२ खर्च गरेको छ। पालिकाले तार भूमिगत गरेको कार्यलाई

पुष्टि गर्ने नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश भने गरेको पाईएन। उक्त निर्माण कार्य भएको भन्ने नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,११,७५२ |

१२२ **शीर्षक फरक पारी खर्च** - (३५२-2081-06-22):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्ने र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार तोकिएको खर्च शीर्षकबाट खर्च लेख्नुपर्दछ । तर पालिकाले खर्च शीर्षक २२२१३ बाट खर्च लेख्नु पर्नेमा खर्च शीर्षक २२२१२ बाट रू. ४५८२१५ खर्च लेखेको पाइयो। यसमा कार्यालयले इन्धन कार्यालय प्रयोजनबाट व्याट्री खरिद गरी न्यू विराट टायर सेन्टरलाई भुक्तानी गरेको रकम खर्च संकेत बर्गीकरण बमोजिम मिल्ने नदेखिएकोले शीर्षकफरक गरी गरेको खर्चलाई नियमसम्मत मान्न नसकिएको रू.

| भौ.न./ मिति | खर्च शीर्षक | गरेको खर्च | रकम |
|---|---|---|---|
| ३५२-२०८१।६।२२ | इन्धन कार्यालयप्रयोजन | ब्याट्री खरिद | २६०४६५ |
| ५९८-२०८१।९।४ | इन्धन कार्यालयप्रयोजन | ब्याट्री खरिद | १९७७५० |
| जम्मा | | | ४५८२१५ |

| | |
|---|---|
| अनियमित भएको | ४,५८,२१५ |

१२३ **राजनैतिक कार्यक्रमको रकम भुक्तानी** - (१०८२-2081-11-29):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।पालिकाले मिति २०८१ माघ ८ गते नेकपा एमाले शहरी विकास विभागको आयोजनामा भएको कार्यक्रम वापत खर्चभएको रू.७०००० सप्तकोशी पार्टी प्यालेस विराटनगरलाई भुक्तानी गरेको देखिन्छ ।यसरी पालिकाबाट संचालन नभएको र राजनैतिक दल विशेषले संचालन गरेको रकम भुक्तानी गरेको देखिएकोले यस्ता कार्यक्रमको भुक्तानी दिने पदाधिकारी तथा कर्मचारीलाई समेत जिम्मेवार बनाउदै भुक्तानी भएको रकमलाई नियमसम्मत मान्न नसकिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ७०,००० |

१२४ **सुरक्षित नागरिक आवास कार्यक्रम** - (१३-2081-09-18):

सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ को दफा ६ मा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा वा अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र कार्य नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्न सक्ने व्यवस्था छ। पालिकाले निम्न लाभग्राहीहरुलाई खरको छाना हटाउनको लागि पहिलो किस्ता बापत जम्मा रू. १,८०,००० रकम उपलब्ध गराएको पाईयो। पालिकाले अनुगमन गर्दा अनुदान रकम आवास प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएको र सो रकम असुल गर्ने प्रयास गर्दा समेत हालसम्म असुल हुन नसकेको पालिकाको भनाइ रहेको छ। कार्यविधि बमोजिम खर्च नभएको रकम सम्बन्धित लाभग्राहिबाट असुल गर्नुपर्ने रू.

| क्रम संख्या | लाभग्राही नाम | रकम |
|---|---|---|
| १ | यसोदा देवी मण्डल | ४५००० |
| २ | दिलिप मण्डल | ४५००० |
| ३ | रुना पासवान | ४५००० |
| ४ | राज कुमार पासवान | ४५००० |
| **जम्मा** | | **१८००००** |

| असुल गर्नुपर्ने | १,८०,००० |
|---|---|

१२५ **दोहोरो भुक्तानी** – (१९६२-2082-03-18):

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६३ मा परामर्शदाताले गलत विवरण पेश गरी रकम भुक्तानी भएको देखिएमा निजलाई निश्चित अवधिसम्म कुनै पनि सरकारी खरिद प्रक्रियामा भाग लिन नपाउने गरी कालोसूचीमा राख्ने व्यवस्था रहेको छ ।पालिकाले विपद् तथा जलवायु उत्थानशील योजना तथा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक कार्यको लागि हाम्रो कन्सलटन्सी सेवालाई रू.२९५७५० भुक्तानी गरेकोमा सो बाट योजना निर्माणका लागि पालिका स्तरीय परामर्श कार्याशाला तथा विभिन्न वडाहरूमा समेत कार्याशाला गोष्ठि भएको देखियो । पुन गौ.भ.न.१९६१ बाट समेत स्थानीय अनुकूलन कार्ययोजना निर्माण कार्यका लागि उत्थानशील परामर्श सेवालाई रू.२९५७६७ भुक्तानी गरेको देखिन्छ । उल्लेखित कार्यक्रम फरक फरक संस्थाबाट संचालन गरिएको भएतापनि दुवै संस्थाले पालिकास्तर तथा विभिन्न वडा स्तरमा भएको कार्याशाला गोष्ठिको हाजिरी एउटै राखी रकम भुक्तानी गरेको देखियो ।फरक फरक संस्थाबाट भएको कार्यक्रममा एउटै उपस्थिती राखी सम्पन्न गर्दा खाना खाजा वापत रू.१७९७६७ दोहोरो भुक्तानी भएको देखिन्छ ।यसरी दुई तिर एउटै उपस्थिती राखी कार्य सम्पन्न भएको भनिएको अवस्थामा पछिल्लो कार्यक्रम संचालन नै नभएको जोखिम देखिएकोले यस सम्बन्धमा पालिकाले छानविन गरी दोहोरो भए नभएको यकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्वन्धित संस्थालाई जिम्वेवार बनाउदै दामासाही रूपमा रकम असुल गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | १,७९,७६७ |
|---|---|

१२६ **स्वीकृत नर्म्सको प्रयोग** - (१४४५-2082-01-30):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **१३६,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१२७ **जिन्सी सामग्रीको अवस्था** - (१६०१-2082-02-19):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने र नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।भाषा कला साहित्य संस्कृति सम्पदा संरक्षण तथा प्रवर्दन कार्यक्रम वापत रू.३२०००० को लागत तयार गरी दररेट माग गरिएकोमा सबैभन्दा कम दररेट पेश गर्ने नेपाल सीप विकास तथा प्रशिक्षण केन्द्रले रू. ३१०००० मा ३० जनालाई ५ दिन कार्यक्रम संचालन गरेको देखिन्छ । जसमा भाषा सम्बन्धि विभिन्न जातिहरूको पुस्तक ३० थान, विभिन्न जातिको पोशाक ३० थान र बाजा ३ थानको रू.५५५०० मा खरिद गरेकोमा सो सामाग्रीको अवस्था खुल्न नआएकोले सो सामाग्री उपयोग भएको प्रमाण पेश हुनुपर्ने रू.

| प्रमाण पेश नगरेको | ५५,५०० |
|---|---|

१२८ **फरक शीर्षकमा खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। पालिकाले नगर सभाबाट पारित योजना भन्दा देहायबमोजिम फरक शीर्षकमा रू. ३५२८९३७ खर्च गरेको पाईयो। पालिकाले सभाबाट पारित भएको कार्यक्रममा खर्च नगरी अन्य कार्यमा खर्च गरेको नियमसम्मत नदेखिएको रू.

| गोभो नं | योजनाको नाम | खर्च भएको शिर्षक | खर्च हुनुपर्ने शीर्षक | रकम रू. |
|---|---|---|---|---|
| | वडा नं २ स्थित सयपत्री मार्ग, स्वास्तिक मार्ग र वडा नं ७ स्थित इश्वर मार्ग मार्गमा पिच मर्मत कार्य | मर्मत संभार कोष | बहुबर्षीय ठेक्का तथा गौरवको आयोजना एवं दायित्व सरी आएका योजनाहरुको भुक्तानी | १३८८८६४ |
| ४५९, २०८२।३।१ | जागृति मार्ग कालोपत्रे | जागृति मार्ग आर सि सि (ढलान) कार्य | सडक कालोपत्रेमा खर्च गर्नुपर्ने | ९५३१३७ |
| ६६०, २०८२।३।२५ | संजय थपलियाको घर जाने बाटो पिच | बाटो ढलान तथा स्लाब निर्माण | सडक कालोपत्रेमा खर्च गर्नुपर्ने | ११८६९३६ |
| **जम्मा** | | | | **३५२८९३७** |

| अनियमित भएको | ३५,२८,९३७ |
|---|---|

१२९ **स्वीकृत बजेट बाहिर खर्च-**

प्रदेश सरकारबाट हस्तारण भएको सर्शत अनुदान कार्यक्रम जुन शीर्षकमा प्राप्त भएको हो पालिकाले सोहि बोजिम खर्च गर्नुपर्दछ। पालिकालाई प्रदेश सर्शत अनुदान पुँजीगत तर्फ विराट साहित्य संगम पर्यटन प्रवर्धन, विराटनगर मोरङ शीर्षकमा रु. २९९९९५ बजेट प्राप्त भएकोमा पर्यटन प्रवर्धन गर्न आवश्यक पुँजीगत तर्फ खर्च नगरी विराट साहित्य संगम संस्थाका विभिन्न व्यक्तिहरुले अध्ययन अवलोकन भ्रमणमा भुक्तानी गरेको पाईयो। पालिकाले पुँजीगत कार्यमा खर्च गर्नुपर्ने बजेट अध्ययन भ्रमण जस्तो चालु प्रकृतिका कार्यमा खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | २,९९,९९५ |
|---|---|

१३० **मोबाइलको जिन्सी दाखिला-** (१३२-2081-08-17):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५ मा सम्पत्ति र जिन्सी मालसामानको लगत तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले रियलमि ब्राण्डको एक मोबाइल फोन रू. २८५८९ मा खरिद गरेको देखिन्छ। उक्त मोबाइल जिन्सी दाखिला गरेको पाईएन। पालिकाले उक्त मोबाइल जिन्सी दाखिला गरी कार्यालय प्रयोजनमा प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | २८,५८९ |
|---|---|

१३१ **अनुदान सामग्री** –

पालिकाले पशु सेवाकार्यको लागि अनुदान रकम दिएकोमा अनुदान दिदा संस्था तथा फर्मले नविकरण गरेको, समुहबाट सूचना बमोजिम सामाग्री माग गरेको निर्णय पेश नगरेको तथा बार्षिक आय व्यय विवरण पेश नगर्दा समेत पालिकाले अनुदान उपलब्ध गराउने गरेको देखियो । पालिकाले व्यवसायिक रूपमा संचालन गरेका कृषी फर्मलाई अनुदान दिने गरेको देखिएकोले यस्ता फर्महरूलाई वितरण गर्ने सम्बन्धमा लागत सहभागिता सो को प्रभावकारिता जस्ता पक्षहरूको समेत नियमित अनुगमन गरी अनुदान कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।

| भौ.न./ मिति | विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| २१०३-२०८२।३।२३ | च्यापाकटरखरिद ७५ प्रतिशत अनुदानमा | ५४६१५० | २२थान खरिद गरिएकोमा सबै व्यवसायिक कृषी फर्मलाई वितरण गरिएको |
| २१४०-२०८२।३।२४ | व्यावसायिकफर्महरूलाई सामाग्री खरिद र वितरण | ३३२७३९ | ठेला गाडा ६० पिस, कोदालो ८० पिस, तगारी ८०पिस र गोवर सोहर्ने २०० पिस खरिद गरी ६० फर्म तथा व्यक्तिलाई वितरण भएको |
| **जम्मा** | | **८७८८८९** | |

१३२ **पेश्की नजनाएको** - (२२१७-2082-03-25):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८८ अनुसार, परामर्शदाताले आफ्नो प्रस्तावमा उल्लेख गरेको र सम्झौतामा स्वीकार गरिएको समयतालिका बमोजिम काम गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले पंजिकरण सम्बन्धि पुरानो रेकर्ड पूस्तिकाको विवरणलाई विद्युतिय अभिलेखीकरण कार्य गर्न मिति २०८१ चैत्र २२ मा रू.१२२५६६४ (मु.अ.कर बाहेक) मा ४ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी नेशनल स्कील डेभलपमेण्ट एण्ड रिर्सच सेन्टर प्रा.लि. सँग सम्झौता गरेको देखियो ।मिति २०८२ श्रावण २२ सम्म जम्मा २६७०२८ घटनादर्तालाई विद्युतीय अभिलेखन कार्य गर्नुपर्ने गरी सम्झौता गरेको देखिन्छ ।सो पश्चात मिति २०८२ असार २५ मा ३० प्रतिशत कार्य भएको भनी संस्थाले पहिलो किस्ताको रकम माग गरेकोमा पालिकाले भुक्तानी गर्दा पेश्की जनाउनुपर्नेमा बजेट खर्च लेखी रू.२७७००० भुक्तानी गरेको छ । म्याद थप नभएको र बहुवर्षीय रूपमा सम्झौता गरी पेश्की जनाएर रकम भुक्तानी गर्नुपर्नेमा बजेट खर्च लेखी भुक्तानी गर्ने पालिकाको कार्यलाई नियमसम्मत मान्न सकिएन ।अत पालिकाले यो कार्यको सम्झौताको म्याद समाप्त भएको देखिएको र म्याद थप समेत भएको नदेखिएकोले कानुन बमोजिम बिलम्ब जरीवाना लिएर कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७७,००० |

१३३ **वडा नं २ कार्यालय**-

१३३.१ **जेष्ठ नागरिक विविध कार्यक्रम-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाको २ नं वडा कार्यालयले ६५ वर्ष देखि ७५ वर्ष उमेरका व्यक्तिहरुलाई सप्तरी जिल्लाको कंकालिनी तथा सखडा स्थित छिन्नमस्ता भगवती धार्मिक स्थल भ्रमण गरेको उल्लेख गरी रू. १,४४,८१४ खर्च लेखेको छ। स्रेतासँग संलग्न भ्रमणका फोटोहरुमा युवा तथा बालबालिकाहरुको बाहुल्यता रहेको देखिन्छ। वडा कार्यालयले ६५ वर्ष देखि ७५ वर्ष उमेरका व्यक्तिहरुलाई भ्रमण गराएको उल्लेख गरेतापनि अन्य उमेर समूहका व्यक्तिहरुसमेत समावेश भई खर्च गरेको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,४४,८१४ |

१३३.२ (१०४-2082-03-21):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। वडा कार्यालयले खेलकुद कार्यक्रम अन्तर्गत फुटबल भलिबल लगायत विभिन्न खेलकुद सामग्री खरिद गरी रू. २,५१,५०४ खर्च गरेको छ। सामग्री बितरण भरपाई पेश भएको छैन। मिति २०८२।५।२४ को आन्दोलनमा खरिद गरेको सामाग्री जलेको वडा कार्यालयको भनाइ रहेको छ। वडाले आवश्यकता अनुसार सामग्री खरिद गर्नुपर्नेमा आर्थिक वर्ष २०८१।०८२ मा खरिद गरेको सामग्री बितरण नगरी मौज्दात राखेकोले आवश्यकता पुष्टि नभई खरिद गरेको देखिन्छ। अत वडा कार्यालयले आवश्यकता अनुसार सामाग्री खरिद गरी समयमा नै वितरण समेत गर्नुपर्दछ ।

१३४ **वडा नं ३**

१३४.१ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियमावलीको नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने यकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष वडा नं. ३ ले निम्नानुसार विद्युतिय सामाग्री सोझै खरिद गरेको देखियो। सोझै खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता तथा भुक्तानी हुँदा वडाले प्रतिस्पर्धाको लाभ प्राप्त नहुने अबस्था रहने हुँदा पुराना विग्रिएका वल्वको संख्या यकिन गरी मर्मत तथा वारेन्टी पिरियड भित्र भएमा मर्मत तथा सट्टा गर्ने र प्याकेजमा खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| **गो.भौ.न./ मिति** | **विवरण** | **संख्या** | **दर** | **रकम** |
|---|---|---|---|---|
| ५-२०८१।७।५ | स्ट्रिटलाइट खरिद ३६ वाट | ४७८ थान | २०९०.५ | ९९९२५९ |
| २०-२०८१।१२।२९ | सडकबत्तीका लागि बल्व खरिद | | | |
| | ३६ वाट स्ट्रिट लाइट खरिद | ३०० | २०८८ | ६२६४०५ |
| | २० वाटको एलइडी बल्ब खरिद | २०० | २८२.०५ | ५६४१० |
| | होल्डर लगायत तार | | | १३८१६९ |
| **जम्मा** | | | | **१८२०२४३** |

१३४.२ (७८-2082-03-23):

**फरक दररेटबाट भुक्तानी -**

( ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **६,८४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१३४.३ (२२-2081-11-26):

**बढी मु.अ.कर भुक्तानी -**

( ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **३,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१३५ **रिटेनिङ्ग बाल निर्माण कार्य (वडा नं ३) -**

१३५.१ (८३-2082-03-25):

**कर समायोजन पेश -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ। प्रदेश प्रमुखको निवासदेखि पश्चिम नहरसम्म रिटेनिङ्ग बाल निर्माणकार्यको लागि रू.५७०९३५ को लागत अनुमान तयार गरी मिति २०८२।२।३० मा कार्यसम्पन्न गर्ने गरी सीप विकास टोल निर्माण उपभोक्ता समितिसँग सम्झौता भएकोमा मिति २०८२।३।१५ सम्म म्याद थप गरी रकम भुक्तानी भएको छ । जसमा एभरेष्ट केमिकल ट्रेडर्सबाट एक नं. ईटा १०५८४ वटा रू.२०.५० का दरले भ्याट सहित रू.२४५१७८ भुक्तानी गरेको देखिन्छ।

यसरी निर्माण कार्य सम्बन्धी कार्य गर्ने अनुमती नभएको संस्थाबाट कारोबार भएको देखिएकोले निर्माण सामाग्री विक्री तथा कारोवार गर्ने अनुमति भएको प्रमाण पेश गर्नुपर्ने साथै सो कारोवारको कर समायोजन पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४५,१७८ |

१३५.२(८३-2082-03-25):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा लागत अनुमान तयार गरी सोहि अनुसार कार्यसम्पन्न गर्नुपर्ने व्यवस्था रहेको छ । खन्ने काममा मानिसले गर्ने भनी प्रति घनमिटर रू.५९५.८३ का दरले भुक्तानी दिएकोमा संलग्न कागजातमा मेशिन प्रयोग गरी खनेको देखिएकोले आ.ब.२०८१/८२ को मोरङ्ग जिल्लाको दररेटमा मेशिनबाट रू.८४.१५ उल्लेख भएको देखिएकोले बढी दर रू.५११.६८ का आधारमा २६.४० घनमिटरमा बढी भुक्तानी भएको रू.१३५०८ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,८०५ |

१३६ **वडा नं ८ कार्यालय**- (९८-2082-03-17):

**दलित सिप विकास कार्यक्रम**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। ८ नं वडा कार्यालयले दलित सिप विकास कार्यक्रम अन्तर्गत समृद्ध समाज नेपालसँग सम्झौता गरी गुडिया बनाउने तालिम सञ्चालन बापत रू. १,९९,५०० भुक्तानी गरेको पाइयो। समृद्ध समाज नेपालले सञ्चालन गरेको दलित सीप विकास कार्यक्रममा २० सहभागी मध्ये ५ जना मात्र दलित रहेको पाइयो। दलित समुदायका व्यक्तिहरुलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा अन्य व्यक्तिहरु सहभागी गराई सिप विकास कार्यक्रम सञ्चालन गरेको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,९९,५०० |

१३७ **वडा नं १४**

१३७.१ **गत आ.ब.को भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को १३ मा आगामी आर्थिक बर्षमा भुक्तानी गर्नुपर्ने दायित्वलाई भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरी भुक्तानी दिन सकिने व्यवस्था रहेको छ ।वडाको साईराम मार्ग पक्की नाला निर्माण कार्यको लागि रू.१२८०९३० लागत अनुमान तयार गरी मिति २०७९।१२।१३ मा २०८० बैशाख मसान्तसम्ममा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको पाइयो । पक्की नाला निर्माण उपभोक्ता समितिले कार्यसम्पन्न भएकोले रकम निकासा पाँउ भनी मिति २०८०।३।७ मा निवेदन पेश गरेकोमा वडाले मिति २०८०।३।१५ गते नापी गरेको देखिन्छ । प्राविधिकले फरफारकको लागि मिति २०८१।३।२३ मा निवेदन पेश गरेको देखियो । यसरी आ.ब.२०७९/८० को निर्माण कार्य २०८०/८१ मा कच्चावारी प्रमाणित गरी राखेकोमा सो आ.ब.मा भुक्तानी नगरी तथा कच्चावारी समेत प्रमाणित नगरी आ.ब.२०८१/८२ मा रकम भुक्तानी भएको देखियो । शुरू सम्झौतामा निर्माण कार्यको म्याद २०८०।१।३० सम्म रहेकोमा कार्यसम्पन्न २०८०।३।१५ गते भएको देखियो यसरी थप अवधिको लागि म्याद थप भएको समेत देखिएन । यसरी तोकिएको समयमा कार्यसम्पन्न नगरेको र भुक्तानी दिन कच्चावारी प्रमाणित नगरी रकम भुक्तानी दिएको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ११,४९,३५० |

१३७.२ **विद्युतीय सामग्री खरिद तथा प्रयोग** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा लागत अनुमान तयार गरेरमात्र वस्तु तथा सेवा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।वडाले विद्युत सामाग्री खरिद वापत कान्ती सप्लायर्स प्रा.ली.लाई रू.३६९६८४ भुक्तानी गरेको छ । जसमा एलईडी बल्ब १८ वाटको ८४० पिस,होल्डर ८०० पिस लगायतका सामाग्री खरिद भएको देखिन्छ साथै सो पश्चात भौ.न.१५ बाट समेत न्यू सुपर भिजन टेक सोलुसन प्रा.ली.बाट रु.१८६३३७ मा पुन एलईडी बल्ब १८ वाटका ४०० वटा तथा होल्डर समेत ४०० वटा नै खरिद गरी रकम भुक्तानी भएको देखिन्छ। यसरी जिल्लादररेटमा भएको वल्व भन्दा फरक वाटको बल्बको खरिद

भएको देखिएकोले लागत अनुमान तयार गर्दा अन्य समयमा खरिद भएको मुल्यलाई समेत ध्यान दिएर खरिद गर्नुपर्दछ ।यसरी प्रयोग भएको विद्युतिय सामाग्रीको कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश गरेरमात्र खर्च लेख्नेतर्फ वडाले ध्यान दिनुपर्दछ ।साथै यसरी विगतमा खरिद गरेको बिद्युतीय उपकरणको वारेन्टी ग्यारेन्टी यकिन नगरी मर्मतको लागि भनी वल्व तथा होल्डर खरिद गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

१३७.३ **साइकल वितरण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १० (घ) अनुसार बजेट विनियोजन गर्दा प्रतिफल नदिने, छरिएका र वितरणमुखी योजनाहरूमा रकम विनियोजन गर्न नहुने व्यवस्था रहेको छ । वडाभित्र बसोबास गर्ने र सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई प्रति गोटा रु.८८४०.७१ का दरले १५ थान साइकलको रू.१४९८५० मा खरिद गरी वितरण गरेको पाइयो। एसईई दिएर कक्षा ११ मा भर्ना हुने र १२ सकेर स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीलाई वितरणका लागि साइकल खरिद गरिएको वडा कार्यालयको भनाई रहेको पाइयो। निश्चित कार्यविधी तथा मापदण्ड वेगर वितरण गरिने यस्ता वितरणमुखी कार्यक्रममा पालिकाले नियन्त्रण गर्नुपर्दछ ।

१३८ **ठेक्काको अवस्था (वडा नं १४ ) -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (७) मा सम्झौता बमोजिम कार्य नगरेमा सार्वजनिक निकायले त्यस्तो ठेक्का अन्त्य गर्न सक्ने व्यवस्था रहेको छ । वडाले निम्न ठेक्काको एकपटक रनिङ्ग बिल भुक्तानी गरे पश्चात निर्माण व्यवसायीबाट कुनै बिल पेश नभएको र म्याद थप समेत नभएको र कार्यप्रगति समेत भएको देखिएन। निर्माण व्यवसायीले म्याद थप नगरी अघिल्लो मितिमा कार्यसम्पन्न नहुदै कार्य सम्पन्न भएको भनी भुक्तानीको लागि निवेदन पेश गरी वडाध्यक्षबाट समेत सो निवेदनमा तोक आदेश भएको देखियो। योजना अनुगमन गर्नुपर्ने जिम्वेवारीमा रहेको पदाधिकारीले ऐनको दफा ६१ विपरित कार्यसम्पन्न नहुदै भुक्तानीका लागि तोकआदेश गर्ने कार्य नियमसम्मत दखिएन । अत वडाले सालबसाली योजनाको कार्य सम्पन्न नभएको सम्बन्धमा यकिन गरी सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ बमोजिम निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनुपर्ने अन्यथा ठेक्का अन्त्य गरी दफा ६३ बमोजिमका कारवाहीका लागि पठाउनुपर्ने देखिन्छ ।वडाले संचालन गरेको योजना र ति योजनाको अवस्था देहाय बमोजिम रहेको देखिन्छ :-

१३८.१ BMC/081/082-21 राजवंशी टोल ठाकुर टोल गंगा साहको घरदेखि दक्षिण सरस्वती चौकसम्म कालोपत्र गर्ने कार्यको लागत अनुमान रू.१६८४५२०.०८ तयार गरी मिति २०८१।८।३ मा सूचना प्रकाशित गरेकोमा देवराज विल्डर्सले २८.७२ प्रतिशत कम कबोल र सो मा २७ प्रतिशत छुट गरी रू.११८४२४६ मा कबोल गरि मिति २०८१।१०।१४ मा २०८२।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ । कार्यसम्पादन जमानत रू.१६९००० को म्याद थपबाट २०८३।८।२९ सम्म रहेको देखिन्छ। सब बेस र बेसको कार्य गरी पहिलो रनिङ्ग बिल मिति २०८२।२।१४ मा रू.३९११०१.५९ को पेश भएकोमा सो पश्चात लेखापरीक्षणको अवधिसम्म कुनै पनि बिल पेश भएको पाइएन।



१३८.२ (४३-2082-02-25):

जतुवा दिना यादवको घर अगाडीको बाटो पिच गर्ने निर्माण कार्यको लागि लागत अनुमान रू.१७३१४६४.७६ को तयार गरी मिति २०८१।८।३ मा सूचना प्रकाशन गरेकोमा सबैभन्दा कम कबोल गर्ने देवराज विल्डर्स प्रा.ली.ले रू.१२१७१४९.८३ मा मिति २०८१। १०।१४ मा २०८२।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ । कार्यसम्पादन जमानत रू.१८५००० को म्याद थपबाट २०८३।८।२९ सम्म रहेको देखिन्छ। सब बेस र बेसको कार्य गरी पहिलो रनिङ्ग बिल मिति २०८२।२।२५ मा रू.४४८९०८ को पेश भएकोमा सो पश्चात लेखापरीक्षणको अवधिसम्म कुनै पनि बिल पेश भएको देखिएन ।म्याद थपको निवेदन २०८२।२।२८ मा पेश भएकोमा वडाबाट मिति २०८२ असोज मसान्तसम्म म्याद थप भएको देखियो ।थप भएको समयमा समेत कुनै कार्य प्रगति भएको देखिएन ।वडाले थप भएको समयमा कार्य गर्नका लागि कुनै ताकेता समेत गरेको नदेखिएकोले अधुरो अवस्थामा नै देखिन्छ ।साथै म्याद थप समेत भएको नदेखिएकोले वडालाई समेत जिम्मेवार बनाउदै म्याद भित्र कार्य नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन बमोजिम कारवाही गर्नुपर्ने देखिन्छ ।

१३८.३ (४१-2082-02-19):

कविर मार्गमा कालोपत्र गर्ने कार्यको लागि रू.२४९९२७१.६५ को लागत अनुमान तयार गरी मिति २०८१।११।१४ गते सूचना प्रकाशन गरेकोमा सबैभन्दा कम कबोल गर्ने श्री गणेश हिमाल मल्टी कन्सल्ट प्रा.ली. रू.२४२७००१.६० (भ्याट र पिएस समेत) मा कबोल गरी मिति २०८२।१।२८ मा मिति २०८२।३।१५ भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । पहिलो रनिङ्ग बिलबाट रू.१०५९२७१ भुक्तानी भएकोमा सो पश्चात बिल पेश भएको देखिएन। म्याद थपको अवधिमा समेत कुनै काम भएको नदेखिएकोले बडालाई समेत जिम्मेवार बनाउदै म्याद भित्र कार्य नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन बमोजिम कारवाही गर्नुपर्ने देखिन्छ ।

१३८.४ (४४-2082-02-26):

नयाँ टोल श्री जनता बाल आ.बि.अगाडी दक्षिणतर्फ जानेबाटो कालोपत्रे गर्ने कार्यको लागि रू.१७९९९१० को लागत अनुमान तयार गरी मिति २०८१।८।३ गते सूचना प्रकाशन गरेकोमा सबैभन्दा कम दरभाउपत्र पेश गर्ने श्री देवराज विल्डर्ससँग रू.१७३९९७३.२० मा मिति २०८१।१२।१० मा २०८२।२।२९ भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ। कार्यसम्पादन जमानत रू.८७००० को म्याद पटक पटक गरी मिति २०८३।८।२९ सम्म थप भएको देखियो ।ठेक्काको म्याद मिति २०८२।२।२८ गतेको निर्णय बमोजिम २०८२ असोज मसान्तसम्म रहेकोमा पहिलो रनिङ्ग बिल मिति २०८२।२।२६ मा रू.५१७४४९ को भुक्तानी पश्चात कुनै काम भएको नदेखिएकोले बडालाई समेत जिम्मेवार बनाउदै म्याद भित्र कार्य नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन बमोजिम कारवाही गर्नुपर्ने देखिन्छ ।

## १३९ **वडा नं १५**

१३९.१ (१८-2081-12-20):

**निर्माण अवधि** - गणेश सुवालको घरदेखि शम्भु कुर्मीको घरसम्म पक्की नाला निर्माण कार्यको लागि रू.७७६०८०.५२ को लागत अनुमान तयार गरी दरभाउपत्र माग गरेकोमा कमदररेट पेश गर्ने श्री एम एस निर्माण सेवाले म.अ.कर सहित रू.७७३८३७.३४ मा मिति २०८१।११।१५ गते भित्र कार्यसम्पन्न गर्नेगरी मिति २०८१।१०।७ मा सम्झौता भएको देखियो । भौचरसाथ संलग्न कागजातका आधारमा अन्तिम बिल भुक्तानीको लागि मिति २०८१।११।१५ गते निवेदन दर्ता गराएकोमा ल्याव टेष्ट प्रतिवेदन भने मिति २०८१। ११।२६ गतेको देखिन्छ । वडाले कार्यसम्पन्न नहुदै भुक्तानीको निवेदन दर्ता गर्ने गरेको देखियो । अत निर्माण कार्यको नापी मिति २०८१।१२।५ मा गरेको देखिएकोले सम्झौता अवधि भन्दा ११ दिन पछि कार्यसम्पन्न भएको देखिएकोले मुल्य अभिवृद्धी कर बाहेकको सम्झौता रकम रू.६७६६७० को दैनिक ०.०५ प्रतिशतको दरले हुने ११ दिनको रु.३७२१ रकम सम्बन्धीत निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७२१ |

१३९.२**अन्य वडामा योजना संचालन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत आफ्नो वडाभित्रका योजनाहरूको कार्यान्वयन, अनुगमन र उपभोक्ता समिति गठन गर्ने अधिकार सम्बन्धित वडालाई दिइएको छ।साझेदारीमा बाहेक वडाका लाभग्राही सोहि वडाका बासिन्दा हुने भएकोले अन्य वडामा कार्यक्रम संचालन गर्न नमिल्ने देखिन्छ । वडा नं. १५ ले आफ्नो वडाभित्रको लागि योजना संचालन गर्नुपर्नेमा अन्य वडामा कुनै सम्झौता तथा साझेदारी नगरी लागत अनुमान तयार गरी निम्न वडामा उपभोक्ता समिति तथा निर्माण व्यवसायीबट कार्य गराएर रकम भुक्तानी गरेको देखियो । यसरी आफ्नो कार्यक्षेत्रभन्दा बाहिर अन्य वडामा कार्य संचालन गर्ने कार्यलाई नियमसम्मत मान्न नसकिएको रू.

| **गो.भो.न/ मिति** | **योजना** | **संचालनवडा** | **लागतअनुमान** | **भुक्तानीरकम** |
|---|---|---|---|---|
| २२-२०८२।१। १५ | दुर्गा मन्दिर भवन सुरक्षित गर्न टिन सेड निर्माण वापत मन्दिरनिर्माण उपभोक्ता समुह | वडा नं. १६ | ६९९८१३ | ६९९४६१ |
| ३२-२०८२।३। २२ | लक्ष्मी गडेरीको घरदेखि राजेन्द्र यादवको घरसम्म अधुरो बाटो समेत ३वटा योजना | वडा नं. १४ | ८९०५०७.२३ | २७४३८४.६१ |
| **जम्मा** | | | **१५९०३२०** | **९७३८४६** |

| | |
|---|---|
| अनियमित भएको | ९,७३,८४६ |

१३९.३ (२४-2082-01-21):

**ढिलो कार्यसम्पन्न** – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा सम्झौताको समयअवधिभित्र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई दैनिक ०.०५ प्रतिशत जरिवाना लगाउन सकिने व्यवस्था रहको छ । वडाबाट संचालन भएका अधिकांश योजनाहरूमा सम्झौता अवधि भित्रनै निर्माण व्यवसायीले कार्यसम्पन्न भएको भनी निवेदन पेश गर्ने गरेको देखियो । संलग्न अन्य ल्याव टेष्ट तथा प्रमाण कागजले सो कार्य निवेदन पेश गरेको समयभन्दा पछि सम्पन्न भएको देखिन्छ ।वडाले सुमन आर्टको अधुरो बाटो आर.सि.सि. र नाला वापत लागत अनुमान रू.९९८८४८.३९ तयार गरी सूचना प्रकाशन भएकोमा सबैभन्दा कम कबोल गर्ने प्रतिक एण्ड अमन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली.सँग रू.९६७२८८.३७ मिति २०८१।११।१ मा २०८१।११।३० भित्र कार्यसम्पन्न गर्ने गरी एक महिनाको समयावधी दिएर सम्झौता भएको देखिन्छ ।संलग्न निवेदन,नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन बमोजिम सो कार्यको नापी मिति २०८२।१।८ गते भएको देखियो ।अत सम्झौता भन्दा ३७ दिन ढिला गरी कार्यसम्पन्न गरेको देखिदा सम्झौतामा उल्लेख भएको मिति भन्दा ३७ दिन कार्यसम्पन्न भएको देखियो अत सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम सम्झौता रकम रू.९६७२८८.३७ को प्रतिदिन ०.०५ प्रतिशतका दरले ३७ दिनको रू.१७८९५ सम्बन्धित व्यवसायीबाट असुल हुनुपर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,८९५ |

१३९.४**मोटरसाईकल मर्मत** – वडाले वडाअध्यक्षको प्रयोगमा रहेको को १ प. १९२४ नम्वरको दुई पाङ्गे निजी मोटरसाईकल बिग्रिएको भनी मिति २०८२।३।१९ को विजक बमोजिम रू.१२३०० अमर मोटरसाइकल रिपरियरिङ्ग सेन्टरलाई भुक्तानी गरेकोमा पुन: भौ .न.६०-२०८२।३।२५ बाट सोहि नम्बरको मोटरसाईकल रेहान मोटरसाईकल रिपरियरिङ्ग सेन्टरबाट मर्मत गराएको भनी १३९१० भुक्तानी गरेको देखिन्छ ।१० दिनको समयावधी भित्र एउटै मोटरसाइकल फरक फरक पसलबाट मर्मत गरेको भनी निजी नम्वरप्लेटको सवारी साधन मर्मत गरेको देखिएकोले मर्मत खर्च सम्बन्धित बाट असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,२१० |

१३९.५**सक्कल बिजक वेगर भुक्तानी** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा विजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ जसमा कुनै पनि वस्तु वा सेवाको आपूर्ति गर्दा बिक्रेताले अनिवार्य रूपमा विजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ ।महेन्द्र तत्माको घरदेखि दयानन्द गगरीको घरसम्म सडक निर्माणको लागि रू.१०६२२३१ को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सोहि बराबरको रकममा सम्झौता गरेकोमा सम्झौतागर्दा सम्झौता मिति र कार्यसम्पन्न गर्नुपर्ने मिति खाली राखी सम्झौता गरेको देखियो । संलग्न बिजक बमोजिम

सो कार्यको बिल रकम भुक्तानीको लागि उपभोक्ता समितिले मिति २०८२।३।१५ गते निवेदन पेश गरेकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार रू.८९३६०२ भुक्तानी भएको छ ।जसमा सोवविए ट्रेडर्सको लकडी बिल रू.१९२००, एस.एन.एस. सरभिसेज प्लाइको बिल रू.१७६०० र योजना बोर्ड रू.२००० गरी कुल रू.३९००० को बिजक कम्युटरबाट प्रिन्ट गरेर संलग्न गरेको देखिन्छ । अत मिति उल्लेख नगरी सम्झौता गरेको र उपभोक्ता समितिमा एकाघरका सदस्यसमेत रहेको देखिएको तथा संलग्न बिजक आपूर्तिकर्ताबाट जारी नभई कम्प्युटरबाट प्रिन्ट गरी पेश गर्दा समेत रकम भुक्तानी भएको देखिएकोले सक्कल बिजक पेश हुनुपर्ने अन्यथा सो रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,००० |

१४० **वडा नं १६**

१४०.१ **ढुवानी कर** - आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा ८ अनुसार सार्वजनिक निकायले ढुवानी सेवाको भुक्तानी गर्दा कुल भुक्तानी रकमको २.५ प्रतिशत अग्रिम कर कट्टी (TDS) गर्नुपर्ने व्यवस्था रहेको छ। च्याङ्गवारी धार कल्भर्ट निर्माणको लागि लागत अनुमान रू.१८२४९९० को लागत अनुमान तयार गरी निर्माण कार्य च्याङ्गधारी धारमा कल्भर्ट निर्माण उपभोक्ता समिति मार्फत निर्माण कार्य भएकोमा सो कल्भर्ट निर्माणको लागि एम.ए.ढुवानी सेवाबाट ढुंगा गिटी लगायतका निर्माण सामाग्री ढुवानी वापत रू.५२४१३० भुक्तानी हुँदा सो ढुवानीमा २.५ प्रतिशत ढुवानी करकट्टी गरेको नदेखिएकोले सो रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,१०४ |

१४०.२ (४१-2082-02-13):

**निर्माण कार्यको गुणस्तर**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गर्दा सम्झौतामा उल्लेखित ड्रइङ, डिजाइन र स्पेसिफिकेसन बमोजिम हुनुपर्ने उल्लेख भएको देखिन्छ । नेपाल बैंक लिमिटेड देखि मिल्स मा.वि.पछाडीको पर्खालसम्म स्लाव निर्माण र लक्ष्मी यादवको घरदेखि राम वहादुर चौधरीको घरसम्म अधुरो आरसिसि नाला निर्माण कार्यको लागि लागत अनुमान रू.६३०१७४.०१ तयार गरी कम दररेट पेश गर्ने बि.ए. निर्माण सेवासँग रू.६२६८३४.३८ मा मिति २०८१।३।१० भित्र कार्यसम्पन्न गर्ने गरी मिति २०८१।१०।१५ मा सम्झौता भएको देखिन्छ ।स्ल्याव निर्माणको M15 को टेष्ट हुदाँ ल्याव टेष्ट फेल भएको देखिएकोले सो स्लावको परिमाण घटाएर रू.४१०८५९ भुक्तानी भएको देखिन्छ । वडाले सो स्लावलाई पुन निर्माण गराएरमात्र सम्वन्धित फर्मलाई भुक्तानी दिनुपर्नेमा सो नगरेको कारणले हालसम्म सो कार्य अधुरो रहेको देखिन्छ । GCC को दफा ३५ र ३६ अनुसार प्राविधिकले व्यवसायीलाई लिखित रूपमा "Defect Notice" जारी गरी फेल भएको स्ल्याबलाई भत्काएर पुन: सम्झौता बमोजिमको गुणस्तरमा निर्माण गर्न लगाउनु पर्नेमा सो कार्य को रकम कट्टा गरेको नियमसम्त देखिएन। निर्माण व्यवसायीले फेल भएको स्ल्याब सुधार्न अस्वीकार गरेमा वा ढिलाइ गरेमा वडा कार्यालयले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ बमोजिम सम्झौता रद्द गरी कार्यसम्पादन जमानत (Performance Bond) जफत गर्नुपर्नेमा सो नगरी भुक्तानी दिएको देखिदा सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाउदै भुक्तानीमा रू. १८०४७ धरौटी वापत करकट्टी गरेको देखिएकोले गुणस्तरीय कार्य नगर्ने निर्माण व्यवसायीको भुक्तानीमा कट्टी गरेको सो रकम राजश्व दाखिला गरी सो को प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,०४७ |

१४१ **वडा नं १७-**

**नाला निर्माण तथा सडक स्तरोउन्नति** - वडाको आवश्यक ठाँउमा ग्राभेल र गफुरटोल मोहम्मदको घरअगाडि अधुरो नाला निर्माण तथा सडक स्तरोउन्नति (माटो हाल्ने) कार्यको लागि रू.७७३०८५.२२ को लागत अनुमान तयार गरी दररेट माग भएकोमा सबैभन्दा कम कबोल गर्ने गणेश हिमाल मल्टि कन्सल्ट प्रा.लि सँग रू.७७२९२५.०८ मा मिति २०८२।२।३० भित्र कार्यसम्पन्न गर्ने गरी मिति

२०८१।१२।७ मा सम्झौता भएकोमा कार्यसम्पन्न प्रतिवेदन बमोजिम अन्तिम बिल भुक्तानीमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् :-

१४१.१(३५-2082-03-24):

**करकट्टी नगरी भुक्तानी** - आयकर ऐन, २०५८ को दफा ८९ मा निर्माण कार्य वा सामग्री आपूर्तिको रकम भुक्तानी गर्दा अग्रिम आयकर वापत १.५प्रतिशत करकट्टी गर्नुपर्ने व्यवस्था छ। अन्तिम बिल भुक्तानीमा कट्टी गर्नुपर्ने रकम कट्टी नगरी बिल रकम भुक्तानी भएको देखिएकोले महानगरपालिकाको कर १.५ र अग्रिम आयकर १.५ प्रतिशतका दरले हुने रु. २०२३० सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,२३० |

१४१.२(३५-2082-03-24):

**कर समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७९ मा कर समायोजन सम्बन्धि व्यवस्था रहेको छ ।मिति २०८२।३।३० को विजकबाट भुक्तानी भएको मु.अ.कर वापतको रू.८७३९९.३९ को कर समायोजन पत्र पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८७,३९९ |

१४२ **जरिवाना रकम (वडा नं १७ ) -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा सम्झौताको समयअवधिभित्र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई दैनिक ०.०५ प्रतिशत जरिवाना लगाउन सकिने व्यवस्था रहको छ ।वडाबाट संचालन भएका निम्न योजनामा निर्माण व्यवसायीले नै सम्झौता मितिभन्दा ढिला गरी भुक्तानीको लागि निवेदन पेश गरेको देखिन्छ । सो सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ :

१४२.१(२१-2082-03-18):

लाइन क्वाटर कल्ब छेउको बाटो आ.सि.सि.ढलाई निर्माणको लागि रू.८६९९६८.५३ को लागत अनुमान तयार गरी दररेट माग गरेकोमा सबैभन्दा कम दररेट पेश गर्ने बिशाल चुरे कन्सट्रक्सन एण्ड सप्लायर्स सँग रू.८६९०८०.२१ (०.४५ प्रतिशत न्यूनमा) सम्झौता भई रू.८५३४०० भुक्तानी भएको छ ।सम्झौता बमोजिम कार्य २०८२ जेष्ठ मसान्तसम्ममा सम्पन्न गरिसक्नुपर्नेमा संलग्न कागजात बमोजिम मिति २०८२।३।१३ गते अन्तिम बिल भुक्तानीको लागि निवेदन पेश गरेको देखिएकोले १३ दिनको दैनिक ०.०५ प्रतिशतका दरले हुने रू.५६५० असुल गर्नुपर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६५० |

१४२.२ऐबूल मूखीयाको घर छेउको अधूरो बाटो निमार्णका लागि लागत अनुमान रू.६७७२४४.५ तयार गरी दररेट माग भएकोमा सबैभन्दा कम कबोल गर्ने दुर्गा विल्डर्स प्रा.लि.सँग रू.६७४६७१.२८ मा मिति २०८२।३।१० गतेसम्म कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा रू.६६५९१३ भुक्तानी भएको छ । निर्माण व्यवसायीले भुक्तानीको लागि मिति २०८२।३।२४ गते निवेदन पेश गरी रकम भुक्तानी गरेको देखिन्छ ।यसरी सम्झौता मितिभन्दा १४ दिन ढिलो गरी कार्यसम्पन भएको देखिएकोले दैनिक ०.०५ प्रतिशतका दरले हुने रू.४७२३ असुल गर्नुपर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,७२३ |

१४३ **वडा नं १९**

१४३.१(२४-2082-02-01):

**बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । वडाले मिलनचौक उत्तरको नालामा ह्युम पाइप

लगाई पानी निकासका लागि ह्युप पाइप जडानको लागी रू.१७६४३५२.५१ को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा लागत साझेदारीको १५ प्रतिशत कट्टा गरी रू.१४४८४०८ भुक्तानी भएको देखिन्छ । जसमा ह्युम पाइप जडानको लागि एक कक्रिट उद्योगबाट ९० सेमि व्यास भएको ह्युपपाइप ३७ थान खरिद गरी जडानको लागि आवश्यक खन्ने तथा जडानसम्मका खर्चहरूको भुक्तानी भएको देखियो । मोरङ्ग जिल्लाको आ.ब.०८१/०८२ को जिल्लादररेटमा ९० से.मि.व्यास भएको ह्युमपाइप २.५ मिटर हुने र दररेट रू.२५४१० उल्लेख भएकोमा पालिकाले सो मा अन्य लोडअनलोड खर्च सहित प्रति मिटर १२८७७.९९ दर तोकेको देखिन्छ । जसअनुसार ३७ थानको ९२.५ मिटर गणना गरी रकम भुक्तानी गर्नुपर्नेमा ९५.७२ मिटरको भुक्तानी भएको देखिएकोले ३.२२ मिटर बढी भुक्तानी भएको रू.४१४६७ सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,४६७ |

१४३.२(४-2081-05-18):

**कार्य स्वीकार प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ (४) मा सम्झौताका सर्तहरू र प्राविधिक गुणस्तर पूरा भएको यकिन भएपछि मात्र अधिकार प्राप्त अधिकारीले कार्य स्वीकार गर्नुपर्ने व्यवस्था रहेको छ ।वडा नं. १९ शैक्षिक सुधार अन्तर्गत सार्वजनिक माध्यमिक विद्यालयको इन्टरब्लक कार्यको लागि रू.२०९२६२.९३ को लागत अनुमान तयार गरी सम्झौता गरेकोमा कार्यसम्पन्न प्रतिवेदन बमोजिम रू.१६८१५६.१६ को मात्र कार्य गरेको देखिन्छ । लागत अनुमान भन्दा १९ प्रतिशत कम काम हुँदा समेत लागत अनुमान संसोधन नगरी रकम भुक्तानी भएको देखियो । के कति कारणले पुरै कार्य नहुदै रकम भुक्तानी गरेको हो कुनै टिप्पणी स्वीकृत गरेको देखिएन। यसरी सम्झौता अवधि भित्र भएको अधुरो कार्यलाई नै स्वीकार गरी रकम भुक्तानी गर्ने कार्यलाई नियमसम्मत मान्न सकिएन । साथै योजना जानकारी बोर्ड नराखी रू.४०००।– भुक्तानी गरेको देखिएकोले सो रकम सम्वन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,००० |

१४३.३ **सम्पत्तिको अभिलेखीकरण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ को उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने र नियम ९५(२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्ने उल्लेख छ। वडाले वडास्तरीय बजेटबाट खरिद गरिएका कुनै पनि जिन्सी सामाग्री सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेखिकरण गरेको देखिएन । वडासँग गत आ.ब.मा खरिद भएका सामाग्रीको रेकर्ड माग गर्दा २०८२ भाद्र २४ गतेको तोडफोड र आगजनीबाट नष्ट भएको जनाएको छ । अत आ.ब.२०८०/८१ मा खरिद गरेको सामाग्री सहित वडाले खरिद गरेका जिन्सी सामाग्री व्यवस्थापनको लागि अनिवार्य पाम्सको प्रयोग गर्नुपर्दछ ।

१४३.४ **अधुरो योजना** – दिनाभद्री मन्दिर निर्माणका लागि आ.ब.२०८०/०८१ को लागि रू.२२९९४७.५३ को लागत अनुमान तयार गरी दिनाभद्रि मन्दिर निर्माण उपभोक्ता समितिसँग सोहि रकममा सम्झौता गरेको देखिन्छ ।भुक्तानी बाँकी रहेकोले आ.ब.२०८१/८२ मा सो रकम भुक्तानी भएको देखियो। जसमा पिसिसि/आरसिसि र ग्राउण्ड लेभलसम्म ईटाँको जोडाइ भएको देखिएकोमा सो पश्चात यस आ.ब.मा सो अधुरो कार्यको लागि बजेट विनीयोजन भएको देखिएन । यसरी निर्माण कार्य आंशिक गरी छोड्नाले भएको निर्माण कार्यसमेत गुणस्तरहिन हुने देखिदा लागत अनुमान तयार गर्दा सम्पन्न गर्ने गरी कार्य गराउनेतर्फ वडाकार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

१४३.५ **सडक बत्ती**- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा लागत अनुमान सम्बन्धि व्यवस्था रहेको छ । वडाले वडाका विभिन्न सडकमा रहेका सडक बत्तीको व्यवस्थापनको लागि भनी पूर्वाञ्चल इनर्जी सप्लायर्सबाट रू.४९७७५५ मा निम्न सामाग्री खरिद गरेकोमा सो सामाग्री प्रयोग गरेको विवरण पेश हुन सकेन । वडाले उक्त सडक बत्ती प्रयोग भएको विवरण पेश गर्नुपर्ने देखिएको रु.

| गौ.भौ. | विवरण | सामाग्री | परिमाण | दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १६-२०८१।११।९ | सडकबत्ती समेत | २०वाट एलइडी लाइट | ७३७ थान | २४९.५ | २९९१०५ |
| | | होल्डर | ४५० थान | ३८.५ | |
| | | १.५ एम एम तार | १५ क्वाइल | २७८७.६१ | |
| | | ०२ आल्मुनियम तार | ५०० मिटर | ३५.०५ | |
| ४२-२०८२।३।२३ | सडक बत्ती | २०वाट एलइडी लाइट | ५०० थान | २४९.५ | १९८६५० |
| | | डि आइरन सेट | १५ सेट | २७७.७ | |
| | | होल्डर सेट | ४५० थान | ३६.३७ | |
| | | १ एम एम मल्टिस्टेण्ड तार | ५ रोल | १६३७.१ | |
| | | ०२ एसर कन्डिसनर तार | ५०० मिटर | ३४.५१ | |
| | | हिमस्टार सिलिङ्ग फ्यान | २ थान | २३२२ | |
| जम्मा | | | | | ४९७७५५ |

| प्रमाण पेश नगरेको | ४,९७,७५५ |
|---|---|

१४३.६ **फलैँचा खरिद कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले खरिद गर्दा त्यसको आवश्यकता, परिमाण र समय अवधि खुलाई खरिद योजना तयार गर्नुपर्छ। वडाले रेडिमेड कन्क्रिट फलैचा खरिद वापत इको फेव स्कट्रचरलाई २७ थान फलैचा प्रति गोटा रु.७६६१.४ का दरले रू.१९९१९६ भुक्तानी भएको देखिन्छ । स्पेशिफिकेशनमा एम २०, तौल २५५ देखि २६५ के.जी लगायत हुनुपर्ने भनी उल्लेख गरेकोमा खरिद पश्चात सो भए नभएको प्राविधक प्रतिवेदन संलग्न भएको देखिएन । अत आवश्यकताको आधारमा वडा कार्यालयमा प्राप्त भएका निवेदन बमोजिम तोकिए बमोजिम गुणस्तर रहे नरहेको यकिन गरी खर्च लेख्नेतर्फ वडा कार्यालयले ध्यान दिनुपर्दछ ।

१४३.७ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको निर्माण बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। वडा नं. १९ धिनाघाट बिराटचौक सडकबाट स्टेडियम गेटसम्मको बाटो ग्राभल कार्यको लागि रू.९३११९२७ को लागत अनुमान तयार गरी ग्राभेल उपभोक्ता समितिसँग सम्झौता गरी रू.७७१८६७ भुक्तानी गरेको देखिन्छ । महानगरपालिकाको आ.ब.२०८१।८२ को नीति तथा कार्यक्रममा ग्राभेलकार्यमा उपभोक्ता समितिको लागत सहभागिता २० प्रतिशत हुने उल्लेख गरेकोमा नापी किताब बमोजिम कुल रू.९३१८६७.२३ को कार्य भएकोमा उपभोक्ता समितिको लागत सहभागिता कट्टा गरी रू. ७४५४९३.६० मात्र भुक्तानी गर्नुपर्नेमा रू.२६३७४ बढी भुक्तानी भएको देखिएकोले सो रकम सम्वन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रू.

| असुल गर्नुपर्ने | २६,३७४ |
|---|---|

१४४ **कार्यस्वीकार प्रतिवेदन** –

वडा नं. १७ को मदर्शा असरफिया छात्रावास निर्माणको लागि रू.२७१७९२५.९६ को लागत अनुमान तयार गरी मिति २०८०।१२। १२ गते सूचना प्रकाशन गरेकोमा सबै भन्दा कम कबोल गर्ने एम.के कन्सट्रक्सन प्रा.लि.सँग मिति २०८१।१।६ मा मिति २०८१।३। १५ भित्र सम्पन्न गर्ने गरी रू.१७९५१७४.४ मा सम्झौता भएकोमा मिति २०८१।६।३० गते सम्मको लागि म्याद थप भएको छ । म्याद

थप भएतापनि अन्तिम बिल भुक्तानीको लागि मिति २०८१।३।१४ मा निवेदन पेश भई रू.१०५७८५७ भुक्तानी भएको छ । यसरी म्याद भित्र कार्यसम्पन्न गर्दा समेत पुन म्याद थप भएको पाइयो । संलग्न ल्याव टेष्ट रिपोर्टमा M20 कार्यको २८ दिनको ल्याव टेष्ट संलग्न गरिएको छैन भने लागत अनुमान तयार गर्दा RCC Work को काम १०२.८४ घनमिटर गर्ने भनिएकोमा नापी किताबमा २९.७५ घनमिटरमात्र भएको देखियो । वडाले यसरी फरक पर्नुको कारण लागत अनुमान तयार गर्दा १६*१६ कोलमको साइज को हिसाव ९*०.४०*०.४० हुनुपर्नेमा ९*१.३३*१.३३ हुन गएकोले फरक पर्न गएको भनी उल्लेख गरेको देखिन्छ । लागत अनुमान भन्दा ७१.०८ प्रतिशत परिमाण फरक परेको र लागत मुल्यमा समेत ४४.८० प्रतिशतले हुने रू.७३७३१७.४ फरक परेकोमा भेरिएसन गरेरमात्र भुक्तानी गर्नुपर्नेमा सो नगरी भुक्तानी गरेको देखियो । ground level सम्म कार्य भई निर्माण कार्य समेत अधुरो रहेको देखिन्छ । यसरी लागत अनुमानमा तोकिएको परिमाण र रकममा फरक परेको समग्र प्रगति ५८.९२ प्रतिशत मात्र हुदा समेत कार्यसम्पन्न दिएको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ७,३७,३१७ |

१४५ **आन्तरिक लेखापरीक्षणबाट कायम भएका बेरुजु-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ (१) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याईएको कैफियत सम्वन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक अवधि भित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्नु पर्ने भए नियमित गराई बेरुजु फस्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियतहरु अन्तिम लेखापरीक्षणको अवधि सम्म फस्र्यौट नगरेका मुख्य बेहोराहरु देहाय वमोजिम रहेका छन:

१४५.१ **सिप विकास तालिम (पालिका तर्फ)-** सिप विकास तालिम कार्यक्रममा सोझै संस्था तोकी कार्यक्रम तय भएको र तालिम गोष्ठीमा उपलब्ध हुने सेवा सुविधा र खर्च सम्बन्धी कार्यविधि २०७६ भन्दा फरक पारी बढी भुक्तानी भएको असुल गर्नु पर्ने रु

| भौ.नं. | विवरण | भएको | हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|
| १५८२ | संयोजक भत्ता<br>खर्च शिर्षकः लगानी सम्मेलन<br>भुक्तानीः EXPERT TECHNICAL COLLEGE NEPAL PVT.LTD | १५००० | ५१०० | ९९०० |
| १५९७ | संयोजक भत्ता<br>खर्च शिर्षकः युवाका लागि शिक्षक सेवा तथा लोक सेवा तयारी कक्षा सञ्चाल<br>भुक्तानीः MECHI POLYTECHNICAL INSTITUTE PVT LTD | ३०००० | ८१०० | २१९०० |
| १५९८ | संयोजक भत्ता र सहयोगी<br>खर्च शिर्षकः नयाँ नेपाल, सीपमूलक तालिम<br>भुक्तानीः NAYA NEPAL | ८००० | ६५०० | १५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,३०० |

१४५.२(१३८४-2082-01-25):

**एकल महिला जिविकोपार्जन कार्यक्रम (पालिका तर्फ)-** एकल महिला जिविकोपार्जनका लागी सिप मुलक क्रिस्टलको माला बनाउने तालिम गर्ने भनि न्यू पाथिभरा व्याग उद्योगसँग रु. ४४९०६२। को सम्झौता भएकोमा उक्त कार्य सम्पन्न गरी भुक्तानी गर्दा विल रु. ४४१४११। पेश भएको तर भुक्तानी रु४४९०००। भएकोले विल भरपाइ भन्दा बढी भुक्तानी भएको रु ७५८९। अशुल गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | ७,५८९ |
|---|---|

१४५.३ (१२९७-2082-01-10):

**तिज कार्यक्रम (पालिका तर्फ)-** तिज विशेष कार्यक्रमको खर्च भुक्तानी कञ्चनजंघा पाटि प्यालेसलाइ गर्दा, १४ जनाको उपस्थिति नरहेको / उक्त पार्टि प्यालेसले रु१२००। को दरले खाना खुवाउने भनेकोमा रु१२५०। का दरले विल पेश भइ भुक्तानी भएको देखिएको ले १४ जनाको रु१२००। का दरले र ४३६ जनाको रु ५०। का दरले हुने बढी भुक्तानी रु३७९९३। अशुल हुनु पर्ने रु.

| असुल गर्नुपर्ने | ३७,३३९ |
|---|---|

१४५.४ (९९-2081-10-29):

**भ्रमण भत्ता (पालिका तर्फ)-** वृत्ती मार्ग निर्देशन MOTO को कार्यक्रममा सहभागी हुन पोखरिया माविका शिक्षक उत्तम कुमार श्रेष्ठलाइ ६ दिनको दैनिक भ्रमण भत्ता वापतको रकम भुक्तानी गरीएको तर उक्त संस्थालेको पत्रमा खाना खाजा र वास उपलव्ध गराउने भनीएकोमा यातायात वापतको मात्र रकम भुक्तानी गर्नु पर्नेमा पुरै भुक्तानी भएकोले DA बापतको बढी भुक्तानी भएको रकम रु. ६६०० अशुल गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | ६,६०० |
|---|---|

१४५.५ **अनुगमन भत्ता (पालिका तर्फ)-** डेंङ्गु लगाएतका किट जन्य रोग हरुको नियन्त्रण र अभिमुखिकरण कार्यक्रमको कार्यक्रमको संचालन सम्बन्धी कार्यविधिमा सरोकार वालालाइ खाजाको व्यवस्था गर्न सकिने तर सो अभियानमा भत्ता लगाएतमा खर्च गर्न नपाइने व्यवस्था रहेकोमा यस कार्यक्रमममा अनुगमन गरेको भनि रविन्द्र कुमार यादवलाई रु. १९००० समेतको खर्च लेखिएको बढी भुक्तानी भएको असुल गर्नु पर्ने रू.

| असुल गर्नुपर्ने | १९,००० |
|---|---|

१४५.६ **ढुवानी कर (पालिका तर्फ)-** आय कर ऐन २०५८ को दफा ८८ (१) को (८) मा ढुवानी सेवामा बापतको भुक्तानी रकममा २.५ प्रतिशत कर लाग्ने र सोहि ऐनको दफा ९२ (१) अन्तिम रुपमा कर कट्टि हुने भुक्तानी मानेको छ ।ढुवानी सेवामा दर्ता भएका व्यवसायीको विलबाट २.५ प्रतिशले ढुवानी कर कट्टा गर्नु पर्नेमा १.५ प्रतिश मात्र TDS कट्टा गरी भुक्तानी गरीएकोले थप १ प्रतिशले हुने तपशिल बमोजिमका ढुवानी कर अशुल हुनु पर्ने रु.

| भौ. नं. | ढुवानी सेवा/ विवरण | रकम रु |
|---|---|---|
| २९९ | बोहोरा निर्माण ढुवानि सेवाको विलमा | ११४० |
| ३६५ | प्रतिक ढुवानी सेवाको विलमा | २४८१ |
| ३६३ | दाहाल ढुवानी सेवा विलमा | ४२२१ |
| ४७७ | न्यू गडेरी ढुवानी सेवा | २६४९ |
| ४९९ | सौगात ढुवानी सेवा | ३३८५ |

| असुल गर्नुपर्ने | १३,८७६ |
|---|---|

१४५.७ (६४५-2082-03-25):

**डोर हाजिरी (पालिका तर्फ)-** मनोज अधिकारीको घर जानेबाटो रिटेनिङ बाटोमा ढलाइ लगाएतका कार्य उ.स. ले गरेबापत डोर हाजिरिमा कामदारले रकम बुझेको हस्तक्षर नभएको रु ९८७००। प्रमाण पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९८,७०० |

१४५.८ (८-2081-07-14):

**पि.एस. आइटमको भुक्तानी (वडा नं १):** भुक्तानी दिन वाँकी बाट गोविन्द निर्माण सेवालाइ सूचना बोर्डको रु ३५०० र ल्याव टेस्टको रु२९००० थरी जम्मा रू. 32500 को बिल श्रेष्तामा नदेखिएकोले बिल पेश हुनु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,५०० |

१४५.९ **भ्याट समायोजन (वडा नं १):** मु.अ.क. नियमावली २०५३ को नियम ६ (ग) मा कार्यालयले मालसामन आपुर्ति कर्ताबाट आपुर्ति गरी निजलाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबनट सम्बन्धित शिर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र निजलाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले फलैँचा खरिद बापत इको फेव स्ट्रक्चरलाई भुक्तानी गर्दा भ्याट रकमको ३० प्रतिशतले हुन आउने रकम कट्टा गरी भुक्तानी गर्नु पर्नेमा सो समेत भुक्तानी गरेकोले उक्त संस्थाले भ्याट समायोजन पत्र पेश गर्नु पर्ने रू.

| भौ.नं. | विवरण | भ्याट रकम |
|---|---|---|
| ७ | ग्रिन कन्ट्रक्सन नेपाल प्रा.ली. | ५७२०५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५७,२०५ |

१४५.१० **ढुवानी कर (वडा नं १)** आय कर ऐन २०५८ को दफा ८८ (१) को (८) मा ढुवानी सेवामा बापतको भुक्तानी रकममा २.५ प्रतिशत कर लाग्ने र सोहि ऐनको दफा ९२ (१) अन्तिम रुपमा कर कट्टि हुने भुक्तानी मानेको छ ।ढुवानी सेवामा दर्ता भएका व्यवसायीको विलबाट २.५ प्रतिशले ढुवानी कर कट्टा गर्नु पर्नेमा १.५ प्रतिश मात्र TDS कट्टा गरी भुक्तानी गरीएकोले थप १ प्रतिशले हुने तपशिल बमोजिमका ढुवानी कर अशुल हुनु रु.

| भौ. नं. | ढुवानी सेवा/ विवरण | रकम रु |
|---|---|---|
| ३ | ओम ढुवानी सेवा | २०७० |
| ३० | संसारीमाइ सिद्धेश्वर शिवालय मन्दिर | ६५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७२० |

१४५.११ **सिप विकास तालिम (वडा नं २):** दलित तथा विपन्न महिला लक्षित सिप विकास तालिम कार्यक्रम लालिगुँरास मल्टि ट्क्निकल प्रा.ली. सँग सम्झौता भइ रु २९७००००। भुक्तानी भएकोमा सहभागि छनौटको आधार देखिदैन । दलित महिला लक्षित कार्यक्रममा पुरुष तथा दलित बाहेकका मानिसहरु पनि सहभागि देखियो । कार्यक्रमको स्पस्ट आधार, मापडण्ड नहुँदा कार्यक्रमले लिएको उदेश्य दलित विपन्न वर्गका महिला सम्म पुग्न सकेको देखिएन । यस्ता कार्यक्रमहरुलाई लक्षित वर्ग सम्म पूर्याउन कार्यालयले ध्यान दिनु पर्दछ ।

१४५.१२ (५४-2081-12-15):

**लइमा भन्दा बढी भुक्तानी (वडा नं ३):**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **९,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१४५.१३

**बढी परिमाणको भुक्तानी (वडा नं ३):** सिर्जनशिल मार्ग मोर्डन एरा स्कुल पुर्व रिटेनिङवाल निर्माण बापतको रकम उपभोक्ता समितिलाइ भुक्तानी गर्दा प्राविधिकले तयार गरेको परिमाण सुचिमा भन्दा उ.स. पेश गरेको विलमा बढि देखिएको २० बोरा सिमेन्ट रु६६५। का दरले बढी भुक्तानी भएको देखिएको अशुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,०२९ |

१४५.१४(७९-2082-01-27):

**दाखिला प्रतिवेदन (वडा नं ३):** श्री सम्राट स्पोर्टीङ क्लव शिर्षकबाट तपशिलका सामार्गी खरिद गरी दाखिला गरेको नदेखिएको दाखीला प्रतिवेदन पेश हुनु पर्ने रु.

| |
|---|
| जर्सि २० सेट |
| ट्याक सुट २० सेट |
| फुटबल बुट २० सेट |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,११८ |

१४५.१५(६०-2082-03-23):

**फुटवल खरिद (वडा नं ४):** युवा वालवालिका तथा खेलकुद कार्यक्रम खर्च शिर्षकबाट १५ थान फुट्वल खरिद गरी दाखिला गरीएको देखियो तर वितरण गरेको नदेखिएकोले उक्त फूटबल सम्बन्धित व्यत्तिमा वितरण गरी वितरण भरपाइ पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९३,७९७ |

१४५.१६(५०-2082-02-18):

